गणेशकवि

# श्यामदास वैष्णव



नरेन्द्रराज प्रसाई

# गणेशकवि श्यामदास वैष्णव

(जीवनी)

गणेशकवि

# श्यामदास वैष्णव

नरेन्द्रराज प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १८४
मोल : तीन सय रुपियाँ
प्रथम संस्करण : २०८१ (2024)
© सुरक्षित, २०८१ साल (2024)

---

ISBN : 978-9937-786-19-5
A Biography of Shyam Das Baisnav by Narendra Raj Prasai

मन्दिरले मान्छेलाई–
डाकेको त कहाँ हो र ?
मान्छेले नै महत्त्व बढाउनको लागि
मन्दिरलाई सम्मान गरेको हो ।

फूलबारीका फूलहरूले
मान्छेलाई बोलाएको त कहाँ हो र ?
मान्छेले नै उपयोगिताको लागि
फूललाई महत्त्व दिएको हो ।

हिमालहरूले मान्छेलाई
चढ्नु भनेको त कहाँ हो र ?
सचेत मान्छेहरूले नै
हिमालको उच्चता नापेको हो ।

यस कारण–
कुनै पनि कुराको महत्त्व
सचेतहरूले नै बढाउँछन् ।
गुण, दुर्गुणको पारख
यिनले नै गर्छन्, गराउँछन् ।

• **श्यामदास वैष्णव**
२०६६ चैत २९

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ प्रकाशन'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । यो संस्था केवल 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ ।

नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गरी तिनीहरूको अर्चना गर्न नइ प्रकाशन सदैव अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको दस लाख प्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजार प्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ। नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा धातु (क्युप्रोनिकेल) को सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ प्रकाशन नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाई जीवनीलेखनमा चर्चित नाउँ हो। प्रसाईबाट प्रशस्त फुटकर जीवनी र सिङ्गासिङ्गै जीवनीका कृतिहरू प्रकाशित भइसकेका छन् । प्रसाईले आफ्नो साहित्यिक यात्रालाई पनि जीवनीमा नै केन्द्रित गरेको पाइन्छ। यति हुँदाहुँदै पनि प्रसाईको विविध क्षेत्रमा साहित्यिक हस्ताक्षर भने स्थापित भइसकेको छ । नेपाली भाषासाहित्यका विविध विधामा सिर्जना गर्नु र वाङ्मयका संस्थाको स्थापना गरी तिनलाई सग्लो पारामा डोऱ्याएर लानु प्रसाईको अर्को परिचय पनि हो ।

राष्ट्रका उल्लेखनीय व्यक्तित्वहरूलाई आफ्नो लेखनीबाट समेत सम्मान गर्ने नरेन्द्रराज प्रसाईको विशेष रुचि देखिन्छ । त्यसै सिलसिलाको शृङ्खलामा अर्को टाकुरो 'गणेशकवि श्यामदास वैष्णव'लाई देख्न पाइन्छ । नेपाली भाषासाहित्यका फाँटमा अत्यन्तै मर्यादित, सफल र उपकारी वैष्णवको जीवनी पठनीय र सङ्ग्रहणीय मात्र नभएर प्रेरक पनि छ भन्ने हामीलाई लागेको छ ।

'गणेशकवि श्यामदास वैष्णव'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची


- **इन्दिरा प्रसाई (भूमिका)**
  श्याम दाइ, न र इ अनि नइगृह • ११
- **गणेशकवि श्यामदास वैष्णव (लेखकीय)** • २७

  श्यामदास वैष्णवको जन्म र पूर्वकथा • ३३
  श्यामदास वैष्णवको साहित्यिक यात्रा • ४०
  श्यामदास वैष्णवको नाटकमा प्रवेश • ५१
  श्यामदास वैष्णवको आर्थिक अवस्था • ५७
  श्यामदास वैष्णवका कृति र पुरस्कार • ६४
  श्यामदास वैष्णवको बालकृष्ण समसँग सम्पर्क • ६८
  श्यामदास वैष्णव र देवकोटाको अन्तरसम्बन्ध • ७३
  श्यामदास वैष्णवलाई देवकोटाको चिनो • ८७
  श्यामदास वैष्णव र पारिजातको हेलमेल • ९६
  श्यामदास वैष्णवप्रति उत्तम कुँवरको ज्योति • १०२
  श्यामदास वैष्णव र वानीरा गिरीको भेट • ११६
  श्यामदास वैष्णवको जीवनको अन्त्य • १२१
- **लेखक परिचय** • १२६

# श्याम दाइ, न र इ अनि नइगृह

**इन्दिरा प्रसाई**

आखिर सत्य साबित भएरै छोडचो, अर्थात् खाने मुखलाई जुँगाले छेकेन नै ! मेरा गुरुदेव नरेन्द्रराज प्रसाईले आफ्नो बुताले भ्याएसम्म लागिपरेर श्याम दाइको जीवनी प्रस्तुत गरिछाडे ।

'श्याम दाइ ! खोइ आज पनि मेरा प्रश्नहरूको उत्तर ल्याउनु भएन ?' भन्नै एक दशकअघि अर्थात् जुन बेला श्याम दाइ दैनिकै जसो नइगृह आउँथे । त्यति बेला हरेक दिन यही प्रश्न सोधेर नरेन्द्र आफू त हैरान हुन्थे नै ! तर श्याम दाइ पनि भिजै मान्थे, अनि हामी स्रोता बन्नेहरूलाई पनि एउटै खाले प्रश्न र उस्तै उत्तर सुन्दासुन्दा हैरानै हुने गर्थ्यौं । तर श्याम दाइले टेर्दै टेरेनन् । उनले हिँड्न सकुन्जेल नइगृहमा दैनिक आइरहन पनि छोडेनन् । नरेन्द्रको प्रश्नको जबाफमा उनले सधैँ नै 'लेखौँला नि ! लेखिहाल्छु नि !' भनिरहन पनि छोडेनन् । 'तपाईंको जीवनीको सिङ्गो किताप लेख्छु ।' नरेन्द्रले श्याम दाइलाई आकर्षित पार्नका लागि भन्थे । तर श्याम दाइ भने उही फिस्स हाँसोरूपी थेत्तरो जबाफ कहिले दिन्थे र कहिले जबाफ नै हावासँग आफैँ खोज्न थाल्थे ।

**मस्ताना थिए श्याम दाइ !**
**आफ्नो इच्छाका सम्राट् थिए श्याम दाइ !**

मलाई श्याम दाइको त्यही मस्तानापनसँग धूमधाम प्रेम थियो । कुनै किसिमको छक्कापन्जाको छाया पनि नभएका, कहाँ र कता नै

पुगौँ भन्ने महत्त्वाकाङ्क्षारहित, न त धेरै खुसीले उन्मत्त, न त कुनै अवसादले ग्रस्त, समभावले अभिप्रेरित, असहाय, पीडित, अपहेलित र सीमान्तकृतहरूप्रति अत्यन्त संवेदनशील श्याम दाइको व्यक्तित्व थियो ।

हाम्रो देशमा अचानक ठूलो भुइँचालो आयो । २०७२ सालको उक्त भुइँचालोले नेपालमा निकै धनजनको क्षति त भएकै हो । त्यसै क्षतिमध्ये नइ र श्याम दाइबीचमा पनि एउटा महत्त्वपूर्ण क्षति भयो । त्यो क्षति हो, श्याम दाइको नइगृहमा हुने आवागमन बन्द भयो । भुइँचालोले श्याम दाइको घरअघिल्तिरको सडक पनि लथालिङ्ग भएको थियो । भत्केको त्यस सडकमा हामी श्याम दाइभन्दा तन्नेरी तरुणी त हम्मेहम्मे भएर हिँड्न सक्थ्यौँ । उनका लागि भने हिँडन सम्भवै थिएन । त्यसैले श्याम दाइलाई घरमै नजरबन्द गराउन भुइँचालो कारक भइदियो ।

रगरग हिँड्ने श्याम दाइ त्यसपछि क्रमशः क्रमशः ओक्राउन थाले, उनमा मानसिक विचलन सुरु हुन थाल्यो, थला पर्ने अवस्था आयो, अन्ततः थलै परे र अन्तमा अनन्तका अन्तहीन कुरा गरेर नथाक्ने श्याम दाइ अनन्तमै बिलाए ।

नइ परिवारकै सदस्यजस्ता श्याम दाइको भौतिकी बिलाए पनि हामी नइपरिवार र हामी नइबीच श्याम दाइका बारेमा चर्चा चलिरहने गर्नु पनि अनौठो थिएन । प्रेमिल सम्बन्ध मानिसले हत्तपत्त बिर्सिन पनि त सक्तैन । हाम्रो जीवनको विविध पाटोमा विविध रूपले हामीसँग गाँसिएका श्याम दाइ हाम्रा लागि अविस्मरणीय व्यक्तित्व हुन् नै !

'मेरा प्रश्नहरूको उत्तर कैयौँ पटक माग्दा पनि दिनु भएन श्याम दाइले, अब मैले के गर्ने र ? श्याम दाइको जीवनी लेख्ने मेरो धोको नपुग्ने भयो ।' श्याम दाइ थला परेको अवस्था हेरेर आएदेखि नै नरेन्द्रको यही गुनासो नइगृहमा गुन्जिरहने गर्थ्यो । अनि यसैबीच श्याम दाइका पुत्र प्रदीप र पुत्री इन्दुले श्याम दाइको शतवार्षिकीका

कुरा गरे, श्याम दाइबारेको पुस्तक निकाल्ने कुरासमेत आदि इत्यादिको दुखेसोसमेत पोख्न थाले ।

सारसौँदो श्याम दाइलाई उति बेला नरेन्द्रले 'श्याम दाइ लेख्छु' भनेर सुरिँदा श्याम दाइ पटक्कै चटपटाएनन् । उस बेला श्याम दाइ भने हातले समातिसकेको माछा चिप्लेर पुन: पोखरीमै खसेजस्तै भएर भाग्थे । त्यसैले त श्याम दाइको भौतिकी हुँदै नरेन्द्रले लेख्न चाहेको श्याम दाइको जीवनकथा लेख्न सकेका थिएनन् ।

'भनेजस्तो तथ्याङ्क पनि नपाइएला, अब के लेख्नु श्याम दाइ ?' श्याम दाइको धरामा उपस्थिति नभएपछि झिजिने पालो अब नरेन्द्रको थियो ।

हुन त मानिस र ब्रह्माण्ड उस्तै हो ! ब्रह्माण्डको पार पाउन नसकिएझैँ; लेख्छु भनेर कसरी समग्र मानिस लेख्ने र ? अझ श्याम दाइ ? लेखेर लेखिनसक्नु ! बुझेर बुझिनसक्नु ! दर्शनको पोको ! जति खुल्यो अझै भित्र खुल्दै जाने ! घण्टौँ उनीसँग कुरा गरेर बस्ता उत्साह र उमङ्गले भरिपूर्ण हुन पाइने, तर के हो त श्याम दाइ भनेर पार नपाइने ! उनीसँग केके कुरा गरेँ भनेर सम्झँदा हातमा केही नलागेजस्तो हुने । तर तिनै उनका वाणीहरूको रमरम सम्झँदा अपार आनन्द आउने ! नीलो आकाश हेरेर रमाएजस्तो, अथाह समुद्रको पार खोज्नुको मज्जाजस्तो, चराचुरुङ्गीको आवाजको झङ्कारजस्तो ! श्याम दाइसँगको कुराकानीका बेला म यस्तै केही महसुस गर्थें ।

मलाई त झन्नैझन्नै शङ्कर लामिछानेको 'एब्स्ट्र्याक्ट चिन्तन प्याज'जस्तै लाग्थ्यो समग्र श्याम दाइ ! यी सबै तपसिलका कुरा भए र यी पार नलाग्ने आकासे कुरा पनि हुन् ।

वास्तविक धरातलीय यथार्थ भनेको नरेन्द्रको दृढ इच्छाशक्तिले काम गरिछाडचो । श्याम दाइको जीवनकालमा हुन नसकेको काम आखिर सम्पन्न भइछाडचो ।

श्याम दाइको शताब्दी वर्षमा नरेन्द्रले लेखिछाडे– 'गणेशकवि श्यामदास वैष्णव !' सायद तत्त्वज्ञानी श्याम दाइलाई विधिको यो विधानको पूर्वाभास थियो कि भन्ने पनि मलाई लाग्दछ ।

अनि अर्को कुरा, जहिल्यै अर्केका लागि प्रेरणाको खेती गर्ने श्याम दाइमा आफ्ना लागि केही गर्न नखोज्ने प्रवृत्ति पनि थियो । मैमत्तेपन र साहित्यिक समूहबाजीजस्ता कुराहरूलाई श्याम दाइ घृणा नै गर्थे । 'साहित्यले त सबैलाई एकै ठाउँ राख्ने हो, तर हाम्रामा त साहित्यकारहरू समूहसमूहमा विभाजित छन्, यस्तो गर्दा त साहित्यको उद्देश्य नै पूरा हुँदैन ।' श्याम दाइ साहित्यको बजार हेरेर खिन्न हुँदै यस्तै कुरा गर्थे ।

श्याम दाइ निरपेक्ष साधक भएकाले व्यक्तिगत प्रचारप्रसारसँग कुनै सम्बन्ध राख्तैन थिए । चाकरी उनको नीतिमा थिएन । त्यसैले अरू काम गर्न सहजै मान्ने श्याम दाइले आफ्नो जीवनीका सन्दर्भमा रुचि र चासो नै नराखेकै हो जस्तो मलाई लाग्छ ।

'म त फूलमा पनि रमाइदिन्छु, पातमा पनि र काँढामा पनि रमाइदिन्छु । जिन्दगीको कुनै पनि समय रमाएर बिताउनुपर्छ । जीवनमा उदासी अपनाउनुको केही अर्थ छैन इन्दिरा !' श्याम दाइले मेरो उदासी हटाउने क्रममा कुनै बेला मलाई भनेका थिए । व्यक्तिगत पीडामा थिलथिलिएको उक्त समयमा त उनका अमर वाणी पनि मेरो चेतनाले खासै उपयोगी नमानेर होला मैले ग्रहण गर्न सकेकी थिइनँ । तर जीवनको उत्तरार्धतिर पाइला चाल्दै गरेकी मलाई अहिले भने श्याम दाइको उक्त वाणी सहज जीवनयापनको साँचोझैँ लागेको छ ।

तर 'कालान्तरमा नरेन्द्रले नै जसोतसो गरेर नै भए पनि मेरो जीवनी लेख्छन्' भन्ने पनि श्याम दाइलाई थाहा भएको हुनुपर्छ भन्ने मलाई अहिले लागेको छ । किनभने श्याम दाइ र

नरेन्द्रको रक्तसम्बन्ध नहुँदा पनि थप गाढा सम्बन्ध थियो । पितृप्रेमबाट वञ्चित नरेन्द्रले श्याम दाइबाट पिताकै स्नेह पाउँथे कि ? पुरुष भएर पनि स्त्रीजन्य संवेदना घनीभूत भएका नरेन्द्र श्याम दाइप्रति अति संवेदनशील थिए । बालकले पितासँग पुलपुलिएझैँ भएर श्याम दाइसँग जिस्किन पनि नरेन्द्र पुग्थे, फेरि कर्तव्यनिष्ठ पुत्रको भूमिकामा श्याम दाइप्रति आफ्ना सामर्थ्यले भ्याएसम्मको जिम्मेवारी पालनमा पनि लागेका हुन्थे । श्याम दाइ पनि नरेन्द्रको पुरुषार्थीपनको बयान गर्न पछि नपर्ने तर चित्त नबुझेका कुरा पनि अगाडि नै भनिदिने गर्थे ।

'मेरो जीवनी नरेन्द्रले नै लेख्नुपर्छ'– पितृलोकबाट सायद श्याम दाइले नै आदेश दिएको हुनुपर्छ । हामी परिवारैसँग अनन्य भएका श्याम दाइको जीवनी नलेख्ता पनि मलाई चैन छैन, तर श्याम दाइले तथ्याङ्क केही दिनु भएन, अब लेख्न सक्तिनँ श्याम दाइ' भनेर कलम बन्द गरेका नरेन्द्रका लागि लेखनको तारतम्य सबै मिलेर फटाफट श्याम दाइ लेखिएको देख्ता यस्ता विचार पनि मेरा मानसमा आउने गर्छ । तर यस्ता विचारको सत्यतथ्य नाप्ने, जोख्ने वा प्रामाणिक पार्ने विधि पत्ता लाउने यन्त्र अझैसम्म मानिसले निर्माण गरेको पनि छैन । तर श्याम दाइसँगको लामो र अन्तरङ्ग सम्बन्धमा गाँसिएकाले म पनि यस्तै निरर्थकझैँ लाग्ने कल्पना गरिदिन्छु । पार्श्वमा श्याम दाइलाई साथै भएको सम्झेर एक पटक श्याम दाइझैँ म पनि फिस्स हाँसो हाँसिदिन्छु ।

हुन त नरेन्द्रलाई जीवनी लेख्ने जिम्मेवारी नै दिएर विधाताले यस धरामा पठाएको हुनुपर्छ भन्ने मेरो मान्यता छ । जीवनीलेखनमा सिद्धहस्त भइसकेका नरेन्द्रले फुटकर रूपमा कति व्यक्तिको जीवनी लेखिसके भन्ने तथ्याङ्क पनि उनले नै बिनालिखत थाहा नपाउने भइसकेका छन् । उनले लेखेका मध्ये कति जनाको नाउँ त उनैले पनि सम्झन नसकेको तथ्यको साक्षी मैले नै हुनुपरेको पनि छ ।

अहिलेका कतिपय युटचुबहरूले नरेन्द्रले लेखेकै जीवनीहरू वाचन गरेर त्यसैलाई पेसा बनाएको पनि देखियो । तर ती बराहरूले लेखकको नाउँसमेत उचारण गर्दैनन् । कतिपयले नरेन्द्रकै फुटकर जीवनी सारेर आफैँ लेखक बनेको पनि देखियो । जगदीशशमशेर राणाजस्ता प्रतिष्ठित ठानिएका स्रष्टाले नै समेत 'नारीचुली' चोरेर आफ्नै नाउँमा अङ्ग्रेजी संस्करण प्रकाशनमा ल्याएका थिए भने अरू भारेभुरेलाई के भन्नु !

भैगो के गर्नु विकृत वातावरणका विविध विकृतिका कुरा पनि र ! यति बेला नरेन्द्रको अर्को गौरवी पुस्तक 'गणेशकवि श्यामदास वैष्णव'को पाण्डुलिपिमा श्याम दाइ फिस्स हाँसेको अनुभूतिमा म पनि उसै गरी फिस्स हाँसेकी छु ।

•

अबचाहिँ म पनि उनै लेखेर लेख्न नसकिने, बुझेर बुझ्नै नसकिने श्याम दाइ लेख्ने प्रयत्नमा छु । मानिसको जातै यस्तै हो, जुन काम गर्न नसकिने हुन्छ, त्यही गर्न खोज्छ । सफल हुन्छ हुँदैन ? उसलाई थाहै हुँदैन । मैले गरेँ भनेर रमाउँछ । त्यही रमाउने उपक्रममा म पनि लागेकी छु । बालकको चकचके बानीजस्तै म पनि आकाश छुने रहर गर्दै छु ।

मसँग बाँचेका श्याम दाइलाई म यसरी प्रस्तुत गर्दै छु–

पं.श्यामदास वैष्णव मेरा लागि मात्र होइन, उनलाई चिन्ने, जान्ने र उनीसँग सङ्गत गर्ने सबैका लागि 'श्याम दाइ' थिए । मेरै घरमा पनि श्याम दाइभन्दा उमेरले पाँचसात वर्ष जेठी मेरी सासू भागीरथा प्रसाई र श्याम दाइभन्दा साठीसत्तरी वर्ष साना हाम्रा छोराछोरीहरू गीताञ्जली, निकेतिका, डा.कञ्चनजङ्घा र अनुकृतिकाबाट पनि उनी 'श्याम दाइ' नै कहलिन्थे ।

हाम्रो नेपालभूमि पनि कोरोना कोभिडको दोस्रो लहररूपी राक्षसको महामारी फैलिनु केहीअघि नै उनै श्याम दाइले यस धराधामबाट बिदा लिई भाग्यमानी भएका थिए ।

'श्याम दाइ' मेरा लागि तथाकथित 'श्याम दाइ' मात्र नभएर मैले बिताएको एउटा कालखण्डको प्रत्यक्षदर्शी वा साक्षीझैँ पनि थिए । त्यसैले नै हुनुपर्छ श्याम दाइलाई सशरीर मैले यस धराधाममा अब भेट्न सक्तिनँ भन्ने अनुभूतिले म यथेष्ट दुखेकी थिएँ र नै त यति बेला श्याम दाइका विषयमा मसँग भएका धेरै स्मृतिहरू ठेलमठेल गरेर प्रस्फुटित हुने तरखरमा छन् । ती स्मृतिमध्ये धेरैलाई आफैँसँग थाँतीमै राखेर अहिले म केहीचाहिँ यहाँ प्रस्तुत गर्ने प्रयत्नमा छु ।

पं.श्यादास वैष्णवको नाउँ बाल्यावस्थादेखि नै सुनेको भए तापनि मैले उनलाई पछिल्ला समयमा मात्र सशरीर भेटेकी हुँ । मेरा प्रियतम नरेन्द्रका अत्यन्त नजिकका स्रष्टा भएकाले श्याम दाइको आवागमन नरेन्द्रनिवासमा उहिल्यैदेखि नै हुने गरेको रहेछ ।

'श्याम दाइको आर्थिक अवस्था पनि त्यति राम्रो छैन र उहाँ आफ्ना घरमा बसिरहनु पनि हुन्न । त्यस कारण प्रायजसो उहाँको खानपिनको टुङ्गो पनि हुँदैन । त्यसैले हाम्रा घरमा आउँदा भने उहाँलाई चिया खाजा अनिवार्य खुवाएर मात्र पठाउने गर्नु है ! अनि आफूसँग भएका बेला यसो केही हातखर्च पनि उहाँका हातमा हालिदिनुपर्छ ।' मेरा गुरुदेव नरेन्द्रले श्याम दाइलाई अति सम्मान गर्थे र नरेन्द्रगृहमा मेरो प्रवेशको प्रारम्भिक दिनमा नै उनले श्याम दाइप्रति संवेदनशील हुँदै उनीबारे मलाई यस्तो पाठ पढाएका थिए । स्वास्थ्यले साथ दिउन्जेल नइगृहमा दैनिकजसो आउने श्याम दाइप्रति मेरा गुरुदेवको वचनको मान राख्न हामी नइपरिवारले नै सकेका थियौँ ।

'आज श्याम दाइ किन आउनु भएन ?' नइगृहमा कुनै बेला यस्तो समय पनि थियो । त्यसताका कुनै दिन नइगृहमा श्याम दाइ अनुपस्थित हुँदा हाम्रा घरका सबै अर्थात् मेरी सासूलगायत हाम्री मानसपुत्री सुमी चौधरीसमेतले अचम्म मानेर सोधीखोजी गर्थे । त्यसताका नइगृहमा श्याम दाइको दैनिक उपस्थिति अपरिहार्यजस्तै भएको थियो ।

श्याम दाइ नइगृहमा आउने समय प्राय: बिहानको हुने गर्थ्यो । म बिहान कलेजमा पढाउन जान थालेपछि घरमा भने उनीसँग मेरो भेट शनिबार मात्र हुन थालेको थियो । अरू दिनचाहिँ म कलेजबाट लखतरान भएर हतारिएर घर फर्किँदै गर्दा डिल्लीबजार पीपलबोटको सेरोफेरोतिर अलमलिँदै गरेका श्याम दाइसँग कहिलेकाहीँ मेरो भेट पनि हुने गर्थ्यो । थाकेर हत्तु भएकी म घर छिट्टै आइपुग्ने चाहनाले औपचारिकताका दुई हात जोरेर श्याम दाइबाट उम्किन खोज्थेँ भने उनीचाहिँ मसँग मज्जैले कुरा गर्ने मुडमा लगत्तै पुग्थे । तर एक थरीले मात्र चाहेर वार्ता कहाँ हुन्छ र ? मैले वार्तालापमा अरुचि देखाएपछि मेरो अवस्था बुझेर ओठमा पस्किएको अनौपचारिक फिस्स हाँसो अमनले मतिर हुत्याउँदै श्याम दाइले मलाई बिदा दिन्थे । यसरी नै कति पटक हामी खासै कुनै कुरै नगरी पनि छुट्टिन्थ्यौँ ।

श्याम दाइसँग यस धरामा अब सशरीर भेट कहिल्यै हुन सक्तैन भन्ने सत्यसँग साक्षात्कार गरेको बेला भने श्याम दाइका मनबाट ज्वारभाटाको उफानजस्तै भएर मेरा लागि आउन खोजेका वार्ताका खात मैले थाप्न नसकेको पीडा पनि यति बेला म भोग्दै छु । तर तत्कालीन मेरो थकित र गलित तनमन श्याम दाइका कुनै विचार ग्रहण गर्न सक्ने अवस्थामा पक्कै थिएन । आखिर मानिस भनेको ढुङ्गा वा फलामको प्रतिमा पनि त होइन । अनि नाटकीय व्यवहार गरेर कसैलाई खुसी पार्न पनि म अक्षम नै हुन्छु । त्यसैले

त्यस बेला श्याम दाइको इच्छा पूर्ण गर्न नसकेको कुरामा पनि मैले आफैँले आफूलाई क्षमा दिएकी छु ।

खासमा श्याम दाइसँगको प्रत्येक भेटमा मेरा लागि उनीसँग केही न केही प्रस्तावात्मक सुझाव हुने गर्थ्यो । 'अब नेपाली भाषाका पुस्तक मात्र छापेर हुँदैन । अनुवाद गराउनुपर्छ । हाम्रा नेपाली पुस्तकहरूको पनि पर्याप्त अनुवाद हुनुपर्छ ।' पछिल्लो पटकको मसँगको भेटमा उनको प्रस्ताव थियो ।

'नेपाली भाषाबाट अनुवाद गराउन पहिलेजस्तो विदेशी नै गुहार्नु पर्दैन, नेपालमा पनि अङ्ग्रेजी साहित्य राम्रो जान्ने नेपालीहरू नै अब प्रशस्त भइसकेका छन् । अब नइ प्रकाशनले नेपाली भाषाका राम्राराम्रा पुस्तकहरू अङ्ग्रेजी भाषामा अनुवाद गराउने काम गर्नुपर्छ ।' हरेक कुरालाई डटेर भन्ने श्याम दाइको शैली मलाई अति मन पर्थ्यो । उनको गरिमापूर्णको ओजिलो आवाजको बर्कोले उनको वार्द्धक्यलाई छपक्क छोपिदिन्थ्यो जस्तो मलाई लाग्थ्यो ।

•

देवकोटा शताब्दी महोत्सवको अवसर २०६६ सालमा 'नारी स्वरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविता वाचन' कार्यक्रमको तर्जुमा त्रिमूर्ति निकेतनबाट गरिएको थियो । मेरो भागमा देवकोटाको 'पागल' कविता परेको थियो । सोही समयमा नइगृहमा आइपुगेका श्याम दाइसमक्ष मैले उक्त कविता वाचन गरेर सुनाएकी थिएँ । उनले त्यति बेला उक्त कविताका केही विशेष शब्दहरूको सम्प्रेषणबारे मलाई प्रशिक्षण दिएका थिए । जुन प्रशिक्षण मेरा लागि त्यस बेला 'पागल' कविता वाचनका लागि त महत्त्वको भयो नै ! तर पछिल्ला दिनमा मेरा अन्य कविता वाचनका लागि पनि महत्त्वपूर्ण हुन गयो । गुरुकुल नाटक घरमा भएको उक्त देवकोटाका कविता वाचन कार्यक्रममा मैले 'पागल' कविता वाचन गरेको

सुनेर कार्यक्रमको समापनपछि श्याम दाइले निकै खुसी प्रकट गरेका थिए । श्याम दाइबाट प्रशंसा पाउँदा त्यति बेला मलाई निकै ठूलो परीक्षा उत्तीर्ण भएको र ठूलै पुरस्कार पाएको झैँ अनुभूति भएको थियो ।

मेरा गुरुदेव नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'देवकोटाको जीवनशैली'लाई जीवन्तता दिनमा हरि श्रेष्ठ, कञ्चन पुडासैनीका साथै श्याम दाइको पनि महत्त्वपूर्ण भूमिका गाँसिएको थियो । त्यस्तै २०७० सालमा प्रकाशित मेरी आमा दुर्गादेवी नेपालको शोककाव्य 'उनैको माया'मा श्याम दाइको भूमिका सजिनु पनि मेरो जीवनको अर्को उपलब्धि भएको छ ।

२०७२ सालको भूकम्पपछि नइगृहमा श्याम दाइको आवागमन ठप्पै भएको थियो । त्यसपछि एक दिन हामी नइ श्याम दाइलाई खोज्दै ज्ञानेश्वरस्थित उनको निवासमा पुगेका थियौँ । त्यस बेला उनको घरअगाडिको सडक विस्तार र निर्माणका लागि पुरानो सडक सबै भताभुङ्ग पारिएको थियो । भताभुङ्ग सडकबाट हामी नै पनि बल्लतल्ल उनको घरसम्म पुगेका थियौँ । 'अहो ! ढलपल गर्दै पनि रगरग हिँडिरहनुपर्ने श्याम दाइ अब यस्तो दुर्दशापूर्णको सडकमा कसरी हिँड्ने होला !' सडकको त्यस दृश्यले हामीलाई पीर परेको थियो । हुन पनि श्याम दाइलाई पुस र माघको कठचाङ्ग्रिने रातको सातआठ बजे पनि कहिलेकाहीँ त्यही सडकको किनारामा भित्तातिर टाँसिएर हिँड्दै गरेको हामी नइले कति पटक भेट्ने गरेका थियौँ । 'श्याम दाइ ! रातबिरात यसरी नहिँड्नु नि !' भन्न पनि हामीले छाडेका थिएनौँ । घरमै मात्र बस्न श्याम दाइले नजानेको समयको साक्षी त्यही पनि थियो ।

उहिले उमेरमा त श्याम दाइ घरमा भात खान र सुत्न पनि कति दिनसम्म नआउने कुरा पनि श्याम दाइकी पत्नी जगतकुमारी भाउजूले सुनाउँदा हामीले चाल पाएका थियौँ ।

वास्तवमा पुनर्निर्माणका लागि घरअघिल्तिरको सडकको दुर्दशाले गर्दा घरै बस्नुपरेको अवस्था नै श्याम दाइका लागि थला बस्नुको प्रमुख कारक बनेको थियो । स्वस्थ रहनका लागि पैदल हिँड्नुको ठूलो महत्त्व छ भन्ने कुरा पनि श्याम दाइले नै प्रमाणित गरिदिएका छन् । जीवनको पछिल्लो समयमा घरअगाडिको बाटो भत्केर हिँड्नै नपाउनु नै उनको अस्वस्थताको मुख्य कारण बनेको थियो । चुपचाप एउटा कोठामा बस्ताबस्तै उनलाई मनोरोगले ग्रस्त पार्दै लगेको थियो ।

२०७४ सालको वैशाख १ गते नयाँ वर्षको दिन अग्रज स्रष्टाहरूसँग आशिष् लिन अनुकृतिका र सुमी चौधरीलाई साथै लिएर हामी नइ श्याम दाइको कोठामा पुग्दा उनको बेहालै भइसकेको हामीले देख्नुपरेको थियो । श्याम दाइका अनुहारमा भने उही ओजस्विता भए पनि उनको मस्तिष्कले चाहिँ सामान्य रूपमा काम गर्न छोडेको हामीलाई त्यस घडी अनुभूत भएको थियो । जीवनभर आफ्नो घरपरिवारलाई बेवास्ता गर्ने श्याम दाइलाई परिवार र छोराछोरीले गरेको शुश्रूषा देखेर हामीलाई श्याम दाइको परिवारप्रति गर्व लागेको थियो । किनभने श्याम दाइले जीवनभरि नै राष्ट्र, समाज र साहित्यप्रति समर्पित भएर घरपरिवारलाई बेवास्ता गरेका थिए । तर श्याम दाइप्रति राष्ट्र, समाज र साहित्यिक क्षेत्रसमेतले पनि खासै सरोकार राखेको देखिएन । त्यस दिन हामी केही बेर उनीसँग बसेपछि उनको आशिष् लिएर गह्रुङ्गो मन बोक्दै त्यहाँबाट बिदा भएका थियौँ ।

त्यसपछिका दिनहरूमा श्याम दाइको निरीह अवस्था हेरेर केवल दु:खी मात्र हुनका लागि उनलाई भेट्न जान पनि हाम्रो मनले मान्दैनथ्यो । श्याम दाइसँगको सम्झनाले पनि हामीलाई उनीप्रति विरत हुन दिँदैनथ्यो । 'श्याम दाइलाई कस्तो छ मम्मी ?' हाम्री जेठी छोरी गीताञ्जलीले अमेरिकाबाट सोधेकी थिई ।

'बेहाल छ' मैले जबाफ फर्काएकी थिएँ । 'म उहाँलाई अलिकति पैसा पठाउँछु, लगेर हातैमा हालिदिस्योस् है !' उसले भनेकी थिई । साथै त्यसै दिन उसले पैसा पठाइदिई । म पनि उसको पैसा बोकेर श्याम दाइलाई भेट्न पुगेकी थिएँ । सधैँको निरपेक्ष श्याम दाइ त्यति बेला झन्नैझन्नै ध्यानमा निमग्नझैँ थिए । 'बुबा केही बोल्नुहुन्न, केही दिनदेखि यस्तै छ' छोरी इन्दुले उदासीकै अवस्थामा मलाई भनेकी थिइन् ।

'श्याम दाइ, गीताञ्जलीले अमेरिकाबाट तपाईंलाई पैसा पठाइदिएकी छ ।' मैले श्याम दाइका हातमा नोट हालिदिएर अलि ठूलो स्वरमा भनेकी थिएँ । नोट हातले समातेर मतिर पुलुक्क हेरेर मुसुक्क हाँस्न खोजेका श्याम दाइको उज्यालो अनुहार अहिले पनि मेरा आँखामै छ । श्याम दाइका ओठले केही बोल्न खोजेजस्तो पनि गरेको थियो, तर उनको बोली फुट्न सकेको थिएन । त्यतिखेर उनका मुट्ठीबाट नोटहरू भने खसेका थिएनन् । अशक्त भइसकेका पिताले बलियोसँग नोट समातेको देखेर इन्दु र त्यहाँ भएका अरू पनि हाँसेका थिए । अलिकति पैसाले पनि त्यस्तो कष्टकर अवस्थामा भएका श्याम दाइ र श्याम दाइको परिवारमा थोरै भए पनि मुस्कान ल्याउन सक्दा मलाई गीताञ्जली छोरीले पठाएको पैसाको सदुपयोग भएको अनुभूति भएको थियो । मैले श्याम दाइको भौतिक शरीरको दर्शन गरेको अन्तिम समय पनि त्यही हुन गयो । किनभने त्यसको एक हप्तापछि नै श्याम दाइले निर्वाण प्राप्त गरेका थिए ।

अचम्मको व्यक्तित्व हो 'श्याम दाइ ।' मैले उनीसँग लगभग साढे दुई दशकसम्म लगातार सङ्गत गर्न पाएँ । उनले बोलेका हरेक वाक्य टिप्दै जाने हो भने दर्शनको एउटा गतिलो पुस्तक बन्न सक्ने थियो । रचनागत हिसाबले उनले बजारीकरण गरिने किसिमका किताबहरू लेखेनन् अथवा उनी कुनै लेखकीय

गुटबाजीमा नलागेकाले वाहवाही कमाउन समर्थ भएनन् । न त वर्तमान परिप्रेक्ष्यमा भएका कतिपय लेखकजस्तै समाचारपत्रहरूमा विराट्‌विराट् विज्ञापन छाप्ने वा कुनै देशी विदेशी शक्तिको दलाली गरेर रातोरात महान् साहित्यकारै ठहरिन समर्थ भए । तर साहित्य र साहित्यकारका लागि श्याम दाइले निस्स्वार्थ भावका साथ जुन प्रेरक भूमिका निर्वाह गरे त्यसरी गर्ने अर्को मानिस मैले चाहिँ चिनेको छैन ।

श्याम दाइ सीमान्तकृत र नवप्रतिभाहरूका लागि प्रेरणाका प्रतिमूर्ति नै थिए । उनले कति स्रष्टालाई प्रेरणा दिएका थिए भन्ने सम्पूर्ण तथ्याङ्क त मसँग छैन । तर उनी गुमनाम प्रेरक थिए । अर्को कुरा कसैलाई पनि आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्न पनि उनी पछि पर्दैन थिए । यो सत्य हो, उनीसँग धन त थिएन तर उनको मन अपरम्पार थियो । उनी पीडित महिलाहरूप्रति विशेष संवेदनशील थिए ।

विगतमा म जीवनको निकै अप्ठ्यारो परिस्थितिमा परेको बेला मलाई पनि सकेसम्म उत्साह र ऊर्जा दिन खोज्ने श्याम दाइको प्रवृत्ति मेरा लागि अविस्मरणीय रहेको छ । 'कुण्ठाले मानिसलाई समाप्त पार्छ, इन्दिराले पनि कुण्ठा पटक्कै नलिनु ।' उनले मेरो समस्याग्रस्त जीवनसन्दर्भबाट बाहिर निकाल्न त्यति बेला मलाई भनेका थिए । डुबेर अत्तालिएको बेला सिन्का मात्रै भेटिँदा पनि सहाराझैँ लाग्छ भन्ने कुराको अनुभव पनि मसँग छ । कति आफन्तहरू मसँग बोल्न पनि नचाहने मेरो जीवनको दुरूह अवस्थामा श्याम दाइ प्रेरणाको पोको भएर मेरा नजिकमा आउँथे र मेरो डुबेको मनलाई उकास्ने अथाह प्रयास गर्थे । त्यस्ता मानिस पनि हुन्छन् र ? अहिले सम्झँदा पनि रमरम आनन्दको तिर्खा मेटिन्छ ।

त्यही कालखण्डमा मेरा घरमा भाँडा माझ्ने र लुगा धुने सहयोगी चाहिएको बेला जमुना नाउँकी एउटी युवा महिला खोजेर पनि श्याम दाइले नै ल्याइदिएका थिए ।

'इन्दिरालाई म कहिलेकाहीँ पुरुषजस्तो देख्छु, कहिले महिलाजस्तो देख्छु । इन्दिराले जस्तो सबै महिलाले जीवन जित्न सक्तैनन् । त्यसैले मैले इन्दिरालाई पुरुषजस्तो देखेको हुनुपर्छ ।' विगतमा आइपरेका आफ्ना समस्याहरूसँग जुध्दै मैले आफूलाई सम्हालेर अघि बढ्न खोजेको देखेपछि थप हौसला दिँदै श्याम दाइले मलाई भनेका थिए । अर्धनारीश्वरकी पूजारी मलाई उनको यस्तो मप्रतिको भनाइले थप प्रेरित गर्थ्यो ।

•

रेडियो नेपालको संस्थापना कालदेखि रेडियो नाटकको प्रसिद्धिमा समेत श्याम दाइको ठूलो भूमिका छ । अझ प्रारम्भिक अवस्थामा रेडियो नाटकमा महिलाहरूले भाग लिन पाउँदैन थिए । महिलाहरूका लागि कालरात्रिका रूपमा बितेको उति बेला महिलाहरूले घरबाट बाहिर निस्किन पनि अनुमति चाहिन्थ्यो । अझ नाटकमा महिलाले अभिनय गर्ने भनेपछि त महिलाहरूले अनुमति पाउन कठिन थियो । त्यति बेला श्याम दाइले नै ती महिलाहरूका घरघरमा पुगेर उनीहरूका लागि उनीहरूका अभिभावकसँग ती महिलाहरू आफ्नो जिम्मेवारीमा सुरक्षित रहने हिसाबले अनुमति लिने गर्थे । श्याम दाइले नै आफ्नो जिम्मेवारीमा दरबारबाट पनि सोहीअनुरूपको बन्दोबस्त मिलाएका थिए । त्यसै कारण पनि श्याम दाइको धेरै समय तिनै महिला कलाकारहरूलाई उनीहरूका घरबाट ल्याउने, पुऱ्याउने, उनीहरूका लागि सबै व्यवस्थापन गर्ने काममा बित्ने गर्थ्यो । 'कहिलेकाहीँ त बुबाले सबै महिला कलाकारलाई घरमा ल्याएर कुबखतमा पनि हामीलाई 'यिनीहरूले कति दिनदेखि चिउरा मात्र खाएका छन्, भात पकाएर

यिनीहरूलाई खुवाओ' भनेर अह्राउनुहुन्थ्यो' श्याम दाइकी छोरी इन्दुले पुराना कुरा सम्झँदै मलाई भनेकी थिइन् ।

कतिपय पुरुष स्रष्टाहरूले आफ्नो मन बहलाउन र सृजनामा मौलाउनका लागि नारीहरूको प्रयोग गरेर उनीहरूलाई बिथोलेर छोडिदिने प्रवृत्तिको श्याम दाइ घोर विरोध गर्थे । पुरुष स्रष्टाहरूले महिला संवेदनासँग खेलेर छोडिदिँदा कतिपय महिलाहरूको हाल बेहाल भएकामध्ये केही महिलाका कथा पनि उनले मलाई सुनाएका थिए ।

श्याम दाइ स्पष्ट वक्ता थिए । अन्याय अत्याचारको विरोध गर्ने, सत्यतथ्य कुरा गर्ने, बनावटी कुरा नगर्ने, सुटबुट र टाई लगाएर नहिँड्ने, साहित्यलाई पेसा नबनाएर साधना मान्ने गर्थे । चौबिसै घण्टा साहित्य, साहित्य र साहित्यकै सेरोफेरोमा रहने श्याम दाइ वास्तविक साहित्यकार थिए । किशोरवयदेखि नै महाकवि लक्ष्मीप्रसाद देवकोटाको सङ्गत र पछि महाकविका विश्वास पात्रसमेत बनेर देवकोटाका गणेश नै बनेका श्याम दाइमा कतिपय प्रवृत्ति महाकवि देवकोटाका जस्तै थिए । 'महाकवि देवकोटाले पनि दीर्घ जीवन पाउँदा श्याम दाइजस्तै हुन्थे होला !' श्याम दाइसँगको सङ्गतमा कहिलेकाहीँ हामी नइ नै यस्तो पनि ठहर गर्थ्यौं ।

झन्नै अन्ठान्नब्बे वर्षको वय यसै काठमाडौँ खाल्डोमा बिताएका श्याम दाइ यस उपत्यकाकै जिउँदो इतिहास थिए । हुन त मरेपछि महान् कहलिने र सालिक निर्माण गरिने परिपाटीले ग्रस्त हाम्रो मानसिकताले जिउँदो देवता चिन्दैन । हामीले नै पनि श्याम दाइलाई उनको जीवनकालमा जति चिन्नु र चिनाइनुपर्ने थियो त्यति गर्न नसकेको हामीमा दुखेसो छँदै छ ।

श्याम दाइ निर्लोभी, निस्स्वार्थी र स्वाभिमानी प्रवृत्तिका मालिक थिए । उनीजस्तो व्यक्ति नेपाली साहित्यको परिसरमा मैले चाहिँ अर्को देखे, भेटेको छैन भने पनि हुन्छ ।

निरपेक्ष श्याम दाइलाई धेरैजसोले चिनेर पनि जानेर पनि नचिनेझैँ, नजानेझैँ गरे । किनभने नेपाली साहित्यको विकृत बजारमा श्याम दाइले बिक्न जानेनन्, न त उनले कुनै समूहबाजीमा लागेर हुइयाँ... स्याल नै कराउन जाने । कुनै दलविशेषको झन्डामुनि बस्न पनि उनको स्वाभिमानले दिएन । साथै जातीयताको नाराले अग्लिने जात पनि उनको परेन । तर श्याम दाइले स्वान्तसुखायका लागि साहित्य साधना गरिरहे ।

**कहिले आवाजविहीनका लागि आवाज बन्न अघि सरे– श्यामदाइ !**
**कहिले अरू कसैको पीडामा धुरुधुरु रुँदै पनि हिँडे– श्याम दाइ !**
**मानवीय संवेदनाले घनीभूत श्याम दाइ आफ्नै निजी संसारमा नै रमाइरहे !**

कसैले चोटै लगाउँदा पनि श्याम दाइले 'ऐया' भनेनन् । कसैले माया गर्दा उनले धन्यवाद भने, हेला नै गरे भने पनि धन्यवाद भन्दै आफ्नै मानस संसारको मनोरम बगैँचामा श्याम दाइ विचरण गरिरहन्थे । त्यसैले श्याम दाइ जिउँदोमा पनि श्याम दाइ र निर्वाणपछि पनि श्याम दाइ मात्र भए ।

'गणेशकवि श्यामदास वैष्णव' जीवनीकृति पढिसक्ता झन्नै शताब्दी वय छुन खोजेका श्याम दाइको नालीबेली सङ्क्षिप्त शब्दद्वारा व्यापक अर्थ दिने वैशिष्टचका साथ प्रस्तुत गर्ने मेरा गुरुदेव नरेन्द्रराज प्रसाईको लेखनशिल्पले मलाई थप गौरवान्वित पारेको छ ।

नरेन्द्रराज प्रसाईले श्याम दाइका जीवनको सेरोफेरो जोडेर 'गणेशकवि श्यामदास वैष्णव'को कीर्तिस्तम्भ तयार गरिदिए । अक्षरमा मेरा आदरणीय श्याम दाइलाई यसरी सर्लक्कै उभ्याइदिने नरेन्द्रप्रति म थप कृतज्ञ पनि भएकी छु ।

# लेखकीय

मैले श्याम दाइको नाउँ मात्रै सुनेको थिएँ र मैले उनलाई धेरैपछि मात्रै चिनेको हुँ । २०४० सालतिर नीर शाहको निवासस्थान ज्ञानेश्वरमा शाहबाटै श्यामदास वैष्णव र मेरो परिचय भएको थियो । त्यस परिचयपछि श्याम दाइ बारम्बार मेरो घरमा आउन थाले । उनी मसँग अत्यन्तै मिल्न थाले । उनी मेरो प्रशंसामा पनि डुब्न थाले । उनी म भनेपछि हुरुक्कै हुन थाले । मैले अकल्पनीय रूपमा श्याम दाइको माया, सम्मान र प्रशंसा पाउन थालेँ । हुँदाहुँदै उनले एक दिन मेरो डायरीमा पनि लेखिदिएका थिए– '...अनवरत रूपमा केही न केही लेखिरहने र उत्सुक बनिरहने नरेन्द्रराज प्रसाईको बानीमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका केही गुन मैले पाएको छु ...।'

श्यामदास वैष्णव महाकवि देवकोटाका परमप्रिय व्यक्ति थिए भन्ने मैले सुनेको थिएँ । त्यस बेला देवकोटाका पाण्डुलिपि सार्ने काम श्याम दाइको थियो रे ! श्याम दाइका अक्षर पनि राम्रा भएका कारणले देवकोटाले श्याम दाइलाई सहायकका रूपमा राखेका थिए रे ! त्यसैले पनि श्याम दाइको जिब्रोमा देवकोटाको नाउँ टच्याप्पै टाँस्सिएको थियो । जे होस्, देवकोटासँग अन्तरङ्ग भएका विख्यात व्यक्तिले मेरो प्रशंसा गरेको बेहोराले म फुरुङ्ग पनि नपर्ने कुरै थिएन । किनभने श्याम दाइले मलाई भेट्नेबित्तिकै मेराबारे आकाशपाताल जोड्न थालिहाल्थे । मलाई जीवनमा यसरी फुर्क्याउने

व्यक्तिहरूमध्ये श्याम दाइ नै अग्रिम थिए । २०४३ सालतिर श्याम दाइले नीर शाहको प्रशंसामा पनि मेरो कानको जाली नै पट्ट फुटाउलान्जस्तो गर्थे । त्यसै गरी मेरो बयानमा पनि श्याम दाइले कसकसलाई दिक्क लाउँछन् जस्तै मलाई लाग्ने गर्थ्यो ।

श्याम दाइ मलाई प्रोत्साहन दिन प्राय: हरेक बिहान मेरो घरमा आउने गर्थे । त्यस बेला मेरो घरमा आएका मान्छेहरूसँग म श्याम दाइलाई परिचय गराइदिने गर्थें । यसै क्रममा मैले श्याम दाइसँग इन्दिरालाई पनि चिनाएको थिएँ । अनि त्यसै बेला मैले इन्दिरालाई भनेको थिएँ– 'उहाँ नेपालका वरिष्ठ, विशिष्ट र उच्च कोटिका साहित्यिक व्यक्तित्व हुनुहुन्छ । उहाँ देवकोटाका पनि साथी हुनुहुन्छ । उहाँ घरमा आएका बेला कम्तीमा पनि एक कप चिया र चारवटा बिस्कुट खुवाइदिनू ।' अनि इन्दिराले पनि त्यसै गर्न थालिन् । मैले श्याम दाइलाई जति आदर, सत्कार र सम्मान गर्थें, त्योभन्दा दोब्बर इन्दिराले श्याम दाइको मानभाउ गर्न थालिन् ।

श्याम दाइको जिन्दगानीबारे उनका समकालीन धेरैलाई थाहा थियो । उनको जीवनलीलाका विषयमा एक दिन मलाई वासुदेव लुइँटेलले भनेका थिए– 'श्याम 'शारदा'कालीन समयमा जोरगणेश प्रेसमा प्रुफ हेर्थे । उनी दुई फाँको चिउरा खाएर दिनभरि काम गर्थे । त्यस बेलादेखि यस बेलासम्म उनले एकनासले दुक्ख पाएका छन् । उनी खराब होइनन् । उनी दुष्ट र षड्यन्त्रकारी पनि होइनन् । उनी सिल्लीचाहिँ हुन् । त्यही सिल्लीपनले गर्दा उनले दुक्ख पाएका पनि हुन् ।' वास्तवमा मलाई पनि श्याम दाइ खराब लाग्दैन थिए । तर यी लहैलहैमा बढी लाग्ने खालका थिए । यति हुँदाहुँदै पनि उनी भित्री रूपले मान्छे पनि चिन्ने गर्थे । तर कहिलेकाहीँ हावामा बहकिन खोज्दा उनी खराबजस्तै देखिएका पनि हुन्थे । उनी आफैँ भन्थे– 'म प्राय: लहडमा नै हिँडिरहेको हुन्छु । मलाई ठीक र बेठीक मान्छे छुटचाउन पनि आउँदैन ।' वास्तवमा उनी केटाकेटी नै जस्ता थिए ।

श्याम दाइका विषयमा म धेरै सोच्ने गर्थें । अनि म मनमनै भन्थें– 'सायद श्याम दाइको प्रतिभाले भनेजस्तो ठाउँ नभेट्नाले उनी 'फूलनदेवी' बनेका पनि होलान् ।' उनीसँगको मेरो अठतिस वर्षको अविरल सङ्गतले मैले उनलाई एउटा बौद्धिक, दार्शनिक, चिन्तनशील व्यक्तित्वका रूपमा नै पनि स्विकारेँ । श्याम दाइलाई एक ठाउँ राखेर एकोहोरो बोल्न दियो भने एक घण्टामा उनले सयौँ दर्शन व्यक्त्याइसक्थे । वास्तवमा उनको प्राय: हरेक कुरा यथार्थ हुन्थे, सङ्ग्रहणीय हुन्थे र त्यतिकै मननीय पनि हुन्थे ।

श्याम दाइका विषयमा मैले पहिलापहिला पनि लेखिसकेको थिएँ– 'उनी डराईडराई आफ्ना घरका कुरा मसँग आएर खोल्ने गर्थे । साथै उनी आफूलाई मर्का परेपछि घरै पनि छोडेर हिँड्थे । यसै प्रसङ्गमा उनले एक दिन मलाई भनेका थिए– 'कहिलेकाहीँ लहड चल्दा म बरालिएर घरमा पनि आउँदिनँ । मलाई कचकच मन पनि पर्दैन । कहिलेकाहीँ जीवन यस्तै हो, जीवन यसरी नै भोग्न सिक्नुपर्छ भन्ने पनि लाग्छ र चित्त बुझाउने गर्छु ।' उनी जति भावनामा डुब्थे त्यति वास्तविकतामा पनि डुब्ने गर्थे । यी इत्यादि कुराबाटै यी आफैँ भन्थे– 'यस लोकमा आफूबाहेक कसैको कोही छैन ।' मेरो बुझाइमा उनीभित्र कुण्ठाको रास पनि प्रशस्तै थियो ।

श्याम दाइका धेरै गुण थिए । उनी सय वर्षीय हाराहारीको उमेरमा पनि पचास वर्षीय तन्नेरीझैँ हुन खोज्थे । ज्यादै जोसिलो, फुर्तिलो र जाँगरिलो भएर उनी सधैँ हिँडिरहेका हुन्थे । उनको उत्साहले सधैँ चन्द्रमा छोइरहेको हुन्थ्यो । कहिलेकाहीँ औँसीपुर्नेमा मैले श्याम दाइलाई सुकिला दौरासुरुवाल, चटक्क परेको कोट, सफा जुत्ता र ढल्के टोपीमा पनि भेट्ने गरेको थिएँ । त्यस्तो दिनमा उनको ठाँटिलो पहिरन देखेपछि मैले रमाएर सोध्ने गरेको थिएँ– 'श्याम दाइ ! आज त निक्कै राम्रो भएर हिँड्नुभएछ नि ?' 'कति निराशावादी भएर हिँड्ने ? कहिलेकाहीँ मलाई पनि आशावादी भएर हिँड्न मन लाग्छ ।' श्याम दाइले पनि हाँसेर मेरो प्रश्नको उत्तर दिने गर्थे ।

मेरो काममा श्याम दाइले उत्साह भरिदिने काम गर्थे । श्याम दाइले मलाई बराबर भनेका थिए– 'तपाईं कर्मद्वारा अगि बढिरहनुभएको छ । तपाईंको मूल्याङ्कन इतिहासले गर्छ ।' श्याम दाइका कुरा सुन्दा म छक्कै पर्थें । किनभने उनी बालकजस्तै कञ्चन देखिन्थे र त्यस्तै बोल्थे । उनको त्यो विचारधारा मलाई मीठो पनि लाग्थ्यो र म उनलाई गिज्याउने गर्थें– 'श्याम दाइ ! मान्छेले मलाई किन खेदेको ?' मेरो कुरा सुनेर श्याम दाइ सुस्तरी बोल्थे– 'तपाईंका कामका अगि अब प्रायः सबैले घुँडा टेकिसकेका छन् ।'

•

श्याम दाइ जन्मेको सय वर्ष लाग्यो । उनकी छोरी इन्दु वैष्णव र छोरा प्रदीप वैष्णव पनि 'बुबाका लागि केही गर्नै सकिएन' भनेर आत्तिइरहेका थिए । हामी नइ पनि उनका लागि सोचमग्न थियौँ । त्यही सन्दर्भमा मैले मेरी पुरोधिका इन्दिरालाई भनें– 'श्याम दाइलाई अगाडि राखेर उनको जीवनी लेख्ने मेरो इच्छा पूरा भएन नै ! त्यति बेला उनले 'भोलि, भोलि र भोलि' भन्दाभन्दै उनी यस धराबाट अस्ताए । तर श्याम दाइको हामीप्रतिको माया, सद्भावना र विश्वास म मर्न दिन्न । श्याम दाइको जीवनीकृति निर्माण गरेर श्याम दाइसँगको मेरो झन्नै चार दशकको उठबसको निष्कर्ष म जनमाझ पुऱ्याउन चाहन्छु ।' अनि फेरि इन्दिरालाई मैले भनें– 'तिमीले मेरो त्यस कृतिको भूमिका लेखिदिनुपर्छ ।' उनले मेरा कुरामा उनका दाहिने हातको बूढी औँला थिचिन् । अनि हाम्रा माझ छोरो कञ्चनजङ्घा र छोरी अनुकृतिका साक्षी बसे । त्यसैको परिणामले प्रस्तुत कृति जनमाझ आएको छ ।

अन्त्यमा, मलाई यतिचाहिँ भन्न मन लागेको छ– 'महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि लामो जीवन बाँचेका भए नेपालको परिप्रेक्ष्यमा सायद उनी पनि श्यामदास वैष्णव भएर नै समाप्त हुन्थे ।' मैले चिनेजानेका श्याम दाइको छोटो परिचय यति नै हो ।

**• नरेन्द्रराज प्रसाई**

गणेशकवि श्यामदास वैष्णव

# श्यामदास वैष्णवको जन्म र पूर्वकथा

'बालकदास वैरागी' काठमाडौँको नारायणहिटी मन्दिरका सन्दर्भको इतिहासमा चर्चित नाउँ मानिन्छ । उनी राजारानीका पतेरा पनि थिए । त्यसैले उनी राजारानीका लागि नारायणहिटीबाट राजदरबारमा नारायणको प्रसाद नित्य पुऱ्याउने गर्थे । उनले लगेको प्रसाद नै राजारानीले खाने गर्थे ।

बालकदास वैरागी धार्मिक प्रवृत्तिले ओतप्रोत थिए । उनी विष्णुपूजक थिए । धर्मभीरु र राजारानीका विश्वासपात्र भएकै कारण उनले नारायणहिटीको नारायण मन्दिरको मठाधीश हुने सौभाग्य पाएका थिए । उनी राजारानीको नजिक छन् भनेर त्यति बेला दरबारियाहरूले पनि उनको चाकरी गर्थे ।

श्यामदास वैष्णवका बाजे जगन्नाथदास वैष्णव नारायणहिटी मन्दिरका मूल पूजारी थिए । उनका पुर्खाले त्यस मन्दिरमा गरेको कृत्यको बिँडो उनले समाएका थिए । उनी पूजारी मात्र नभएर ज्ञानगुनले भरिएका पण्डित पनि थिए ।

•

बालकदास वैरागीका वंशजहरूमध्ये केहीले पछिल्ला दिनमा जडीबुटीको पनि काम गर्न थाले । ती केही जना वैरागीहरूमध्ये श्यामदास वैष्णवका माइला बाजे गोविन्ददास वैरागी पनि त्यही पेसामा रमाउन थाले । अन्ततः उनै माइला बाजेले काठमाडौँको

नरदेवीमा आयुर्वेद औषधालयको स्थापना गरेका थिए । त्यस बेला उनी निकै चल्तीका मान्छे थिए । उनी व्यापारिक दृष्टिकोणका लागि मात्र यस पेसामा आबद्ध भएनन् । जनकल्याणका लागि पनि उनी अग्रसर हुन्थे । उनी स्वभावैले मानवतावादी थिए । साथै उनी प्रखर समाजसेवी थिए । त्यसैको परिणामले उनले राजधानी काठमाडौँमा एउटा आयुर्वेदिक अस्पतालको नै आवश्यकता देखे । तसर्थ केही वर्षपछि उनैले नरदेवीमा आयुर्वेदिक अस्पतालको स्थापना गरेका थिए । अन्तत: नेपालको स्वास्थ्य सेवाको इतिहासमा त्यो अस्पताल पनि एउटा मेरुदण्डका रूपमा देखा पऱ्यो ।

•

श्यामदास वैष्णवको जन्म १९८१ साल साउन ९ गते बुधबार काठमाडौँको लाजिम्पाटमा भएको थियो । उनको न्वारनको नाउँचाहिँ चन्द्रदास वैष्णव थियो । बुबाआमा कृष्णदास वैष्णव र दुर्गाकुमारीका दुई जना छोरामध्ये उनी जेठो छोरा थिए । साथै कान्छा छोराको नाउँ श्रीराम वैष्णव र छोरीको नाउँ कुन्ती वैष्णव थियो ।

कृष्णदास वैष्णवका पुर्खाहरूले नारायणहिटीका महन्तका रूपमा प्रसिद्धि पाएका थिए । नारायणहिटीका पूजारी भएपछि उनीहरूले आफूलाई वैष्णव लेख्न थालेका थिए । उनीहरूको खास थर भने मिश्र हो । त्यसैले श्यामदासको वास्तविक थर पनि मिश्र थियो । उनीहरू पहिला बाहुन थिए । कृष्णदास वैष्णवका बाजे जगन्नाथदास वैष्णवले कान्छी पत्नीचाहिँ अन्तर्जातीय भित्र्याएका थिए । त्यसैले कृष्णदासका पालादेखि उनीहरू क्षत्री कुलमा परिणत भएका थिए ।

•

श्यामदास वैष्णव बाल्यकालदेखि नै तीक्ष्ण थिए । उनी ज्ञानी पनि थिए । अनि उनीभित्र ऊट्ट खुसाउने र रिसाउनेको सीमा पनि थिएन । साथै उनी एकोहोरो स्वभावका पनि थिए । उनी इष्टमित्रहरूसँग

पनि चाँडै घुलमिल हुन्थे र छिटै अलग्गिन्थे । यसबारे उनी भन्थे– 'मलाई माया गर्नेहरूसँग म लपक्कै टाँसिन्थेँ, मलाई नराम्रो गर्नेहरूउपर म पनि झम्टिन पुग्थेँ । तर यति हो मेरो मनमा रिस र ईख स्थायी भएर बस्न सकेन । अगाडिको कुरामा मात्रै म जोसिन्थेँ; पछाडि फर्केर मैले केही हेरिनँ । मेरो त्यो प्रवृत्ति जीवनभरि पनि रहन गयो ।'

श्यामदास वैष्णवका बुबा कृष्णदास वैष्णव पहिलादेखि नै लाजिम्पाटमा बस्थे । १९९० सालको महाभूकम्प आउनुअघि भने उनीहरू असन बजारमा डेरा गरी बसेका थिए । भूकम्पमा उनीहरूको डेरा बसेको घर पनि भत्केको थियो । त्यतिखेर उनीहरू दोडादौड गरेर टुँडिखेलमा आए । सरकारबाट भूकम्प पीडितहरूका लागि त्यहाँ पालहरू टाँगिएका थिए । अनि उनीहरू पनि त्यहीँ पालमा घुस्रेका थिए । त्यस पालमा तीन दिन बसेपछि वैष्णवका मावलका हजुरबुबा गौरीशङ्कर अर्याल आएर उनीहरूलाई आफ्नो घर लगेका थिए । त्यसपछि यो परिवार आफ्ना मावल सिफलतिर लागेका थिए । मामाघरमा पनि धेरै बस्न उनीहरूलाई आफ्नो स्वाभिमानले दिएन । त्यसपछि उनीहरू टाउको लुकाउने ठाउँ खोज्दै हिँडे । चारैतिर मुन्टो घुमाएपछि उनीहरूले एक जना भावी फेला पारेका थिए । भनौँ, कर्णेल ललितबहादुर खड्काका दृष्टिमा उनीहरू परेका थिए । साथै खड्काले श्यामदासहरूलाई मन पराएका थिए । त्यसैले कर्णेलको भरथेकको आशामा उनीहरू डिल्लीबजारतिर खड्कानिवासमा सरे । खड्का मनकारी पनि थिए । त्यसपछि चाहिँ उनीहरूलाई गरिखान सहज पनि भएको थियो ।

•

श्यामदास वैष्णवले किशोरावस्थादेखि पढ्न थालेका थिए । उनलाई पढ्न रस बसिसकेको थियो । अनि उनले कखरा आफ्ना बुबाबाटै पढेका थिए । उनले तेह्र वर्षको उमेरमा मात्र 'स्रेस्ता पाठशाला'मा औपचारिक शिक्षा पढ्न थालेका थिए । त्यो पाठशाला काठमाडौँको रानीपोखरीका छेउमा थियो ।

श्यामदास वैष्णवका बुबा कृष्णदास वैष्णव नाच्न, गाउन र बजाउन सिपालु थिए । त्यसैले बाल्यकालदेखि नै वैष्णव पनि त्यतैतिर आकर्षित हुन थाले । उनको बुबाको मृत्युपछि श्यामदासको जीवनमा कालरात्रिको सुरुवात हुन थालेको थियो । सुक्खसयल, नाचगान र रमाइलोको त के कुरा त्यसपछि यिनको पढाइमा नै पनि ब्रेक लागेको थियो । भनौँ, त्यसपछि यिनले स्कुले शिक्षाको पाठ पल्टाउन पाएका थिएनन् । त्यसैले उनले पढाइलाई भन्दा सांस्कृतिक क्रियाकलापमा आफूलाई सरिक गराउन थालेका थिए । यति हुँदाहुँदै पनि उनले निजामती शिक्षा पास गरेका थिए । त्यस बेलाको निजामती भन्नु पछिल्लो चरणको म्याट्रिक, एसएलसी अथवा एसईईसरह मानिन्छ ।

श्यामदास वैष्णवका बुबा कृष्णदास वैष्णवको २००० साल असार ६ गते निधन भएको थियो । साथै २००८ साल भदौ २९ गते यिनले आमा दुर्गाकुमारीलाई पनि गुमाएका थिए । त्यसपछि उनी एकलव्यझैँ भएका थिए । महाकवि लक्ष्मीप्रसाद देवकोटाले यिनको नाउँ नै एकलव्य राखेका थिए । साथै राष्ट्रकवि माधव घिमिरेले पनि यिनलाई एकलव्य नै भनिरहे । त्यसै प्रसङ्गमा उनले भने– 'एकलव्यझैँ आफैँ म आत्मज्ञान हासिल गर्न लागेँ ।' वास्तवमा उनले आफ्नो जीवनमा एक्लै उभिएर विविध प्रकारका सङ्घर्ष खेपिरहे । चाहेको उपलब्धि हासिल गर्न नसके तापनि उनले हरेस भने खाएनन् ।

आमा स्वर्गीय भएको पाँच वर्षपछि श्यामदास वैष्णव आफ्नो भाइ श्रीराम वैष्णवसँग छुट्टिएर अलग बसे । घट्टेकुलोबाट २०१३ सालमा यी मैतीदेवीफाँटमाथिको ज्ञानेश्वर सरेर त्यहीँ उनले आफ्नो जीवन बाँचुन्जेलसम्म चलाए ।

•

श्यामदास वैष्णव किशोरकालमा नै विवाह बन्धनमा बाँधिएका थिए । उनको प्रथम विवाह १९९३ साल मङ्सिरमा ठमेल बस्ने मुखिया

नन्दलाल भट्टकी जेठी छोरी सुलोचनासँग भएको थियो । बाल्यकालमा नै बिहे भएका कारण सुलोचनाले घरपरिवारलाई रिझाउन र सम्हाल्न सकेकी थिइनन् । साथै वैष्णवले पनि पत्नीको मन छाम्न सकेका थिएनन् । त्यसैले त्यस दाम्पत्यजीवनमा एकाएक आँधी आयो र घरबार नै तहसनहस भयो । यसबारे वैष्णवले भने– 'बिहे भएर मात्र पनि नहुने रहेछ । हामीमाऽ कुरै मिल्दैनथ्यो । हामीहरू एक जना आग्राका कुरा र अर्का जना गाग्राका कुरा गर्थ्यौं । खास गरेर मैले उनलाई पत्नीको दर्जा दिन सकिनँ र उनले पनि मलाई पतिको दर्जा दिन जानिनन् ।' यस दम्पतीबाट जायजन्म भने भएको थिएन ।

श्यामदास वैष्णवको दाम्पत्य जीवन भत्केको आठ वर्षपछि अर्थात् २००२ सालको अक्षय तृतीयाका दिन उनले फेरि अर्को विवाह गरे । इमाडोलका भीमबहादुर भण्डारी र टङ्ककुमारीका तीन छोरा र तीन छोरीमध्ये कान्छी छोरी जगतकुमारीसँग वैष्णवको लगनगाँठो कसिएको थियो । जगतकुमारीले नै वैष्णवको सारा व्यवहार थामिन् । अनि उनले वैष्णवको जीवनपर्यन्त मन, वचन र कर्मले साथ दिएकी थिइन् ।

श्यामदास वैष्णव र उनकी पत्नी जगतकुमारीबाट एघार जना सन्तान जन्मे । एघार जनामा उनीहरूका सात छोरा र चार छोरी जन्मेका थिए । ससानै उमेरमा यी दम्पतीका चार छोराको निधन भएको थियो ।

छोराहरूले जागिर खाएर घरमा सघाउ गर्न थालेपछि श्यामदास वैष्णवमा आर्थिक टन्टा केही घट्न थालेको थियो । छोराहरू प्रदीप, प्रकाश र प्रवीण छोरीहरू रमा, सुमित्रा, इन्दु र रचिता आआफ्ना काम र व्यवहारमा व्यस्त रहे ।

•

श्यामदास वैष्णवलाई युवाकालमा नै मानसिक तनावले छोएको थियो । त्यो बिमार बिग्रँदो र सङ्कटग्रस्थ अवस्थामा

पुग्ने सम्भावना भएको थियो । त्यसै बेला उनको त्यो बेहोरालाई घरपरिवारले सम्हालेका थिए । उनको स्वास्थ्योपचारका लागि उनलाई भारत पुऱ्याइएको थियो । त्यस बेला लखनऊमा उनको उपचार भएको थियो । त्यहाँबाट फर्केर आएपछि उनले आफ्नो लय समाउन सकेका थिए । त्यसपछि उनी सबैतिर क्रमश: घुलमिल पनि हुन थाले ।

•

श्यामदास वैष्णव नुहाउन भनेपछि मरेसरह ठान्थे । उनी दुईतीन वर्षमा एक पटक मात्र नुहाउँथे । उनी हातखुट्टाका नङ पनि काट्न मान्दैन थिए । उनी कहिले कत्ला र मैला लुगा लगाएर हिँड्थे र कहिले सुकिलो भएर पनि हिँड्थे । सरसफाइतिर उनले कहिले पनि ध्यान दिएनन् । यसबारे उनी भन्थे– 'तनभन्दा मन सुन्दर र सुकिलो हुनुपर्छ ।'

श्यामदास वैष्णवमा अर्काको भलाइका लागि समर्पित हुने प्रवृत्ति थियो । उनी कसैलाई केही गर्नु छ भने मनैबाट गर्थे । उनको सेवामा फलको आशा हुँदैनथ्यो । उनी बोल्दा अक्षर टकटक्याएर बोल्थे । भनौँ, शब्दलाई गहन पारेर उनी मूलभूत कुरा मात्रै बोल्थे । मानौँ, उनका प्राय: हरेक संवाद महावाणीझैँ हुन्थे ।

श्यामदास वैष्णव मन नपरेका मान्छेतिरै फर्कँदैन थिए । मन परेका मान्छेमध्ये कसैको गुणगान गर्नु छ भने उनी त्यसलाई धरहराको टुप्पोमा पुऱ्याउँथे । अनि कसैलाई खसाउनु छ भने उनी त्यसलाई टुकुचाको ढलमा नै मिसाइदिन्थे । उनी बीचमा बसेर त्यति बोल्न जान्दैन थिए । त्यसैले उनी क्रमश: एकान्तप्रिय पनि देखिँदै जान थाले ।

श्यामदास वैष्णव प्रौढ हुँदा पनि कहिले मसिना केटाकेटी जस्तै हुन्थे । उनी कहिले अकल्पनीय कुरा र व्यवहार गरेर घरपरिवार

र आफन्तलाई हसाउने र रुवाउने काम गर्थे । यसैबारे उनी भन्थे– 'फेरि दोहोऱ्याएर केटाकेटी हुन पाए हुन्थ्यो । केटाकेटीको भन्दा रमाइलो जीवन कसैको पनि हुँदैन ।' त्यसैले उनी केटाकेटी बालबच्चा भएका ठाउँमा प्रायः भेटिन्थे । बच्चाबच्चीसँग बोल्न, खेल्न र टहलिन उनको सोखको विषय मानिन्थ्यो ।

•

श्यामदास वैष्णव घरझगडा हुँदा घरै छाडेर केही दिन अन्तै गएर बस्थे । पछिल्ला दिनमा उनको हरहमेसा जाने घर नइगृह थियो । नइगृह पुगेपछि उनी चटनपटाई घण्टौँ पनि बस्थे । त्यहाँ उनको नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईबाट स्वागत, सम्मान र रेखदेख हुने गर्थ्यो । त्यहाँ बसेर कुरा गर्न थालेपछि उनी आफ्नो आन्द्राभुँडी नै देखाइदिन्थे । त्यतिखेर उनी रमाएर गफ गर्थे । साथै सांसारिक कुरा गरेर उनी आफैँ चित्त बुझाउने गर्थे । त्यसै प्रसङ्गमा उनी भन्थे– 'कहिलेकाहीँ लहड चल्दा म बरालिएर घर छाड्थेँ । मलाई कचकच मन पर्दैनथ्यो । त्यतिखेर यस लोकमा आफूबाहेक कसैको केही हुँदैन भन्ने मलाई लाग्थ्यो ।'

श्यामदास वैष्णव बाँचुन्जेल आफ्नै सुर, ताल र लयमा बाँचे । वास्तवमा उनको जीवनयात्राका क्रममा उनलाई कहिलेकाहीँ औँसीपुर्ने नै पनि लाग्थ्यो । अनि कहिले उनी झोक्राएर हिँड्ने गर्थे र कहिले रमाएर जोसैजोसमा पनि हिँड्थे । अनि उनी आफू आफैँ बोल्थे र मनका भाका लेख्थे–

**सुतिराखेको मान्छेलाई**
**ब्यूँझाउन पुगेछु म बेकार !**
**ऊ उठ्तै उठेन**
**त मलाई लाग्यो**
**त्यो सुतुवा मै नै हुँ ।**

# श्यामदास वैष्णवको साहित्यिक यात्रा

श्यामदास वैष्णवका बुबा कृष्णदास वैष्णव धार्मिक प्रवृत्तिका थिए । उनी मनभित्र भगवान् हुन्छन् भनेर भाषण गर्थे । साथै भगवान्कै फोटाले उनको घर ढाकिएको हुन्थ्यो । उनी आफैँ भजन लेख्थे, त्यसमा लय ढाल्थे, ती शब्द उनैले गाउने गर्थे । उनी आफैँ तबला र हार्मोनियम पनि बजाउने गर्थे । त्यस बेला श्यामदास पनि छेउमा बसेर भजन सुन्थे र बुबाको स्वरमा स्वर मिलाउने गर्थे । साथै श्यामदास तबला र हार्मोनियम पनि बजाउने गर्थे । त्यसै बखतदेखि नै उनीभित्र साहित्यको भावना मौलाउन थालेको थियो ।

श्यामदास वैष्णव प्रतिभाशाली थिए । उनी सानैदेखि शब्द र वाक्य तौलीतौली बोल्ने गर्थे । लेखनमा रुचि भए तापनि यिनले यस दिशाका लागि आफ्नो हात समाइदिने मान्छे भेटेका थिएनन् । यसबारेको प्रतीक्षामा रम्दारम्दै उनले गोपाल पाण्डे असीमको साहित्यिक छाता ओढ्न पाए । अनि असीमले उनलाई सुरुमै कवितालेखनमा डोऱ्याएका थिए । अन्ततः वैष्णवका लेखन गुरु असीम नै दरिन पुगे ।

२००१ सालको कुरा हो– श्यामदास वैष्णव महाकवि लक्ष्मीप्रसाद देवकोटाको हात समाएर नेपाली भाषानुवाद परिषद्मा छिरेका थिए । देवकोटा नेपाली भाषानुवाद परिषद्मा जागिरे हुँदा उनले वैष्णवलाई पनि त्यहीँ जागिर लगाइदिएका थिए । त्यतिखेर वैष्णवलाई रचना साफी गर्ने कामसहित पण्डितको दर्जा दिइएको थियो । त्यहाँ सुरुमा उनको तलब मासिक पन्ध्र रुपियाँ थियो । त्यस रकमले वैष्णवपरिवारका

लागि दिनहुँ दसैं आएजस्तै हुन्थ्यो । साथै त्यहाँ पुगेपछि उनले औपचारिक रूपमा आफ्ना रचना पनि छाप्न थालेका थिए ।

नेपाली भाषानुवाद परिषद्मा जागिर खाएका बेला श्यामदास वैष्णवको बालकृष्ण समसँग परिचय भएको थियो । त्यहीं उनले समका भाइ पुष्करशमशेरसँग पनि नजिकिने मौका पाएका थिए । किनभने त्यस परिषद्का हाकिम पुष्करशमशेर नै थिए । त्यहाँ इतिहास शिरोमणि बाबुराम आचार्य, बदरीनाथ भट्टराई, गोपालप्रसाद रिमालसँग पनि यिनको घनिष्ठता बढेको थियो । सरदार रुद्रराज पाण्डे, पूर्णप्रसाद ब्राह्मण, वसन्तकुमार शर्मा, हरिश्चन्द्र न्यौपाने, बुद्धिसागर पराजुली, हृदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी आदिसँग त्यसै फेरोमा उनको आत्मीयता गाँसिएको थियो । उनीहरूसँग वैष्णवले सिक्ने मौका पाएका थिए । त्यसै बेला यिनले 'बाल साहित्यकार कोश'को काम पनि गरेका थिए । २००४ सालमा हठात् रूपमा महाकवि देवकोटा बनारस जाँदा वैष्णवलाई नरमाइलो लागेको थियो । त्यसपछि उनलाई बदरीनाथ भट्टराईको मातहतमा राखिएको थियो । नेपाली भाषानुवाद परिषद्मा उनी २००६ सालसम्म बसेका थिए ।

नेपाली भाषानुवाद परिषद्मा रहेका बेला श्यामदास वैष्णवले कवितालेखनमा आफूलाई अग्रसर गराएका थिए । त्यसै बेला उनले एउटा कविता लेखेर देवकोटाहरूका माऊ पुऱ्याए । देवकोटाको आग्रहमा उनले सबैसामु बसेर कविता सुनाएका थिए । सबैले उनलाई बधाईज्ञापन गरेपछि ऋद्धिबहादुर मल्लले उनको कविता समाए र त्यो रचना 'शारदा'मा छपाए । 'सूर्य' शीर्षकको उक्त कविता २००६ सालमा 'शारदा'मा छापिएको थियो । त्यसपछि उनका कविताका विषयमा पनि चर्चा हुन थालेको थियो ।

•

शारदाकालीन युगमा श्यामदास वैष्णव जोरगणेश प्रेसमा गएर प्रुफ हेर्थे । त्यस बेला उनले 'शारदा'को भाषासम्पादकमा नाउँ

चलाएका थिए । त्यही कालखण्डमा उनको सिद्धिचरण श्रेष्ठ, ऋद्धिबहादुर मल्लसँग निक्कै घनिष्ठता भएको थियो । त्यहाँ उनी प्रायः साँझपख पुग्थे । त्यहीँ बसेर प्रुफ हेर्न नभ्याउँदा उनले घरमा लगेर पनि हेर्थे । भाषासम्पादनमा पनि उनको सीप राम्रो थियो । प्रेसबाट पनि आनासुकी पाउँदा त्यतिखेर उनले थप राम्ररी जीविका चलाउन पाएका थिए ।

श्यामदास वैष्णवले सधैँ मान्ने व्यक्तिहरू बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा र गोपालप्रसाद रिमाल नै थिए । उनी 'उनीहरूका सङ्गत गरेर नै मभित्र जागृति आयो' भन्थे । त्यसपछि उनले पनि धेरै साहित्यकारलाई उठाए । उनले जतिका लागि आफ्नो जीवनको लगानी लगाए त्यसैमा आत्मसन्तुष्टि गरे । कसैलाई केही गरेबापत उनले यो पाऊँ पनि भनेनन् र त्यो पाऊँ पनि भनेनन् । उनले जतिको सेवा गरे कुनै सर्त र स्वार्थ राखेर गरेनन् । उनी सधैँ आर्थिक हाहाकारमा परेका बेला पनि उनले 'मलाई यो चाहियो र मलाई यो चाहिन्छ' भनेनन् । उनी बरु भोकै हिँड्थे तर उनले कसैसँग मागेर खाएनन् । कसैले केही दियो भने उनी रमाउँथे । केटाकेटीको जस्तै उनको मन निर्मल, स्वच्छ र कञ्चन देखिन्थ्यो । उनी ढाँट्न पनि जान्दैन थिए ।

एक पटक श्यामदास वैष्णवले कमल दीक्षितलाई भनेका थिए– 'रुनलाई पनि ठाउँ भेटिएन ।' अघिल्ला दिनहरूमा दीक्षित र उनको संस्थासँग वैष्णवको समर्थनै थियो । २०२० सालमा उत्तम कुँवरसँग पनि उनले मदन पुरस्कारको प्रशंसै गरेका थिए । तर कविशिरोमणि लेखनाथ पौड्यालको निधनपछि अर्थात् २०२२ सालपछि उनी मदन पुरस्कारको खरो, कटु र कठोर आलोचक बने । २०३८ सालमा नाट्यसम्राट बालकृष्ण समको निधनपछि झन् वैष्णवले मदन पुरस्कारबारे सत्य कुरा बुझ्न थाले । त्यसबारे उनी भन्थे– 'लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटालाई

मदन पुरस्कार नदिएको नै हो या उहाँहरूले नलिएको हो ? त्यो बेहोरा सबैलाई थाहै पनि छ । साहित्यका ती तीन जना विभूतिबाहेक केही राम्रै मान्छेले पनि मदन पुरस्कार पाएका हुन् । तर राम्राराम्रा स्रष्टालाई छानीछानी डिप्रेसन गराउन मदन पुरस्कारको स्थापना गरिएको रहेछ भन्नेचाहिँ पछिपछि मलाई लाग्यो ।'

•

श्यामदास वैष्णवका फुटकर रूपमा गीत, कविता, नाटक, गीतिनाटक, निबन्ध, प्रबन्ध, कथा, समालोचना अनेक पत्रपत्रिकामा छापिए । ती सङ्कलन उनले प्राय: राखेनन् । उनी व्यवहार र लेखनका लहडी थिए । जता गयो त्यतै लेख्थे र त्यतै छपाउँथे । हिँडेपछि हिँडेकोहिँडेकै गर्थे । लेख्न थालेपछि लेखिरहन्थे । यसै प्रसङ्गमा उनी भन्थे– 'मैले दुई हजारभन्दा बढी फुटकर लेख, रचना र समीक्षा लेखेँ होला । ती लेखरचनाहरू कताकता, केकेमा, कहिलेकहिले छापिए मलाई नै पनि थाहा छैन ।'

•

श्यामदास वैष्णवको सिर्जनासँग धेरै बौद्धिक गिदीहरू घनिष्ठ थिए । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि वैष्णवका रचनाको भारी तारिफ गरेका थिए । देवकोटाले वैष्णवको प्रशंसामा मात्र आफ्नो ओठ सुकाएनन् एउटा सिङ्गो कविताकृतिकै अङ्ग्रेजीमा अनुवाद गरिदिएका थिए । त्यतिखेर वैष्णवको सिर्जनात्मक व्यक्तित्वको प्रभाव राजदरबारसम्म पनि पुगेको थियो ।

राजा महेन्द्रको इच्छाले २०२६ सालमा श्यामदास वैष्णव नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्य भएका थिए । त्यति बेला उनको जिम्मामा नाटक विभाग परेको थियो । त्यस विभागमा रहेर उनले राम्ररी आफ्नो गच्छे अर्पण गरेका थिए । उनैको संयोजन, निर्देशन र व्यवस्थापनबाट 'नेपाली नृत्यपरिचय', 'टुङ्ना विज्ञान', 'प्रज्ञापरिचय'

र 'मादल' आदि वाद्यसम्बन्धी कृति पनि तयार भएका थिए । तर त्यस ठाउँको अनेक खिचातानीका अघि उनको पद फस्टाउन सकेन; अथवा भनौँ, बढ्न सकेन । उनले पद पाएको दुई वर्षपछि राजा महेन्द्र पनि स्वर्गीय भए । त्यसपछिका राजा वीरेन्द्रले वैष्णवलाई त्यति सारो चिनेको थिएनन् । तर अनेक तरहबाट राजदरबारमा उनको देशभक्तिपूर्णको छविबारेको चाहिँ गतिलो सूचना पुगेको थियो ।

•

श्यामदास वैष्णवले आफ्नो जीवन परिचालन गर्न र परिवार धान्न धेरै कसरत गरेका थिए । उनी एकातिर मानसिक तनावमा हुनु र त्यसका लागि औषधिमुलोका लागि फुटीकौडी नहुनु उनको जीवनमा प्रवष्टि भयानक दुर्भाग्यको समय थियो । साथै घरपरिवार लथालिङ्ग हुनुको अर्को पीडा उनीभित्र जोडिँदा उनको होसहवासै लुटिएको अवस्था थियो । नेपाली साहित्यका एक खेमा वा प्रकारका साहित्यकारको काखी बजाउने नीति त्यस बेला पनि नौलो मानिँदैनथ्यो । तर पनि उनले आफ्ना खुट्टालाई लरबराउनबाट बचाउने हरप्रयास भने गरिरहेकै थिए । उनलाई मानसिक तनाव भएकै कालखण्डमा उनले संस्कृति विभागको 'हाम्रो संस्कृति'नामक पत्रिका, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको 'माधुर्य' र रेडियो नेपालको 'ऋङ्कार' पत्रिकाको तारिफयोग्य सम्पादन गरेका थिए ।

श्यामदास वैष्णवले फुटकर रूपमा धेरै लेख लेखेका थिए । तर ती लेख कताकता थिए उनैले भेउ पाउन सकेका थिएनन् । यस मामला पनि उनी अव्यावहारिक थिए । रेडियो नेपालको स्थापनादेखि नै उनले रेडियो रूपक पनि लेखे र आफैँ अभिनय गरे । यति हुँदाहुँदै रेडियो नेपालका लागि लेखेका केही एकाङ्की नाटकको चाहिँ संरक्षण भएको बेहोरा मदनदास श्रेष्ठबाट ज्ञात भएको थियो ।

•

श्यामदास वैष्णवले आफ्नो जीवनको पेसा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई बनाएका थिए । मानौँ, देवकोटा यिनको कार्यालय थिए । देवकोटालाई भेटेपछि देवकोटाले नै यिनलाई छाड्न मानेनन् । यिनका अक्षरबाटै नै देवकोटा यीसँग लोभिएका थिए । त्यसैले यी बीस वर्ष टेक्ता नटेक्तै देवकोटाका कृतिहरू सार्ने काममा लागे । देवकोटाका किरिङमिरिङ अक्षर यिनले मात्रै बुझ्न सक्थे । यिनका अक्षर धेरै राम्रा थिए । त्यही अक्षरमा लोभिएर देवकोटाले यिनलाई काखी चेपेका थिए । त्यसपछि देवकोटाका लेखोट यिनले राम्रो कागजमा सार्ने काम गरे । यदि यी देवकोटाका छेउमा नपुगेका भए देवकोटाका महासागर रचनामध्ये अधिकांश लेखरचना जनमाझ आउन हम्मेहम्मे नै पर्थ्यो । वास्तवमा देवकोटाले आफू व्यास भएर वैष्णवलाई आफ्नो गणेश मानेका थिए । तर पछिपछि वैष्णव आफैँले भन्न थाले– 'देवकोटाको म हनुमान् बनेँ ।'

लक्ष्मीप्रसाद देवकोटाका पछिपछि हिँड्दा श्यामदास वैष्णवले शिक्षासेवा पनि गर्न पाएका थिए । लक्ष्मीप्रसाद देवकोटा, वैष्णव र रामजीप्रसाद अर्यालको मिलोमतोमा नक्सालमा नन्दी रात्रि विद्यालय खुलेको थियो । बिहान र दिउँसो घरेलु काम गरेर पढ्न चाहनेलाई स्कुल चाहिन्छ भनेर त्यो स्कुल स्थापना गरेको बेहोरा वैष्णवकी छोरी इन्दु वैष्णवले बताएकी थिइन् । त्योभन्दाअघि वैष्णव र अर्याल दुवैले देवकोटाका कृति राम्रो अक्षरमा सार्ने काम गर्थे । तर पछिपछि देवकोटाले 'श्यामका अक्षर राम्रा छन्, भैगो तिमीले दुक्ख गर्नु पर्दैन' भनेर अर्याललाई आफ्ना रचना सार्ने कामबाट अलग्याएका थिए ।

श्यामदास वैष्णवले महाकवि देवकोटाका अधिकांश रचना साफी गर्ने काम गरे । साथै कन्चन पुडासैनीले पनि देवकोटाका लेखरचना साफी गरेर वैष्णवलाई सघाउने गर्थे । पुडासैनीले पनि देवकोटाका कृति सम्पादन गर्ने काम गरे । दुवै जना स्रष्टालाई देवकोटाले आफू बाँचुन्जेल छाडेनन् ।

श्यामदास वैष्णव लक्ष्मीप्रसाद देवकोटासँग हरेक दिन भेटघाट गर्थे । उनीहरू सँगसँगै हिँड्थे, पैसा हुँदा बाटामा सँगसँगै खान्थे । उनीहरूलाई हलुवास्वारी र जेरी मन पर्थ्यो । अनि उनीहरू प्राय: त्यही खान्थे । तलब बुझेका दिन यी दुवै जना होटेलहोटेलमा मासु सुड्दै पुग्थे । देवकोटाले जेजे खान्थे, वैष्णव पनि त्यहीत्यही खान्थे ।

हरेक दिन महाकवि देवकोटालाई घरमा लिन जाने काम श्यामदास वैष्णवकै हुन्थ्यो । साथै देवकोटालाई घर पुऱ्याउन पनि उनी जान छाड्दैन थिए । उनीहरू एक जना माटो थिए र अर्को जना ढुङ्गा थिए । यसैबारे वैष्णव भन्थे– 'हामी भोकै पनि हिँडचौँ । हाम्रो पेट छाम्ने मान्छे हामीले कहिले भेटेनौँ । तर हामीलाई भेट्नेहरू भन्थे– 'कविजी कविता सुन्न पाऊँ न ! त्यसो सुनेपछि देवकोटाजी कविता भन्न थाल्नुहुन्थ्यो । उहाँको आग्रहमा म पनि कविता सुनाउने गर्थें ।' त्यति बेला वैष्णवलाई मन परेको कविता थियो–

**ए मौन निशाका ताराहो**
**शून्य गगनमा निर्जन क्षणमा**
**अन्धकारको बाक्लो बनमा**
**बत्ती बाली झिमझिम गर्छौ**
**कोसित गर्न इशारा हो**
**ए मौन निशाका ताराहो !**

श्यामदास वैष्णवको युवाकाल डुलफिर, जनसम्पर्क र किताप पढेर बितेको थियो । त्यस बेला उनी खास गरेर जासुसी उपन्यास पढ्थे र त्यस्तै प्रकारका लेखरचना गर्न मन पराउँथे । त्यस बेला उनले धेरै जासुसी कथा लेख्तै, च्यात्तै पनि गरे । त्यति बेलाको प्रसङ्गमा उनी भन्थे– 'म डुबेरै लेख्थें र फेरि पढेपछि आफूलाई लाज लाग्थ्यो र पढेर च्यातिदिन्थें ।'

श्यामदास वैष्णव नेपाली भाषाका विद्वान् थिए । उनी नेवारी भाषामा पनि मकैका फूल फुटाउँथे । हिन्दी र उर्दू भाषामा पनि

उनको ज्ञान थियो । उर्दू सिनेमा हेर्न थालेपछि आँखासम्म नझिम्काई सिनेमा हेरिसक्थे । विजय मल्ल र वैष्णव प्राय: नेवारी भाषामा कुरा गर्थे । साथै उनीहरू दुवै जना एकअर्कासित घाँटी जोडेर हिँड्थे । मल्ल नाटकका विषयमा वैष्णवसँगै सल्लाह गर्थे । वैष्णवले पास गरेपछि मात्र उनी आफ्ना कृति प्रेसमा पुऱ्याउने गर्थे ।

•

श्यामदास वैष्णवको कविताले धेरैलाई लोभ्याएको थियो । राजा महेन्द्र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा पुगेका बेला एक पटक श्यामदास वैष्णवसँग राजाको जम्काभेट भएको थियो । त्यस बेला राजाले वैष्णवलाई भनेका थिए– 'श्याम ! तिम्रा कविताको म पारखी हुँ । तिम्रा कविता मलाई मन पर्छन् । म पनि लेख्ने जमर्को गरिरहेको छु ।' अर्को दिन फेरि राजा महेन्द्रले राजदरबारमा बोलाएर वैष्णवलाई भनेका थिए– 'श्यामदासका कविताको एउटा लहरले मलाई छोएको छ– सुतिरहँदा कहीँ सफलताको क्षण नगुमोस् ।' त्यस बेला राजाले वैष्णवलाई कविता सुनाउन आग्रह गरेका थिए । अनि उनले राजालाई नै मन परेको आफ्नो एउटा कविता सुनाएका थिए–

**जब उपाय मेरो असफल बन्छन्**
**शिथिल बनी पल्टन मन लाग्छ**
**निद्रामा बेहोस बनेर**
**यो सब बिर्सन मन लाग्छ;**
**तर शङ्का यो लाग्छ कि–**
**सुतिरहँदा कहीँ सफलताको क्षण नगुमोस् ।**

श्यामदास वैष्णवको कविता रट्ने अर्का कवि भूपी शेरचन थिए । उनले एक पटक वैष्णवलाई भनेका थिए– 'म अहिले कम्युनिस्ट विचारधारामा लागेको छु । तर पनि तपाईंको कविताले मलाई हराएको पाएँ ।' सिद्धिचरण श्रेष्ठले पनि वैष्णवलाई धाप मार्थे । श्रेष्ठले त २००७ सालमा नै वैष्णवका कविताबारे लेखेका पनि

थिए– 'श्यामजीका कवितामा माधुर्य छ, कारुण्य छ, आन्तरिक चमत्कार छ ।' योगी नरहरिनाथले पनि वैष्णवलाई भेटेका बेला 'स्याबास' भन्थे । वास्तवमा देवकोटाकालीन युगमा वैष्णवको साहित्यिक बजारले आकाश छोएको थियो ।

रेडियो नेपालको विकासमा श्यामदास वैष्णवको भूमिका राजा महेन्द्रलाई पनि थाहा थियो । त्यसैले राजाले वैष्णवलाई भनेका थिए– 'केही अप्ठ्यारो पऱ्यो भने मलाई खबर गर्नु ।' वैष्णवका अनुसार रेडियो नेपालको स्थापना गर्न नाटचसम्राट् बालकृष्ण समको गहिरो भूमिका थियो । यसै प्रसङ्गमा वैष्णवले भने– 'बालकृष्ण समको आह्वानमा रेडियो नेपालको स्थापनामा म पनि सहयोगी हुन पुगेँ ।' त्यस ठाउँमा वैष्णवले अठार वर्ष सेवा गरेका थिए ।

•

श्यामदास वैष्णव २००७ सालको क्रान्तिपछि 'आवाज' दैनिकको सहसम्पादक बने । ऋद्धिबहादुर मल्लको जोरगणेश प्रेसको प्रबन्धनमा 'आवाज' छापिन्थ्यो । त्यस पत्रिकाका सम्पादकहरू सिद्धिचरण श्रेष्ठ, गोविन्द गोठाले र मुरारीकृष्ण थिए । तर पनि पत्रिकाको सबै काम प्रायः वैष्णवले नै गर्थे । त्यसैले ऋद्धिबहादुर मल्लको करकापले पछि वैष्णव नै 'आवाज'को सम्पादक बनेका थिए । अन्ततः त्यो पत्रिका वैष्णवको समाचार पत्रकारिता र साहित्यिक पत्रकारिताको सिफारिस नै बन्यो । त्यसपछिका दिनमा उनी रेडियो नेपालको 'झङ्कार', पुरातत्त्व विभागको 'हाम्रो संस्कृति' र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको 'माधुर्य'को सम्पादक पनि बनेका थिए ।

भाषासम्पादनका सिलसिलामा श्यामदास वैष्णवले नारायणप्रसाद बासकोटाको 'प्रगति' द्वैमासिकका लागि पनि प्रुफ हेर्ने काम गरे । त्यसै बेला अर्थात् २००९ सालतिर उनको भीमदर्शन रोकासित घनिष्ठता भएको थियो । दुवैमाझ केवल साहित्यकै मात्र विमर्श भइरहन्थ्यो । त्यति बेलाको प्रसङ्गमा वैष्णवले भने– 'रोका निश्चल

मग्नमस्त मान्छे हुनुहुन्थ्यो । टुँडिखेलमा डुल्दै एकान्तमा बसेको बेला उहाँले मलाई कुनै कविता सुनाउन आग्रह गर्नुहुन्थ्यो–

**'मेरी प्रियसीले पनि मलाई हेरिरहेकी होलिन्**
**त्यही तारालाई हाम्रो मिलन कति उच्च छ ।'**

श्यामदास वैष्णवले पत्रिकामा काम गरेताका नै महाकवि देवकोटाको 'पागल' कविता 'प्रगति'मा छापिएको थियो । २०१० सालको कुरा हो– 'पागल' कविता लिएर देवकोटा र वैष्णव नारायणप्रसाद बासकोटाको घर कोपुण्डोल गएका थिए । वैष्णवका अनुसार देवकोटाले त्यो कविता 'प्रगति'का सम्पादक बासकोटालाई पनि सुनाएका थिए ।

श्यामदास वैष्णवले 'साझा' केन्द्रीय कार्यालयको 'सहकारी संवाद' पत्रिकाको लेखन तथा सम्पादनमा विशिष्ट भूमिका निर्वाह गरेका थिए । साझा प्रकाशनबाट प्रकाशित हुने कृति वैष्णवले पढेर पास गरेपछि मात्र प्रेसमा जान्थे । साथै साझा प्रकाशनबाट प्रकाशित 'गरिमा'को परिकल्पनाकार पनि वैष्णव नै थिए । यसै प्रसङ्गमा उनले भनेका थिए– 'क्षेत्रप्रताप अधिकारी 'साझा'मा आएपछि 'गरिमा' प्रकाशित गरिनु पऱ्यो भनी सुझाव दिएको थिएँ मैले । त्यसपछि अधिकारीले यो त साह्रै राम्रो प्रस्ताव आयो भनेर 'गरिमा' प्रकाशन गर्न थाल्नुभयो । 'गरिमा'को नाउँ राखेको मैले नै हो ।'

श्यामदास वैष्णव साहित्यको संसारमा डुल्दा पोषण पाण्डेसँग पनि नजिक पुगे । साथै वैष्णवले शङ्कर लामिछानेलाई पनि क्युरियो पसलमा भेटे । लामिछानेको दुक्ख र सुक्खका कथा उनले लामिछानेकै मुखबाट सुने । त्यति बेला उनलाई लाग्यो– 'अन्ततः सबैले दुक्खै पाइरहेका छन् ।' लामिछानेको वेदनामा मलम लगाउने सामर्थ्य वैष्णवमा थिएन । दुवै जना दुःखीराम भएका कारण उनीहरू एकअर्कामा टमक्कै बाँधिन थाले । त्यस बेला लामिछानेको पसलमा मुकुन्डोहरू पनि बिक्रीका लागि राखिन्थे । त्यहाँ मुकुन्डो देखाएर

एक दिन वैष्णवले लामिछानेलाई भनेका थिए– 'यी मुकुन्डोहरूका बीचमा तपाईं पनि एक मुकुन्डो नै जस्तो देखिनुहुन्छ ।'

कुनै एउटा समयमा सिद्धिचरण श्रेष्ठले भन्ने गरेका थिए– 'कसैको कृति सपार्नु छ भने श्यामदास वैष्णवकोमा जानुपर्छ ।' वास्तवमा सिद्धिचरणका कृति पनि वैष्णवले नै परिष्कार गरिदिन्थे । त्यति मात्र होइन, वैष्णवको सिफारिसमा नै महाकवि देवकोटाले सिद्धिचरण श्रेष्ठलाई 'युगकवि'को पगरी गुथिदिएका थिए ।

श्यामदास वैष्णव र दौलतविक्रम विष्टको पनि आउनजान भइरह्यो । त्यति बेला उनीहरूले मिल्तीमा आउनेमा नाउँ चलाएका थिए । विष्टका लेखरचना वैष्णवबाटै परिष्कृत गरिने कार्य पनि भइ नै रहे । साथै लक्ष्मण लोहनी पनि सारमा सार मिलाएर वैष्णवसँगै बसेर गीत लेख्थे र गीत गाउँथे । वैष्णवले प्रेमराजेश्वरी थापाका कविता पनि साफी गर्ने काम गर्थे । अन्तमा उनले आफ्नो मन्तव्य पनि प्रकट गर्थे–

**लिन्छौ कोही म आफ्नो**
**जीवन सुम्पन चाहन्छु**
**महत्त्व यसको होस् या नहोस्**
**म उन्मुक्त हुन चाहन्छु ।**

# श्यामदास वैष्णवको नाटकमा प्रवेश

श्यामदास वैष्णवलाई साहित्य अध्ययन र लेखनमा चासो बढ्न थालेको थियो । यसै परिवेशमा उनको भेट महाकवि लक्ष्मीप्रसाद देवकोटासँग भयो । त्यही कालखण्डमा उनले आफूलाई लेखनमा सरिक गराएका थिए । वैष्णवको रुचि नाटचकलामा पनि भएको बेहोरा महाकवि देवकोटालाई थाहा थियो । त्यसैले उनैको सिफारिसमा वैष्णव नाटकमण्डली डिल्लीबजार पनि पुगेका थिए । देवकोटाले वैष्णवलाई त्यस ठाउँमा ठेलेपछि नाटचकारितामा उनले आफ्नो दक्षता उमार्न थालेका थिए ।

•

नाटकमण्डलीमा पुगेपछि श्यामदास वैष्णव लेखनका अतिरिक्त नाटकतिर ढल्कन थालेका थिए । उनको रुचि नाटकमा नै केन्द्रित हुँदै गयो । राष्ट्रिय नाटक मण्डलमा वैष्णवको सक्रिय सहभागिता थियो । २०१३ सालमा राजाले संस्थाको उद्‌घाटन गरेपछि त्यस ठाउँमा बराबर नाटक मञ्चन हुन थाले । त्यस समयमा वैष्णवले सिर्जनात्मक लेखन र नाटक अभिनयमा बराबरी हात हालेका थिए ।

रङ्गमञ्चमा खुट्टा हालेपछि श्यामदास वैष्णवले पहिलो चोटि ‘कृषिबाला’मा कृषकको भूमिका खेलेका थिए । महाकवि देवकोटाकृत ‘कृषिबाला’ नेपाली भाषासाहित्यको प्रथम गीतिनाटक मानिन्छ । त्यसपछि वैष्णवले ‘स्वामी रणबहादुर’नामक नाटक बनाए र त्यसमा उनले शेरबहादुरको भूमिका निर्वाह गरेका थिए । वैष्णवले

देवकोटाको खण्डकाव्य 'वसन्ती'लाई पनि गीतिनाटक बनाए । अनि काठमाडौँवासीमाछ 'वसन्ती' पनि खुबै चर्चित भयो । यस गीतिनाटकको वैष्णवले नै निर्देशन गरेका थिए । त्यस गीतिनाटकको सङ्गीतकार थिए– बच्चुकैलाश ।

नाट्यसम्राट् बालकृष्ण सम नेपाली नाटक विधाका जगत्गुरु थिए । नेपालमा नाटकलाई लोकप्रिय बनाउने उनी शिखर पुरुष थिए । उनले जति नाटक लेखे त्यसको प्राय: आफैँ पनि निर्देशन गरेर अभिनय कलामा उनी आफैँसमेत समाहित भए । समको त्यही बिडो श्यामदास वैष्णवले समाएका थिए । अर्थात् समको जैँ स्तरीय नाटक लेख्ने, त्यसको गहकिलो निर्देशन गर्ने र त्यसैमा कलात्मक अभिनय गर्ने कोटिमा वैष्णवको नाउँ पनि दाखिल भयो ।

श्यामदास वैष्णव राष्ट्रिय नाटक मण्डलको भित्री पात्र थिए । त्यसै मण्डलमार्फत उनी नाटककारका रूपमा चर्चित भएका थिए । पछिपछि उनी नाटक लेखक, निर्देशक र अभिनयमा सफल रूपमा उभिन थालेका थिए । उनले राष्ट्रिय नाटक मण्डलमा निकै ठूलो हैसियत बनाएका थिए । त्यही ठाउँको साउँब्याजले नाटकमा उनको प्रतिष्ठाले उचाइ स्थापित गरेको थियो । सबैका पतेरा भएपछि उनी राष्ट्रिय नाटक मण्डलको सचिव पनि भएका थिए ।

श्यामदास वैष्णवले नाटकमा ठूलै हलचल ल्याएका थिए । उनको सानदार प्रस्तुतिका कारण नाटक हेर्ने दर्शकहरूको पनि बढोत्तरी भएको थियो । त्यतिखेर उनी केवल राष्ट्रिय नाटक मण्डलभित्र मात्र प्रस्तुत भएनन् । वैष्णव र चित्तरञ्जन नेपाली भएर काठमाडौँ उपत्यकाका विभिन्न स्कुलमा गएर विद्यार्थीलाई नाटक सिकाउन र देखाउन पनि थाले । त्यस कालखण्डमा उनको सम्पूर्ण दिनचर्या नाटक, नाटक र नाटकमा नै खर्च हुने गर्थ्यो । जनचाहाना पनि नाटकमा नै आबद्ध भएको वैष्णवले अनुभूत गरेका थिए । यसै सम्बन्धमा उनी भन्थे– 'जनजागरणका लागि नाटक एउटा बलियो

पाटो थियो । शिक्षित र अशिक्षित जसले पनि मनोरञ्जन लिने थलो एक मात्र नाटक नै थियो । त्यसैले पनि नाटक छिटै लोकप्रिय हुन पुगेको थियो ।'

श्यामदास वैष्णवले साहित्यकार भेट्नै हुँदैनथ्यो । त्यति बेला उनी 'यहाँले पनि नाटकमा खेलिदिनुपर्छ' भन्न चुक्तैन थिए । त्यही रीतमा पछिल्ला दिनमा वैष्णवले पारिजातलाई पनि नाटकमा खेलाएका थिए । उनको त्यो शैली विजय मल्ल र गोविन्द मल्ल गोठालेलाई पनि मन परेको थियो । यी दुवै मल्लहरूको नाटक पनि वैष्णवले परिष्कृत गरिदिन्थे । त्यसैले ती सहोदर दाजुभाइका अनुरोधमा उनीहरूले लेखेका नाटक पनि वैष्णवले नै निर्देशन गर्ने गर्थे । त्यसपछि मल्लहरू र वैष्णवको नाटकमा एउटा ओजपूर्णको चौतारीको बनोट भएको थियो । अनि त्यस चौतारीमा सानाठूला धेरै नाटचकर्मी र साहित्यकारको जमघट हुने गर्थ्यो । त्यति बेलादेखि नै उनी रेडियो नेपालमा रूपक लेख्थे, आफैँ निर्देशन गर्थे र आफैँ अभिनय गर्थे । उनी जोडिएपछि नै रेडियो नेपालको पनि नाटक फस्टाएको थियो ।

श्यामदास वैष्णवले युवाअवस्था टेकेपछि नाटकमा चर्चा कमाएका थिए । त्यसपछि नीरविक्रम प्यासी, मास्टर रत्नदास प्रकाश, गोपीनाथ अर्याल, हरिप्रसाद रिमाल उनका नाटक समकक्षी भए । २००७ सालअघि नाटक प्रदर्शन गर्न राणाहरूको स्वीकृति लिनुपर्दथ्यो । त्यस बेलाको नाटक कला र कलाकारका विषयमा उनले लेखेका छन्– 'महिला पात्र पाउन कठिन थियो । पुरुषलाई नै महिलाको भूमिकामा अभिनय गराइन्थ्यो । कोही महिला नाटकमा अभिनय गर्न तयार भए पनि त्यसका लागि राणाहरूको स्वीकृति चाहिन्थ्यो । मलाई नाटक लेखन, निर्देशन, अभिनय तीनओटै कुरामा रुचि थियो । सुरुमा स्टेजहरूमा नाटक गरिन्थ्यो । पछि रेडियो नेपालको स्थापना भएपश्चात् रेडियो नाटकतिर लागेँ ।' खास गरेर २०२० सालदेखि उनले नाटकमा नेतृत्वदायी भूमिका खेल्न थालेका थिए ।

श्यामदास वैष्णवले रेडियो नेपालमा प्रवेश भएर हलचलै मच्चाएका थिए । रेडियो नेपालमा 'नाटक भनेका श्यामदास वैष्णव र श्यामदास वैष्णव भनेका नाटक हुन्' भन्ने थेगोमा पनि उनलाई उभ्याइएको थियो । त्यस बखतको उनको हैसियतबारे मदनदास श्रेष्ठले भने– 'श्यामदास वैष्णवले रेडियो नेपालको नाटक विभागलाई जुरुक्कै उचालेर काँधमा बोकेका थिए । २०२० सालतिर उनलाई हामी रेडियोका भीम भन्थ्यौँ ।' रेडियो नेपालमा उनी झन्डै सत्र वर्षसम्म अडिएका थिए ।

नेपालमा नाटकका परम्पराका सन्दर्भमा 'नाटचभूषण : मदनदास श्रेष्ठ' (२०७३) नामक कृतिमा श्यामदास वैष्णवले लेखेका छन्– 'राणाकालमा डबली र राणाका दरबारमा देखाइने नाटक पछि रेडियो र हलहरूमा विस्तार भयो । प्रजातन्त्रको स्थापनापश्चात् नाटकका लागि राष्ट्रिय नाचघर र रेडियो नेपाल नै प्रमुख केन्द्र थिए । मचाहिँ रेडियो नेपालमा नाटक निर्देशन गर्थें । नाटक निर्देशनमा लागेको मान्छे समकालीन नाटकका गतिविधिहरूमा चासो नहुने कुरै भएन । त्यसैले आफू रेडियो नाटक निर्देशन गर्ने भए पनि अन्य स्थानमा भएको नाटक प्रदर्शनमा पनि अतिथि वा दर्शकका रूपमा सहभागी हुन्थेँ ।'

श्यामदास वैष्णव नाटकमा कसरी नेतृत्वदायी भूमिकामा प्रवेश भए भन्नेबारे उनी लेख्छन्– 'त्यो बेला म नाटचक्षेत्रमा रहरको भरमा लागेको मान्छे थिएँ । पछि नाटक मेरो अम्मल नै बन्यो । मेरो अम्मलमा साथ दिन अरू पनि धेरै अम्मलीहरू जम्मा भए ।'

श्यामदास वैष्णव आफू पनि नाटकमा समर्पित थिए । त्यसैले उनी समर्पित नाटक कलाकार खोज्ने क्रममा नै थिए । उनले आफ्नो मनले खाएको व्यक्ति मदनदास श्रेष्ठलाई भेटे । त्यसै सन्दर्भमा उनले प्रकाश पारेर लेखे– '२०२१ सालतिर राष्ट्रिय नाचघरमा एउटा नाटक प्रदर्शन हुँदै थियो । मेरो स्मरणमा भएसम्म त्यो नाटकको

नाम 'धनबहादुरको मृत्युमा परिवारको आँसु' थियो । नाटकमा धनबहादुरको भूमिका गर्ने व्यक्तिको अभिनयबाट म अत्यन्त प्रभावित भएँ । धनबहादुरको भूमिका गर्ने ती व्यक्ति मदनदास श्रेष्ठ रहेछन् । उनको अभिनयबाट म यतिसम्म प्रभावित भएँ, नाटक सकिएपछि मञ्चमै पुगेर उनलाई भेटेर उनको अभिनयकलाको प्रशंसा गर्दै बधाई दिएँ । शकुन्तला गुरुङले मदनदासको जोडीको भूमिका निर्वाह गरेकी थिइन् ।'

श्यामदास वैष्णवले मदनदास श्रेष्ठको आनीबानी, कार्यकौशल र वैयक्तिक चरित्रको पनि अध्ययन गरिरहे । त्यसैले उनले पछिल्ला दिनमा श्रेष्ठसँग आफ्नो मन, वचन र कर्म पनि जोडे । उनी श्रेष्ठसित अति प्रभावितै भए । यसै परिप्रेक्ष्यमा उनले लेखे– 'निर्देशक जहिले पनि अभिनयको लोभी हुन्छ । निर्देशक राम्रो अभिनय गर्ने मान्छे कहिले पनि गुमाउन चाहँदैन । मलाई पनि मदनदासजीको अभिनयकलामाथि लोभ लाग्यो । त्यसैले उहाँलाई मैले रेडियो नेपालमा बोलाएँ र आफ्ना नाटकहरूमा स्वर दिन लगाएँ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कृषिबाला' नै मदनदासजीले मेरो निर्देशनमा स्वर दिएको पहिलो नाटक हो । आफूलाई पूर्ण रूपमा बिर्सेर आफूले जुन पात्रको अभिनय गर्नु छ सोही पात्रलाई आफूमा आरोपित गर्न सक्नु कलाकारको सबैभन्दा ठूलो क्षमता हो । मदनदासमा त्यो गुण भएकाले नै उनी यो शिखर चुम्न सफल भएका हुन् ।'

श्यामदास वैष्णवले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सहसदस्य भएका बखत त्यस ठाउँले नाटकको विकास गरेको पाइन्छ । त्यति बेला विजय मल्ल र वैष्णव नाटकलाई शिखरमा पुऱ्याउन उद्धत थिए । त्यसपछि उनले भनेका थिए– 'अब नाटक पेसा बन्ने अवस्थामा आइसकेको छ तर हामी नाटकमा लाग्दाको समय नाटक रहर मात्र थियो । त्यो बेला म पनि नाटचक्षेत्रमा रहरको भरमा लागेको मान्छे थिएँ । पछि नाटक मेरो अम्मल नै बन्यो ।'

श्यामदास वैष्णव रेडियो नेपालमा कार्यरत भएका बेला नाटकको मात्र विकास भएन; गीतसङ्गीतको क्षेत्रमा पनि उल्लेखनीय उपलब्धि भयो । उनी त्यहाँ रहँदा नातीकाजी, तारादेवी र शिवशङ्करले उनीबाट प्रोत्साहन पाइरहे । नातीकाजीलाई गीतिनाटकको सङ्गीतकलामा आबद्ध हुन वैष्णवले नै थप प्रोत्साहन दिएका थिए भने त्यसबारेको गायनमा तारादेवीलाई उभ्याउने काम वैष्णवले नै पनि गरेका थिए । अम्बर गुरुङ र नारायणगोपाललाई पनि गीतिनाटकको प्रस्तुतिमा वैष्णवले सक्तो मद्दत गरेका थिए । नेपाली पटभूमिको रङ्गमञ्चमा वैष्णवको बालकृष्ण समपछि उत्कृष्ट लगानी रहेको थियो ।

श्यामदास वैष्णवले टेलिचलचित्रहरूमा पनि अभिनय गरे । यिनले प्रमुख भूमिका निभाएका चलचित्रमध्ये 'डोको', 'सत्असत्', 'सत्यको महत्त्व', 'इज्जत कि बेइज्जत' निकै चर्चित पनि भए ।

नेपाली रङ्गमञ्चमा श्यामदास वैष्णवको भूमिका माथिल्लो स्तरको थियो । त्यसैले उनको योगदानका विषयमा चौतर्फी प्रशंसा भएको थियो । नाटकमा उनको त्याग, तपस्या र आराधनाका बारे निजी क्षेत्रको सकल प्रज्ञाप्रतिष्ठानमा चर्चित 'सर्वनाम'का संस्थापक अशेष मल्लले भनेका थिए– 'नाटचसम्राट् बालकृष्ण समकै पथलाई पछ्याउने श्यामदास वैष्णव नेपाली रङ्गकर्ममा समपछि एउटा अर्का धरोहर हुन् । समपछि नाटकको रङ्गशिल्पीय क्षमता कसैमा थियो भने वैष्णवमा नै थियो । उनले नाटक मात्र लेखेनन्, निर्देशन र अभिनयको जिम्मेवारी पनि वहन गरे ।'

# श्यामदास वैष्णवको आर्थिक अवस्था

श्यामदास वैष्णवले आफ्नो जीवनकालमा आर्थिक सम्पन्नता भोग्न पाएनन् । त्यति मात्र होइन, आर्थिक रूपमा आफ्नो घरपरिवार सुकिलो र मुकिलो भएको समेत उनले देख्न पाएनन् । भोलिको दिन केही राम्रो होला र राम्रै होला भन्ने आसैआसमा उनको एउटा सिङ्गो जीवन रित्तिएको थियो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृपाले श्यामदास वैष्णवले नेपाली भाषानुवाद परिषद्मा जागिर खाएका थिए । त्यति बेला पन्ध्र रुपियाँले पाँच जनाको परिवार दुक्खसुक्ख पालिन्थ्यो । तर केही समयपछि त्यो संस्था खारेजीमा परेको थियो । अनि उनको जीवनमा फेरि हुन्डरी आउन थाल्यो ।

श्यामदास वैष्णवको राम्रो जागिर भनेको नेपाली भाषानुवाद परिषद्मा नै थियो । त्यतिखेर जागिर खाने साथै हात धुनुपरेको व्यथा उनले कहिले भुल्न सकेनन् । यसै प्रसङ्गमा उनले भनेका थिए– 'त्यस संस्थामा ताला लागेपछि केही काल मेरो हरि बिजोक भएको थियो । खाइपाई आएको संस्था मूर्च्छित भएपछि मेरो पनि त्यस्तै हालत हुन गयो ।'

सास भइन्जेल आस हुन्छ भन्ने हिसाबमा श्यामदास वैष्णव विविध ठाउँमा दौड्दै पुगे । पद्मशमशेरका कारिन्दा हरिगोविन्द जोशीसँग उनको चिनजान थियो । त्यसैले उनले आफ्नो र परिवारको प्राण धान्न जोशीसँग हारगुहार गरे । केही समय जोशीका घरमा

धाएपछि उनले माल अड्डामा जागिर पाए । त्यस ठाउँबाट उनले राम्रै तलब पाउँथे । तर त्यस ठाउँले उनको रुचिलाई शोभा दिएको थिएन । अनि त्यहाँ उनी दुई वर्ष मात्र बसे । किनभने नेपाली भाषानुवाद परिषद् फेरि ब्यूँतिएको थियो । उनलाई घरजग्गा जोड्नुभन्दा पनि साहित्यको सेवा गर्नेपट्टि रुचि धेरै थियो । त्यसैले मालको जागिर छोडेर पुरानै ठाउँमा पुगेर उनले कलम समाएका थिए ।

•

रेडियो नेपालको स्थापनापूर्व त्यस संस्थाका लागि केही योग्य मान्छेको छनौट गरिएको थियो । त्यति बेला बालकृष्ण समको प्रतापले त्यसै समूहमा श्यामदास वैष्णव पनि घुसेका थिए । अनि वैष्णवले चाहिँ रेडियो नेपालको स्थापनासँगसँगै त्यहाँ कार्यक्रम चलाउन थालेका थिए । उनी छिटोभन्दा छिटो चर्चित पनि भएका थिए । त्यति बेला जताजता रेडियो नेपाल घन्कन्थ्यो त्यतात्यता वैष्णवको नाउँ पनि सुनिने गर्थ्यो ।

श्यामदास वैष्णवले रेडियो नेपालमा पसेर नाउँ पनि कमाए र दैनिक गुजारा चलाउन पैसा पनि पाए । त्यस ठाउँमा उनलाई नाटयसम्राट् बालकृष्ण समले पुऱ्याएकोमा समसँग उनी आजीवन ऋणी भइरहे । वास्तवमा त्यति बेला घरको गर्जो टार्न रेडियो नेपालले उनलाई सयकडा पचहत्तर राहत दिएको थियो ।

•

श्यामदास वैष्णव आनासुकी सङ्ग्रह गर्न काम खोज्दै जता पनि पुग्थे । धेरै पसिना बगाउँदा केही रकम उनी हात पनि पार्थे । त्यही मेसोमा उनले ‘आवाज’ दैनिक पत्रिकामा सहसम्पादकको भूमिका निर्वाह गरेका थिए । पछि उनले त्यस पत्रिकाको सम्पादकको हक पनि पाएका थिए । त्यस पत्रिकामा सम्पादक भएपछि उनले निक्कै राम्ररी आफ्नो शिर उठाएका थिए ।

•

राजा महेन्द्रमार्फत श्यामदास वैष्णव रवीन्द्र शाहका छेउ पुगेका थिए । रवीन्द्र शाहले वैष्णवलाई सम्मान, आदर र श्रद्धा गर्थे । शाहका गीतिकविता वैष्णवबाट सम्पादन भएपछि मात्र छापिन प्रेसमा जान्थे । शाह बाँचुन्जेल उनले वैष्णवलाई नियमित भेटी पनि चढाइरहन्थे । त्यसै परिवेशमा वैष्णव भन्थे– 'राजकुमार रवीन्द्र शाहमा मान्छेको पीरमर्का बुझ्ने कला थियो ।'

•

क्षेत्रप्रताप अधिकारी 'साझा' केन्द्रीय कार्यालयका सदस्यसचिव र साझा प्रकाशनका अध्यक्ष हुनासाथ श्यामदास वैष्णवले साझामा जागिर पाएका थिए । अधिकारीकै सहृदयताका कारण वैष्णव २०३१ सालदेखि 'साझा' केन्द्रीय कार्यालयमा करार सेवामा प्रवेश भएका थिए । साझा केन्द्रमा उनले 'सहकारी संवाद' र 'साझा रेडियो' कार्यक्रमको सञ्चालन गरे । वैष्णवले साझामा काम गर्न थालेपछि अधिकारीले वैष्णवउपर कहिले पनि कर्मचारीको हिसाबले व्यवहार गरेका थिएनन् । उनले वैष्णवलाई नेपालका एक जना अमर प्राज्ञका रूपमा सम्मान गरिरहे । साझा प्रकाशनका महाप्रबन्धक नेत्रप्रसाद अधिकारीका अनुसार 'त्यस समय वैष्णवले साझा प्रकाशनको बढोत्तरीका लागि निकै सक्रियता देखाएका थिए ।'

साझामा कार्यरत भएकै समयमा श्यामदास वैष्णवलाई मानसिक तनावले गाँज्न थालेको थियो । त्यसपछि उनी लेख्न, पढ्न र साझा कार्यक्रम सञ्चालन गर्न असमर्थ हुन थालेका थिए । अनि २०३५ सालदेखि त्यहाँबाट उनको टिकट काटिएको थियो । त्यसपछि उनको घरमा झन् सारो आर्थिक समस्या आइपरेको थियो ।

•

२०४५ सालको कुरा हो– नेपाल टेलिभिजनका अध्यक्ष तथा महाप्रबन्धक नीरविक्रम शाहले श्यामदास वैष्णवलाई वैतनिक

सल्लाहकारको पदमा नियुक्ति दिएका थिए । नीर शाहले अन्य स्रष्टालाई पनि उठाउने काम गरेका थिए । उनले नारायणगोपालदेखि नरेन्द्रराज प्रसाईसम्मलाई विविध तरिकाले प्रोत्साहन दिइरहे । त्यही क्रममा शाहले वैष्णवको सामाजिक उचाइको बढोत्तरी गर्ने र आर्थिक अवस्था उकास्नेहेतु काम गरे । त्यसैले शाहले वैष्णवलाई उच्चस्तरीय श्रेणीको नै जागिर दिएका थिए । त्यस बखत वैष्णवको तलबभत्ता पनि दामी थियो । वैष्णवले नेपाल टेलिभिजनमा खास गरेर भाषा हेर्ने काम गर्थे । त्यहाँ जागिरे भएपछि उनी सफासुग्घर भएर हिँडे । त्यस कालखण्डभरि उनी टकटकाउँदो देखिन्थे । २०४६ सालको बहुदलीय व्यवस्थाको आगमनसँगै आफूआफूलाई क्रान्तिकारी ठान्नेहरू पनि प्रशस्तै देखिन थाले । तिनै चैते काङ्ग्रेसहरूले वैष्णवलाई 'राजाको मान्छे' भन्ने दोष लगाए । त्यही नै कसुरमा नेपाल टेलिभिजनको जागिरबाट उनलाई ठाडै निष्कासन गरिएको थियो । त्यस बेला उनी रोएका थिए । त्यसपछि उनका घरमा आर्थिक हाहाकार हुन थालेको थियो । अनि फेरि उनी क्षोक्राउन थालेका थिए । त्यसै बेला नरेन्द्रराज प्रसाईले भनेका थिए– 'महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि लामो जीवन बाँचेका भए नेपालको परिप्रेक्ष्यमा सायद उनी पनि श्यामदास वैष्णव भएर नै समाप्त हुन्थे ।'

•

श्यामदास वैष्णवको जीवनमा आर्थिक सुक्ख कहिले भएन । परिवारजन धेरै भएका कारण अभावैअभावमा उनको जीवन रित्तिएको थियो । जीवनको उत्तरार्धमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्राप्त भइरहेको उनको आजीवन भत्ता पनि रोकिएको थियो । भनौँ, गणतन्त्र आगमनपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको ऐन परिवर्तन गरियो र आजीवन भत्तालाई पनि खारेजीमा पारिएको थियो । सत्यमोहन जोशी, ईश्वरवल्लभ, श्यामदास वैष्णवलगायत बीस जनाजति प्राज्ञहरूले त्यही आजीवन भत्तामा चुलोचौका जोडेका थिए । त्यसैले त्यस बखत प्राज्ञहरूका घरघरै रुवाबासी हुन थालेको थियो । श्यामदास

वैष्णव र ईश्वरवल्लभले त नइगृहमा नै आएर भनेका थिए– 'अब हामी आत्महत्या गर्छौं । हाम्रो बाँच्ने आधार खोसियो । त्यसपछि सबै प्राज्ञलाई पुनः भत्ता दिलाउन नइ अग्रसर भयो । त्यही बेहोरा नइ अभिलेखमा पनि छापिएको छ–

'गणतन्त्र नेपालको आगमनसँगै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको ऐन परिवर्तन भयो । 'राजकीय' शब्द हटाएर संस्थाको नाउँ नेपाल प्रज्ञाप्रतिष्ठान राखियो । प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्यको पद र भत्ता खारेजीमा पऱ्यो । नइ प्रकाशनको निवेदन र सक्रियतामा नेपाल मजदुर किसान पार्टीले व्यवस्थापिका संसद्मा पहल गरी प्रतिष्ठानको ऐन सुधारेर आजीवन सदस्यको पद र भत्ताको पुनर्जन्म गरायो ।'

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान सुरुमा सगरमाथाजस्तै उच्च महत्त्वको थियो भने नेपाल प्रज्ञाप्रतिष्ठान भएपछि त्यो संस्था क्रमशः खस्कँदै गयो । अर्थात् गणतान्त्रिक व्यवस्था आएपछि त्यसलाई ध्वस्तै पार्न खोजिएको देखियो । पछिल्ला चरणमा त त्यहाँ मनोनीत भएका पदाधिकारी र सदस्यमध्ये वाङ्मयजगत्मा नै बामे सर्न थालेका अथवा भनौँ, ताते गर्दै हिँडेकालाई मनोनीत गरेर केटाकेटी खेल देखाइएको थियो । पदाधिकारी र सदस्यलाई फुट्ट हेर्दा नब्बे प्रतिशत नै उनीहरू हास्यपात्रका रूपमा देखिन्थे । यसबारे अझै छोटकरीमा भन्नुपर्दा श्यामदास वैष्णवका नलीखुट्टामा पनि बान्न नसुहाउने मान्छेलाई त्यस्ता पदमा पुऱ्याइएको थियो । त्यति बेलाको त्यो अप्रिय घटना हेरेर वैष्णवले भनेका थिए– 'प्रज्ञा र प्राज्ञ भन्ने पवित्र शब्दलाई राज्यले नै पतित बनाइछाड्यो ।'

•

श्यामदास वैष्णवको आर्थिक अवस्था उकास्न नइले हरदम प्रयास गरेको थियो । तर आर्थिक रूपमा नइ पनि त्यति योग्य

थिएन । यति हुँदाहुँदै पनि नइगृहमा आएका बेला वैष्णव प्राय: खाली हात फर्कँदैन थिए । आएपिच्छे नभए तापनि बेलाबखत वैष्णवका हातमा भेटी राखिदिने नइको चलन छँदै थियो ।

श्यामदास वैष्णव र नरेन्द्रराज प्रसाईको भेटघाट भएपछि एकातिर वैष्णवको स्वागतमा खातिरदारी गरिन्थ्यो भने अर्कातिर एकअर्कामा जिस्किने र जिस्क्याउने काम पनि हुन्थ्यो । दुवै जना ठट्टा रमाइलो गरेर थाक्तैन थिए । यसबारे 'नइ प्रकाशन : कीर्ति र आकृति' (२०७९) नामक बृहत् ग्रन्थमा आयुष्मान शाक्य 'सम्मान'ले लेखेका छन्– 'नइ प्रकाशनको कुरा गरेर म कहिले पनि थाक्तिनँ । नइसँग मैले झन्नै सत्ताइस वर्ष बिताएको छु । नइगृहमा हरेक बिहान नौ बजेतिर श्यामदास वैष्णव आउनुहुन्थ्यो । उहाँको दैनिक बिहानको खाजा नइगृहमा नै हुने गर्थ्यो । इन्दिरा प्रसाईले श्यामदास वैष्णवका लागि खाजा लिएर आउनुहुन्थ्यो । श्यामदास वैष्णव भन्नुहुन्थ्यो– 'इन्दिराजस्तो मान्छे मैले कतै देखिनँ ।' श्यामदास वैष्णवले गोजीमा भिरेको कलम नरेन्द्रराज प्रसाईले फुत्त निकाल्नुहुन्थ्यो र 'यस कलमको दाम कति पऱ्यो, श्याम दाइ ?' भन्नुहुन्थ्यो । श्यामदास वैष्णवले 'पचास रुपियाँ परेको हो' भनेपछि दामभन्दा पच्चिस रुपियाँजति बढी दिएर नरेन्द्रराज प्रसाईले कलम लिनुहुन्थ्यो । त्यति बेला श्यामदास वैष्णवले मलाई भन्नुहुन्थ्यो– 'पच्चिस रुपियाँ नाफा कमाइएछ, अब मलाई तीन दिन चुरोट खान पुग्ने भयो ।' श्यामदास वैष्णव फेरि भोलिपल्ट नयाँ कलम भिरेर नइगृह आउनुहुन्थ्यो । तर हरेक महिनामा एक चोटि मात्र नरेन्द्रराज प्रसाईले श्यामदास वैष्णवको कलम किन्ने गरेको मलाई थाहा छ । नरेन्द्रराज प्रसाईले श्यामदास वैष्णवबाट जम्मा बीसपच्चिसवटाजति कलम किन्नुभयो होला जस्तो लाग्छ मलाई ।'

कलमविषयक कुरा श्यामदास वैष्णव र नरेन्द्रराज प्रसाई बीचको ठट्टा रमाइलो गरेर आत्मीयता साँट्ने सन्दर्भमा जोडिएको

प्रसङ्गमा केन्द्रित हुन्थ्यो । तर पनि वैष्णव त्यसलाई आफ्नो आम्दानी नै ठान्थे । वास्तवमा त्यस बेला वैष्णवका लागि पाँच रुपियाँको पनि अधिकतम मान्यता रहन्थ्यो । उनको आर्थिक अवस्था निर्धो थियो भन्ने त्यो एउटा उदाहरण पनि थियो । उनको जीवनमा सबैभन्दा ठूलो एउटा अर्को विशेषता के थियो भने उनले कसैसँग माग्न जानेका थिएनन् ।

श्यामदास वैष्णव वाङ्मयका स्रष्टाको उद्धारमा प्राय: जुटे । कतिसम्म भने कुनै स्रष्टाले आफ्नो कृतिलाई परिमार्जन गर्न नसकेको अवस्था उनको कानमा पुगेको खण्डमा उनी उद्धारमा पुगिहाल्थे । जजसले उनको सहयोग माग्थे उनी त्यहीँ निर्लिप्त हुन पुग्थे । तर धन कमाएर ठाँटिएका स्रष्टाहरूमध्ये कसैले पनि वैष्णवको चुलोचौका हेर्न भ्याएनन् ।

•

श्यामदास वैष्णव लहडीका राजा थिए । उनको मन पनि कहिले स्थिर भएन । उनको एकोहोरो प्रवृत्तिका कारण उनले स्थायी जागिर पनि खाएनन् । नियमित आम्दानीको स्रोतका लागि पनि उनले खासै विचार गरेनन् । त्यसैले बाँचुन्जेल उनको आर्थिक जीवन पनि अभावग्रस्त नै भइरह्यो ।

# श्यामदास वैष्णवका कृति र पुरस्कार

श्यामदास वैष्णवका लेखरचना कति छापिए त्यसको लेखाजोखा छैन । तर उनीकृत दुई हजारजति फुटकर लेख, रचना, समालोचना आदि छापिएको अनुमान छ । उनीद्वारा लिखित एकाङ्कीसङ्ग्रह मात्र पचहत्तरवटा जनमाझ प्रस्तुत भएको बेहोरा उनैले व्यक्त गरेका थिए ।

श्यामदास वैष्णव चित्रकार पनि थिए । उनले आफ्ना कृतिलगायत धेरैका किताबको आवरण पनि बनाए । साथै उनले धेरै पत्रिकामा चित्र पनि कोरे । चित्रकारितामा रुचि हुँदाहुँदै पनि उनी साहित्यमा नै केन्द्रित भए ।

'शारदा'मा लेखेपछि श्यामदास वैष्णव चम्किन थालेका थिए । उनी कवितालेखनका अग्रगण्यमा देखा परेका थिए । महाकवि लक्ष्मीप्रसाद देवकोटाका छाया बनेर हिँड्न थालेपछि उनको पनि साहित्यिक जगत्मा मानमनितो हुन थालेको थियो । अनि 'रातको आँसु' (२००७) प्रकाशित भएपछि उनी धुरी चढिसकेका थिए । त्यसै गरी २०१३ सालदेखि २०१६ सालसम्म हरेक वर्ष लगातार उनका एउटाएउटा कविताकृतिहरू– 'अन्तर्ध्वनी', 'पतकर', 'उपहार' र 'द प्रिजेन्ट' प्रकाशित भएका थिए । त्यसपछि वैष्णवका अनगिन्ती फुटकर लेखरचना प्रकाशित भइरहे । कृतिगत रूपमा भने फेरि ४३ वर्षपछि 'नयाँ लहर' (२०५९) प्रकाशनमा आयो । अनि अर्को वर्ष अर्थात् २०६० सालमा 'वैष्णव पोयट्री गार्डेन' र

२०६३ सालमा शैक्षिक नाटक जनमाञ्च प्रस्तुत भयो । उनको अर्को कृति 'दृश्य सौगात' नाटक प्रकाशित भयो । उनको 'बालकथासङ्ग्रह भने २०६८ सालमा छापिएको थियो ।

श्यामदास वैष्णवले जीवनमा जति लेखे त्यति उनको मूल्याङ्कन भएन । वैष्णवले जति गरे समाजका लागि गरे । तर समाजबाट पनि त्यसको लेखाजोखा भएको थिएन । अनि वैष्णवले राष्ट्रका लागि गरेको योगदान, साहित्यप्रति गरेको योगदान र साहित्यकार उठाउन गरेको योगदानको चियोचर्चा पनि प्राय: कतैबाट भएन । यति हुँदाहुँदै पनि उनलाई राजा महेन्द्रले काखी च्यापेका थिए । यसै प्रसङ्गमा उनी भन्थे– 'महेन्द्रको असामयिक निधनले मेरा लागि ठूलै खती भयो । तर मेरो व्यक्तिगत कुरा मात्रै के गर्नु र देशै पनि रसातलतिरै पुग्यो ।'

•

श्यामदास वैष्णवले राष्ट्रिय जागृतिमा सहयोग गरेका कारण राजा महेन्द्रबाट पाँच हजार रुपियाँ नगद पुरस्कार पाएका थिए । त्यसै वर्ष अर्थात् २०१६ सालमा नै उनले शिक्षा मन्त्रालयबाट पनि एक हजार रुपियाँ नगद पुरस्कार पाए । राजा महेन्द्रले रवीन्द्र शाहमार्फत आफूसँग ठाडो सम्पर्क गर्न वैष्णवलाई भनेका थिए । तर उनले कहिले मागेर केही लिएनन् ।

२०२२ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रथम राष्ट्रिय कविता महोत्सवमा श्यामदास वैष्णवले पनि भाग लिएका थिए । सो प्रतियोगितामा उनले तृतीय स्थान कायम गरेका थिए । त्यतिखेर तेस्रा हुने अरू पनि दुई जना कवि थिए– गोविन्द भट्ट र रत्नदेव शर्मा । त्यसबापत उनीहरू तीन जनाले राजा महेन्द्रका हातबाट पाँचपाँच सय रुपियाँ पाएका थिए । त्यसभन्दाअघि र पछि पनि वैष्णव प्राय: जहाँ पनि र जोसित पनि प्रतियोगितामा सामेल भइरहन्थे । उनी साना ठूला स्रष्टामध्ये ककसले भाग लिएका छन् भनेर त्यसको

लेखाजोखा पनि गर्दैन थिए । त्यसको कारण के थियो भने त्यहाँबाट पुरस्कार प्राप्त भए घरखर्च चलाउन सहयोग हुन्थ्यो भन्ने उनले सोचाइ राख्थे ।

श्यामदास वैष्णव बफादार राजभक्त थिए । बाँचुन्जेल उनले राजाको जयजयकार नै गरिरहे । एकातिर साहित्यलेखन, अर्कातिर राष्ट्रभक्तिका कारण उनले २०२४ सालमा राजा महेन्द्रबाट प्रबल गोरखादक्षिणबाहु पाएका थिए ।

श्यामदास वैष्णवले पद्मकन्या कलेजबाट प्रदान गरिने रत्नदीप स्वर्णपदक पनि प्राप्त गरे । २०२६ सालमा उनले सो पदक रानी रत्नबाट ग्रहण गरेका थिए ।

श्यामदास वैष्णवले २०४५ सालमा महेन्द्र प्रज्ञापुरस्कार प्राप्त गरे । त्यस पुरस्कारको राशि एक लाख रुपियाँ थियो । साथै २०५१ सालमा नइमार्फत उनले एक लाख रुपियाँ राशिको मुक्ति पुरस्कार प्राप्त गरे । त्रिमूर्ति निकेतनबाट गठित नइको सौजन्यको देवकोटा शताब्दी महोत्सवमा २०६६ सालमा उनले पचास हजार रुपियाँको ‘देवकोटा शताब्दी पुरस्कार’ पनि प्राप्त गरे । सो संस्थाबाट त्यस पर्वमा उक्त पुरस्कार प्राप्त गर्ने उनी एक जना मात्र स्रष्टा थिए । उनले २०६९ सालमा पचास हजार रुपियाँ राशिको ‘नइ देरुनिख प्रदीप्ति पुरस्कार’समेत प्राप्त गरेका थिए ।

श्यामदास वैष्णवले नेपाल राजकीय प्रज्ञापदक (कविता महोत्सवमा तेस्रो (२०२२), रत्नश्री सुवर्णपदक (२०४७), हरिहर शास्त्री सावित्रीदेवी पुरस्कार (२०४९), विवेकानन्द शारदा रत्न अन्तर्राष्ट्रिय पुरस्कार (२०५०), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), प्रख्यात त्रिशक्तिपट्ट (२०५८), वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५९), बालकृष्ण सम शताब्दी पुरस्कार (२०५९), बालचन्द्र पुरस्कार (२०६२), भवदेव पन्त पुरस्कार (२०६३), शिखर वाङ्मय

सम्मान (२०६५), डिल्लीराज उप्रेती पुरस्कार (२०६६), अमरसिंह थापा पुरस्कार (२०६९), नूरगङ्गा पुरस्कार (२०६९), ऋपट पुरस्कार (२०६९), महाकवि देवकोटा पुरस्कार (नेपाल सरकार : २०७१), भद्रकुमारी घले पुरस्कार (२०७१), भानुभक्त पुरस्कार (नेपाल सरकार (२०७२), मधुपर्क सम्मान (२०७४), हरिप्रसाद रिमाल कल्याणी रिमाल नाटचसङ्गीत पुरस्कार (२०७४), रमाइलो नानी बालसाहित्य पुरस्कार (२०७५), नेपाल सङ्गीत तथा नाटच राष्ट्रिय प्रज्ञापुरस्कार (२०७५), सत्यमोहन जोशी शताब्दी पदक (२०७६), प्रबल जनसेवाश्री चौथो (मरणोपरान्त : २०७९) आदि प्राप्त गरेका थिए । साथै उनले झन्नै एक सय पचासवटा सामाजिक र वाङ्मयिक संस्थाबाट कदरपत्र, सम्मानपत्र र अभिनन्दनपत्र ग्रहण गरेका थिए । उनले नेपाली सेनाबाट पनि पुरस्कारहरू प्राप्त गरिरहे । उनले शाही नेपाली सेनाबाट प्रकाशित हुने 'सिपाही' पत्रिकाको भाषासम्पादन पनि गरेका थिए । त्यसबापत पनि उनले नगद पुरस्कार पनि पाउँथे ।

२०६० सालको भानु जयन्तीका अवसरमा श्यामदास वैष्णवलाई रथारोहण गराइएको थियो । साथै २०६२ सालमा गठित पृथ्वीनारायण शाह जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा पनि उनलाई रथारोहण गराइएको थियो ।

जीवनभरिको मूल्याङ्कनस्वरूप श्यामदास वैष्णवलाई राजा ज्ञानेन्द्रले २०५९ सालमा राजपरिषद्को सम्मानीय सदस्यमा मनोनीत गरेका थिए । त्यो संवैधानिक संस्था थियो । त्यस बेला राजपरिषद् भन्नु राजाको सल्लाहकार मण्डल मानिन्थ्यो । त्यहाँका सदस्यको मर्यादा सांसदको भन्दा एक तहमाथिको हुन्थ्यो । त्यतिखेर ख्यातिप्राप्त नागरिकहरूमध्येलाई राजाले राजपरिषद्को सदस्यमा मनोनीत गर्थे ।

# श्यामदास वैष्णवको बालकृष्ण समसँग सम्पर्क

राणाकालमा श्यामदास वैष्णवको बालकृष्ण समसँग सम्पर्क भएको थियो । त्यति बेला समको घर ज्ञानेश्वरमा महाकवि देवकोटाले वैष्णवलाई प्राय: लिएर जाने गर्थे । समका घर जानआउन बाक्लो हुन थालेपछि वैष्णवको साहित्यसँग भन्दा नाटकसँग मोह बसेको थियो । त्यसैले समले वैष्णवलाई घरमा बोलाइरहन्थे । त्यसपछि समले वैष्णवलाई नाटकमा आफूपछिको उत्तराधिकारीझैँ मानेर काखी च्यापेका थिए । वैष्णवलाई एकातिर देवकोटाले कवितालेखनको रस बसाएका थिए भने अर्कातिर समले उनलाई नाटक विधाको विकासका लागि जागरुक गराइरहन्थे ।

बालकृष्ण समले श्यामदास वैष्णवलाई घरीघरी बौद्धिक खुराक दिन्थे र वैष्णवले पनि समलाई आफ्नो क्षमता अर्पण गरिरहन्थे । उनीहरूको घनिष्ठता पनि लोभलाग्दै थियो । वास्तवमा समलाई नजिकबाट चिन्नेहरूमध्ये वैष्णव नै अग्रपङ्क्तिमा आउँथे । अनि समबाट उनले यथेष्ट सद्भावना पाएका पनि थिए । त्यसैले उनले आजीवन समको बयान गरिरहे । समको साहित्यका बारे पनि वैष्णवले गीत गाउन छाडेनन् । त्यसबारे उनले लेखेका पनि थिए–

'बालकृष्ण समज्यूको एउटा बडो राम्रो बानी थियो । उहाँ आफू उपस्थित भयो कि सम्बन्धित पण्डितज्यूहरू र उपस्थित लेखक

कविहरूलाई बोलाई साहित्यचर्चा गर्ने गर्नुहुन्थ्यो नेपाली भाषा प्रकाशिनी समितिमा । चर्चाका सिलसिलामा कहिले छन्दका बारेमा निष्कर्ष निकालिन्थ्यो त कहिले पूर्वज लेखक कविहरूका बारेमा कुरा हुन्थ्यो ।'

श्यामदास वैष्णवको दृष्टिकोणमा बालकृष्ण सम उच्चस्तरीय छन्दकवि थिए । उनी यसैमा चिन्तन गर्थे । छन्दकविताप्रतिको उनको धारणामा कविहरू प्रेरित हुन्थे । समको छन्दकविताप्रतिको दृष्टिकोण कस्तो थियो भन्नेबारे वैष्णवले लेखेका थिए– 'छन्दका बारेमा समज्यू भन्नुहुन्थ्यो– 'छन्दले गर्दा कुनै पनि विषय कण्ठ गर्न सजिलो हुन जान्छ ।' भनाइको तात्पर्य– मालाका दानाहरूलाई धागाले गाँसेझैँ भावपूर्ण अक्षरहरूलाई छन्दले उन्ने गर्दछ । छन्दले गर्दा नै अलिखित विचारहरूलाई कण्ठाग्र गर्ने परम्परा बस्न गयो । र, वैदिक चिन्तनहरू पछि मुद्रण हुन सके ।'

बालकृष्ण समको साहित्यिक सङ्गठन नै लोभलाग्दो थियो । यसबारे श्यामदास वैष्णवले सङ्क्षिप्त प्रकाश पारेका थिए– 'समज्यूका वरिपरि लेखक, कविहरू जम्मा पारी चर्चा गर्ने बानीले गर्दा धेरै कुराको निष्कर्ष निक्लन्थ्यो ।'

नइद्वारा सम्पादित 'एउटा अमर प्राज्ञ : बालकृष्ण सम' (२०५४) नामक कृतिमा श्यामदास वैष्णवले समप्रति कृतज्ञता जाहेर गर्दै लेखेका थिए– 'यो कुरा हो २००७ सालको क्रान्तिपूर्वको । क्रान्तिपछि त उहाँ परिवर्तनगामी बन्न जानुभयो र रेडियो र प्रचार सञ्चालकको काम उहाँलाई सुम्पियो । नढाँटी भन्नुपर्दा राजधानीमा लेखक, कवि, कलाकारहरूसित सम्पर्क राखी 'नेपाल रेडियो' स्थापनामा समज्यूले योगदान पुऱ्याउनुभएको थियो र यस कलमधारीले पनि उहाँका स्नेहमा बेरिएर २००७ सालदेखि २०२६ सालसम्म ('रेडियो नेपाल' हुँदासम्म) त्यहाँ रहेर विशेषता देखाउने मौका पायो । जसमा

'रूपक' विधाका सिर्जनामा सिद्धि हासिल गर्न सकियो र 'राष्ट्रिय जागरण'मा ख्याति आर्जन गर्न सकियो ।'

बालकृष्ण समको नेपाली भाषासाहित्यमा अपरिमेय योगदान भएको बेहोरा श्यामदास वैष्णवले भन्दा धेरै जान्ने, सुन्ने र बुझ्ने सायदै अन्य स्रष्टाहरू थिए । यसबारे पनि 'एउटा अमर प्राज्ञ : बालकृष्ण सम'भित्र वैष्णवले लेखेका थिए– 'जसले 'गोरखा भाषा प्रकाशिनी समिति'लाई 'नेपाली भाषा प्रकाशिनी समिति' गराउनुभयो– यो उहाँको बुद्धिमत्तापूर्ण कार्य थियो किनकि 'नेपाली भाषा' गोरखाको मात्र भाषा थिएन; सम्पूर्ण नेपाल र नेपालबाहिर पनि बोलिने, लेखिने भाषा थियो यो । यहाँसम्म कि प्रताप मल्लले समेत 'लोकभाषा' भनी महत्त्व दिएको देखिन्छ यसलाई । आज अन्तर्राष्ट्रियस्तरमा समेत नेपाली भाषा फैलिइसकेको छ । गोर्खाको अभियान सफल भएपछि पृथ्वीनारायण शाहले मान्यता दिए यस भाषालाई पछि 'नेपाली'लाई 'गोरखा भाषा' भनी राजनीतिक सुझबुझका साथ । नेपाली भाषाको उद्गमस्थल त जुम्लाको 'मुगु' देखिन्छ । यस सब कुराको पूर्वचेत समज्यूमा आयो र उहाँले गोरखा भाषा प्रकाशनी समितिलाई नेपाल भाषा प्रकाशिनी समिति गराउनुभयो । हुन त रुद्रराज पाण्डेजस्ता सज्जनको सहयोग पनि हुन सक्छ यसमा । तर आफू श्री ३ जुद्धको प्रियपात्र बनेका बखत समज्यूले 'महाराज'लाई रिझाईरिझाई नेपाली भाषा र साहित्यका उत्थानमा निकै बल पुऱ्याउनुभएको पाइन्छ । भित्री तबरमा बुझ्दा 'शारदा' पत्रिकाको प्रकाशन गराउनमा पनि समज्यूकै बुद्धिमत्तापूर्ण प्रयास भएको देखिन्छ ।'

बालकृष्ण समको गुनगान गाएर श्यामदास वैष्णव अघाउँदैन थिए– 'समज्यू पहिले त कर्णेल बालकृष्णशमशेर राणा हुनुहुन्थ्यो– गोरा, उज्याला र प्रभावशाली । टाँगनघोडा चढेर ओहरदोहर गर्ने, राणा बाबुसाहेब भनेर सबैबाट यथोचित अभिवादन गरिने । अरू हच्कन्थे उहाँसित खुलेर कुरा गर्न । तर उहाँ नै नरम बनेर

देखा पर्ने गर्नुहुन्थ्यो । हीनताबोधबाट मुक्त बनी मान्छे गफ गर्ने गर्दथे उहाँसित । श्री बालकृष्णशमशेरले 'शेर' त्यागी सम बन्नुभएको त २००७ को आन्दोलनताका नै हो । बिनाअपराध मारिन गएका न्हुच्छेरत्नका आदरमा शोकसभाबीच 'शेर'को फुली फुकाल्नुभयो उहाँले ।'

श्यामदास वैष्णव एउटा गुनिला स्रष्टा थिए । बालकृष्ण समले उनीउपर गरेको उपकारका कारण उनले सधैँ समको पक्षमा हरेक कोणबाट वकालत गरिरहे । त्यही परिवेशमा उनले फेरि भने– 'नाटककार समज्यूको जीवन नै नाटकीय बन्न गएको हामी देख्न सक्तछौँ । अनेक घटना छन्– नाटकीय रूपमा घटित उहाँका चरित्रमा । एकपल्ट बी.पी.कोइरालाबाट ठूलाठूला भवनको शोभा पर्खालले गर्दा छेकिन गयो भन्ने चर्चा गरिएछ । त्यसका प्रत्युत्तरमा समज्यूले आफ्नो निवासका सडकतर्फको पर्खालै भत्काएर औचित्य साबित गरिदिनुभयो ।

श्यामदास वैष्णवलाई चिन्नेहरूले बालकृष्ण समकै उत्तराधिकारी भनिरहे । त्यसै बेला उनीबारे जनमनबाट सत्य वाणी नै पोखिएको थियो । वास्तवमा वैष्णव पनि समकै एक नम्बरका चेला भएर नेपाली परिवेशमा स्थापित भए । समका तिनै उत्तराधिकारी अर्थात् वैष्णवले पनि समलाई भगवान्कै औतार माने र त्यही बेहोरा लेखे– 'समजी नेपाली साहित्यका प्रबल स्तम्भ हुनुहुन्छ । उहाँलाई विष्णुतुल्य ठानिन्छ नेपाली साहित्यमा । राजनीतिले उहाँलाई उत्थान पतन भोगायो । नाटकीय 'अभियानमा' लाग्दा उहाँलाई प्लेटफार्ममा पनि सुताए साथीहरूले । तर सहेरै पार लगाउनुभयो दु:खकष्टलाई । क्रान्तिका सन्दर्भमा सिङ्गमर्मर छातीलाई व्यङ्ग्य पनि गर्नुभएको छ समले कहिले वादविवाद चल्दा वाल्मीकिपछिको बालकृष्ण हुँ म पनि भन्नुहुन्थ्यो । विशेष लेखाइमा उदात्तता नै उहाँको विशेषता देखिन्छ । त्यो विशेषता 'राष्ट्रिय विशेषता' हो । एउटा खट्कँदो कुरा– एक

मौकावादी दुर्दान्तले उहाँको तेजोबध गर्न घाँटीको सर्प बनेर 'तपाईं के भाषा लेख्नुहुन्छ ?' भनेर दुत्कारेको पनि देखियो । त्यो पनि सहनुभएको देखियो समज्यूले । यता महाकवि देवकोटा भन्ने गर्नुहुन्थ्यो– 'बाबूसाहेब (समज्यू)को जस्तो परिष्कृति (भाषामा) गर्न पाउन्नँ म ।'

श्यामदास वैष्णवले आफ्नो जीवनको आदर्श पुरुषमा नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा राखेका थिए । उनले बौद्धिक खुराक समबाट सोरसार पार्ने प्रयास गर्थे भने भावनाका कुरा देवकोटाबाट टकटक्याएर लिन खोज्थे । त्यसैले वैष्णवले पनि आफ्नो जीवनपर्यन्त साहित्यका विशाल ती दुवै महारथीहरूको पनि जयजयकार गरिरहे ।

# श्यामदास वैष्णव र देवकोटाको अन्तरसम्बन्ध

पं.श्यामदास वैष्णवले धेरैसँग सङ्गत गरे । धेरैले यिनको सहयोग लिएर आफ्नो व्यक्तित्व झल्काए । यिनले राजकुमार रवीन्द्र शाहदेखि अतिरथी नीरशमशेर जबरासम्मको रचनाको सम्पादन गरे । उनीहरूबाट पनि यिनले सहयोग पाए । तर उनले आफ्नो जीवनकालमा धेरैले सुन्ने गरेर र देख्ने गरेर एकै जना मान्छेको सूचीमा मात्र आफ्नो नाउँ दर्ता गराए । अनि यिनका ती आदर्श पुरुष थिए– महाकवि लक्ष्मीप्रसाद देवकोटा । वैष्णवले देवकोटाको जिन्दगानी हरेक इन्च अध्ययन गरे र प्रत्येक कृतिको पनि अध्ययन गरे ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा बाँचुन्जेल श्यामदास वैष्णव देवकोटाका हनुमान् बनेरै हिँडे र देवकोटाको निधनपछि पनि उनी देवकोटाको गीत गाउँदै हिँडे । नरेन्द्रराज प्रसाईबाट 'देवकोटाको जीवनशैली' (२०६६) नामक जीवनीकृति लेखिएको थियो । त्यस कृतिको लेखनका क्रममा वैष्णवको पनि महत्त्वपूर्ण भूमिका गाँसिएको थियो । त्यस ग्रन्थको पाण्डुलिपिका एकएक शब्द वैष्णवले पनि पढेका थिए । अनि उनले त्यस कृतिबारे आफ्नो राय दिएका थिए–

'नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'देवकोटाको जीवनशैली'नामक कृतिले देवकोटालाई पुनर्जीवितझैँ गरी चेतनाको लहर फैलाएको

छ । यस ग्रन्थले देवकोटालाई घामछायाबीच ज्यूँताएको देखिन आउँछ, जसलाई 'देवकोटा रहस्यम्' भन्न पनि सकिन्छ । प्रसाईले महाकवि देवकोटालाई अक्षरअक्षरमा ब्यूँझाइराख्नुभएको उदाहरण यस ग्रन्थबाट स्पष्ट हुनेछ । स्रष्टाको महत्त्व बुझ्नेले सर्वसाधारणलाई समेत जगाउन सक्छ । अन्यथा कविशिरोमणि लेखनाथ पौड्यालको शब्दमा 'कौडीमा पनि मिल्कन्छ भिल्लका देशमा मणि' हुन जाने हुन्छ । यसैले जनस्तरमा महाकवि देवकोटाको विशेषता दर्साउनमा यस कृतिले महत्त्वपूर्ण कार्य गरेको मान्नुपर्छ ।'

**देवकोटाको आनीबानीका सन्दर्भमा वैष्णव**

महाकवि लक्ष्मीप्रसाद देवकोटासँग श्यामदास वैष्णवको १९९८ सालदेखि सम्बन्ध गाँसिएको थियो । 'तपाईंका अक्षर मलाई मन परे । मेरा लेखरचना सारिदिने मान्छे मलाई चाहिएको थियो ।' वैष्णवका अक्षर देखेपछि देवकोटाले प्रस्ताव राखेका थिए । 'म सारिहाल्छु नि ! मलाई पनि कविता लेख्ने रहर छ । तपाईंसँगको सङ्गतले मैले पनि केही कुरा जान्न पाउँछु' वैष्णवले पनि रमाएर देवकोटालाई प्रत्युत्तर दिएका थिए ।

श्यामदास वैष्णव र महाकवि देवकोटाको भेट जहिलेदेखि भयो त्यस दिनदेखि देवकोटा बाँचुन्जेल उनीहरू एकअर्कामा समर्पित भइरहे । कतिसम्म भने त्यस अवधिभरि देवकोटा व्यास बने भने वैष्णव व्यासका गणेश बनेका थिए । उनीहरू दुई भाइका प्रसङ्गमा रोचकघोचक तथ्यहरू नरेन्द्रराज प्रसाईद्वारा लिखित 'देवकोटाको जीवनशैली' (२०६६) मा खामिएकै छन् । तिनै बेहोरामध्येका घटनाहरू यहाँ प्रस्तुत गरिएका छन्–

'२००३ सालको पुस २४ गते काठमाडौँमा हिउँ पर्‍यो । त्यस दिन अत्यन्तै जाडो भए तापनि देवकोटाको घरबाहिर जानुपर्ने अत्यन्तै जरुरी काम थियो । त्यसैले त्यस बेला शिक्षा विभागका डाइरेक्टर जनरल विजयशमशेर राणाको निवास महाराजगन्जमा

देवकोटा र पं.श्यामदास वैष्णव सँगै हिँडेर गए । तर त्यस दिन जाडो निक्कै भएको मानेर राणाले यी दुई भाइलाई भेट दिएनन् । त्यहाँबाट यिनीहरू जाडोले लुगलुग काम्दै हिँडेर नै देवकोटाको घर फर्किए । त्यति बेला डिल्लीबजारबाट महाराजगन्ज जान आउन देवकोटा र वैष्णवलाई झन्नै दुई घण्टा लागेको थियो ।

त्यस दिन देवकोटाका कोठामा डसनामाथि बसेर देवकोटा र पं.श्यामदास वैष्णव आगो तापिरहेका थिए । डसनामाथि आगोको मक्कल थियो । त्यस बेला झ्यालबाट बाहिर हेर्दा आरुबखडाको फूल झरेझैँ हिउँ झरेको देखिएको थियो । के भएछ भनी तलतिर उनीहरू दुवैले हेर्दा फट्कारेको कपासझैँ आँगनमा हिउँ थुप्रिएको देखियो । त्यतिन्जेलसम्ममा मक्कलले देवकोटाको डसना डढाइसकेको थियो ।

'ए बजै ! मलाई जाडो भयो, मासु खान मन लाग्यो', हिउँ परेर जाडो भएकाले देवकोटाले आफ्नी पत्नी मनदेवीलाई भनेका थिए । मनदेवीले पनि पतिको आग्रह टार्न नसकेर पैसा दिएकी थिइन् । पं.श्यामदास वैष्णवले पनि त्यति बेला युवा जोस देखाए र हिउँ कुल्चँदै उनी डिल्लीबजार गए । त्यस बेला मनदेवी देवकोटाले दिएको दस रुपियाँले वैष्णवले एउटा खसीको टाउको किनेर ल्याए ।

त्यस दिन देवकोटाले मासु खाए र सिरकमा पसे । पं.श्यामदास वैष्णवचाहिँ लुरुलुरु आफ्नो घर फर्केका थिए । सधैँ झैँ भोलिपल्ट पनि बिहानै वैष्णव देवकोटालाई भेट्न देवकोटागृह पुगेका थिए । 'श्याम ! खसीको टाउकाको रसले मलाई 'तुषारवर्णन' लेखायो' वैष्णवलाई देख्नासाथ देवकोटाले भनेका थिए । त्यस बखत वैष्णवलाई देवकोटाले त्यो खण्डकाव्य पढेर सुनाएका थिए ।

•

देवकोटाले नेपाली भाषानुवाद परिषद्मा जागिर पाएपछि उनले श्यामदास वैष्णवलाई आफ्नो कारिन्दा बनाएर त्यहीँ लगे । त्यहाँ

उनले वैष्णवलाई पण्डितको दर्जा दिलाए । त्यस बेला देवकोटा मासिक सत्तरी रुपियाँ तलब खान्थे र वैष्णव पन्ध्र रुपियाँ खान्थे । त्यस समयमा देवकोटा र वैष्णव सँगै कार्यालय जान्थे र घर पनि सँगसँगै फर्कन्थे । देवकोटाले तलब थाप्ता वैष्णवले प्राय: त्यो पैसा बोकेर देवकोटाको घरसम्म ल्याइदिन्थे । त्यति बेलाको सत्तरी रुपियाँको धातुमुद्राको तौल झन्नै सत्तरी तोलाबराबरको हुन्थ्यो । पैसाको मामलामा देवकोटा अरूलाई प्राय: विश्वास गर्दैन थिए र तलब थाप्ने दिन उनी वैष्णवलाई नै गुहार्न पुग्थे । तलब पाएका दिन देवकोटा बजारमा फलफूल र मिठाईको भाउ सोद्धै, किन्दै हिँड्थे । उनका पछिपछि वैष्णव पनि देवकोटाको वकालत गर्दै हिँड्थे । देवकोटाले बोलेपछि वैष्णवका लागि लालमोहरको छाप लागेसरह हुन्थ्यो । कसैले देवकोटाको कुरा काट्नु भनेको वैष्णवका लागि महापाप सुन्नुसरह हुन्थ्यो ।

•

देवकोटाका भित्री मनका प्राय: हरेक कुरा खोलिने पं. श्यामदास वैष्णव थिए । देवकोटाका कृति प्रेसमा लानुअघि वैष्णवले नै साफी गर्थे । त्यति मात्र होइन, देवकोटाका घरायसी कामदेखि साहित्यिक कामसम्म गर्न पनि वैष्णव नै अगि सर्थे ।

एक दिन महाकवि देवकोटाले लप्टनको होटेलमा आएर श्यामदास वैष्णवलाई भने– 'श्याम ! राजालाई कसले कान भरेछ । म रूस गएको कुरालाई लिएर मेरो मासिक पारिश्रमिक रोक्न हुकुम बक्सेछ । राजासमक्ष मेरा कुराको सुनुवाइ पनि भएन ।'

२०१६ साल वैशाख २५ गते शुक्रबार राजा महेन्द्रलाई लक्ष्मीप्रसाद देवकोटाले बिन्तीपत्र लेखे– "... दिल्ली एम्बेसीमा मन्त्रिपरिषद्का अध्यक्षज्यूले फोन गरिदिन्छु भनेकाले भिसा र पासपोर्टबेगर त्यहाँ भाग लिन म गएको थिएँ । ...म क्याबिनेटको निर्णयपत्र साथमा लिएर मात्र गएको हुँ । ...मन्त्रिपरिषद्का अध्यक्ष

सुवर्णशमशेर जबराले पनि क्याबिनेटको निर्णय गर्नुअघि श्री ५ कहाँ बिन्ती पठाउनुभयो कि भनेजस्तो मलाई लागेको थियो । ...आठ महिना भयो मलाई एकेडेमीतर्फबाट मिल्ने मासिक पारिश्रमिक मिलेको छैन ।' पं.श्यामदास वैष्णवका अनुसार राजा महेन्द्रले देवकोटाको बिन्तीपत्र पाएपछिको एक साताभित्रै एकेडेमीको बैठक डाकेका थिए ।

देवकोटा र श्यामदास वैष्णव एकअर्कामा हाकिम र कारिन्दा मात्र नभएर उनीहरू साथीभाइजत्तिकै एकअर्काप्रति मरिमेट्थे । 'श्यामदास वैष्णव महाकवि देवकोटाका छायाजस्तै बनेर उनीसँगसँगै हिँड्ने गर्थे' भनेर पण्डित बदरीनाथ भट्टराईले पनि बराबर भन्ने गर्थे । हुन पनि देवकोटा र वैष्णवको एक अर्कामाऊ मन साह्रै मिल्थ्यो । त्यसैले तासकन्दमा सम्पन्न साहित्य सम्मेलनमा पनि देवकोटाले नेपाली भाषासाहित्यका नयाँ पुस्ताका लेखकहरूमध्ये श्यामदास वैष्णवको नाउँ पनि सगर्व उल्लेख गरेका थिए ।

•

देवकोटा हार्मोनियम बजाएर गीत गाउने गर्थे । उनका सङ्गीतगुरु सङ्गीतशिरोमणि यज्ञराज अर्याल थिए । विद्यार्थी जीवनमा उनी गीत लेख्तै आफ्नै धुनमा गाउने गर्थे । पछिपछिका दिनमा उनलाई गायन र सङ्गीतको तालिम दिन नातिकाजी उनको घर मैतीदेवीफाँट जाने गर्थे । त्यसै क्रममा देवकोटाले नातिकाजीको सङ्गीतमा श्यामदास वैष्णवको शब्दरचनामा गीत गाएका थिए–

**तिम्रै निम्ति बाँचिरहेछु**
**कति वसन्तले फूल फुलायो**
**कति प्रभातले दृश्य खुलायो**
**यो सब सुन्दर सार बटुल्दै**
**तिम्रै निम्ति साँचिरहेछु ।**

श्यामदास वैष्णव भन्थे– 'देवकोटा कौवाले झैँ कानै खाने गरी कराएर गीत गाउँथे ।'

•

देवकोटा पासा खेल्न सिपालु थिए । उनी फुर्सद भएका बेला पासा खेलेर दिन फ्याँक्ने गर्थे । उनी साह्रै उत्साहका साथ आफ्नो तिघ्रा पिटेर पासा खेल्थे । उनी पासा प्राय: दाम राखेर नै खेल्थे । एक पटक उनले पासा खेल्दाखेल्दै पैसा हारे । श्यामदास वैष्णवका अनुसार उनले आफ्नो कलम थापेर पनि पासा खेले । त्यति बेला उनले आफ्नो कलम पनि हारे । त्यसपछि उनी रातो मुख लाएर टोलाउँदै घर गए ।

देवकोटाको मनमा आफ्नो घरको गरिबीलाई निर्मूल पार्ने योजना घरीघरी आइरहे । यसै विषयमा केन्द्रित भएर उनले एक पटक सिद्धिचरण श्रेष्ठलाई भनेका थिए– 'म अब भैँसी पाल्छु र मालामाल हुन्छु । एकातिर ताजा दूध खान पाउने, अर्कातिर आय आर्जन पनि हुने । योभन्दा राम्रो काम अरू के हुन सक्छ ?' त्यसपछि देवकोटाले भैँसी किने । अनि उनी गोठालो लिएर भैँसी दुहुन गए; त्यसले दूध दिएन । देवकोटाले गोठालोलाई भनें– 'थुनबाट दूध तान् न तान्, आँउछ ।' जति ताने पनि भैँसीको थुनबाट भने दूध आएन । अनि त्यहीँ छेउमा उभिएका श्यामदास वैष्णवलाई देवकोटाले भनें– 'श्याम ! चालिसेले त मलाई थारो भैँसी पो भिडाएछ ।' घरमा थारो भैँसी बाँधेको केही दिनपछि फेरि ऋणपान गरेर उनले अर्को दुहुनो भैँसी ल्याए ।

देवकोटाले त्रिचन्द्र कलेजबाट मासिक एक सय रुपियाँ तलब पाउँथे । तर सरकारको सलामी कटाएर उनका हातमा चाहिँ पन्चान्नब्बे रुपियाँ पर्थ्यो । त्यस बेला त्रिचन्द्र कलेज र नेपाली भाषानुवाद परिषद्को जागिर जोडेर उनले आफ्ना हातमा झन्नै एक सय बयसट्ठी रुपियाँको थैली छमछम उफार्थे । त्यति बेला उनको पैसा गन्ने काम श्यामदास वैष्णवको हुन्थ्यो । देवकोटाले जहाँबाट

जति पैसा लिन्थे गन्दैन थिए; तर उनी अरूलाई दिँदाचाहिँ गनेरै दिन्थे ।

•

एक दिन पुष्करशमशेर पनि कार्यालयमा बसिरहेका बेला बालकृष्ण समलाई देवकोटाले भने– 'बाबुसाहेब ! हजुरलाई मेरो नयाँ महाकाव्य 'शाकुन्तल'को एउटा नयाँ सर्ग सुनाउन चाहन्छु ।' त्यसपछि समले भने– 'सुनाऊ ।' अनि देवकोटाले कविता सुनाइसकेपछि समले 'बडो राम्रो लेखेछौ देवकोटा !' भने । समले उनका अगाडि प्रशंसा खोलेपछि पुष्करशमशेरले देवकोटालाई हप्काउँदै भने– 'बाजे ! भाइका अगाडि तिमीले मेरो तेजोवध गर्न खोजेको ? तिमी यहाँ काव्य लेख्न बसेका हौ । म जस्तो भन्दछु तिमीले उस्तै लेख्नुपर्दछ । काम गर्न मन लागेन भने तिमी यहाँबाट जाऊ र तिमीले ल्याएको श्यामदास वैष्णवलाई पनि के गर्नुपर्ने हो गर ।' त्यसपछि देवकोटाले रन्कँदै भने– 'म टपरे बाहुन होइन; म यस्तो जागिर तुरुन्तै छोड्न सक्छु ।'

•

देवकोटा बराबर दार्जिलिङ जान्थे । त्यसको कारण बुझ्दै जाँदा दार्जिलिङकी परी देवकुमारी नै प्रमुख कारक थिइन् । त्यति बेला देवकोटाले पं.श्यामदास वैष्णवलाई भन्थे– 'श्याम ! मलाई दार्जिलिङमा राम्रो लाग्ने कुरा के हो म तिमीलाई भनौँ ? देवकुमारी भन्ने ठिटी मलाई अत्यन्तै मन परी ।' त्यस बेला अरूले पनि भन्थे देवकोटाचाहिँ देवकुमारीको आकर्षणमा परे । वास्तवमा त्यसै बेला देवकोटाले पनि देवकुमारीको अटोमा लेखेका थिए– 'तनकी सुन्दरी, मनकी सुन्दरी, देवकुमारी !' देवकुमारीले पनि देवकोटाको यी अक्षर सधैँ प्रदर्शन गरिरहिन् ।

•

श्यामदास वैष्णवले भन्ने एउटा उक्ति छ– 'महाकवि देवकोटा लहडी थिए ।' २००४ साल असार ४ गते देवकोटा लहैलहैमा

बनारसतिर हान्निए । गणेशमान सिंहको इसारा अनि केदारमान व्यथित र गोपालप्रसाद रिमालको सल्लाहमा उनी प्रेमबहादुर कंसाकारसँग त्यता लागेका थिए । त्यस बेला उनले त्यहाँ जानेबारे घरपरिवारलाई पनि जानकारी दिएका थिएनन् र त्रिचन्द्र कलेजबाट पनि बिदा लिएका थिएनन् । उनी हिँड्ने कुरा घरमा केही मधुरो र अस्पष्ट रूपमा थाहा हुँदाहुँदै उनले डाँडो काटे । उनी घरबाट बाहिरिएको बेहोरा घरपरिवारले पनि कसैसँग खोल्न सकेनन् । त्यसैले त्यस घडी देवकोटा हराएको सूचना काठमाडौँमा छ्यापछ्याप्ती थियो । यस विषयमा पं.श्यामदास वैष्णवको भनाइ छ– 'देवकोटाको सोझोपनलाई फुक्याएर उनलाई बनारस पुऱ्याइएको थियो । त्यस घटनालाई म उनलाई हरेर त्यहाँ लगिएको थियो भन्छु ।'

•

देवकोटा कहिलेकाहीँ आफैँभित्र हराउने गर्थे । त्यति बेला देवकोटालाई केहीले छोपेजस्तो, उनीभित्र केही धुन चढेजस्तो र उनीसँग होसै नभएजस्तो देखिन्थे । श्यामदास वैष्णवका अनुसार त्यति बेला देवकोटाको मुख पनि कालोनीलो देखिन्थ्यो । अनि थुथुथुथु गर्दै 'यो समस्त ब्रह्माण्डलाई नै क्वाराम्म चपाऊँ जस्तो लाग्छ' भन्नुहुन्थ्यो ।

•

देवकोटा नेपालीमै एउटा विशाल नयाँ भाषा निर्माण गर्न पनि चिन्तन गर्दै थिए । त्यही क्रममा उनले २०१३ सालतिर एउटा कोश तयार गर्दै थिए । उनले त्यस भाषाको नाउँ 'भोरल भाक्का' राखे । अनि त्यो उनको विश्वभाषा थियो । त्यसबारे उनले श्यामदास वैष्णवलाई थप भनेका थिए– 'पूर्वीय भाषा र पश्चिमी भाषालाई पनि मैले जोड्नु छ ।'

•

देवकोटाको स्वर्गारोहणपछि श्यामदास वैष्णवले मनदेवी देवकोटालाई भनेका थिए– 'बजै ! तपाईं ईश्वर खोज्न अन्तै लाग्नुभयो,

तर ईश्वर तपाईंका घरमा भएको तपाईंले चालै पाउनु भएन ।' अनि वैष्णवका कुरालाई प्रत्युत्तर दिने क्रममा श्रीमती देवकोटा बोलेकी थिइन्– 'हो रहेछ ! उहाँ स्वर्गीय भएपछि साधुहरू पनि श्रद्धाले सलबलाएका थिए ।'

**देवकोटाको कृतिका सन्दर्भमा वैष्णव**

श्यामदास वैष्णवका अनुसार 'महाकवि देवकोटाले एक घण्टामा सरदर साठी पृष्ठको किताब पढ्थे ।' देवकोटाका प्रायः सम्पूर्ण कृतिलेखनका साक्षी पनि वैष्णव नै देखिएका थिए ।

देवकोटाद्वारा 'तिप्लिङ्गी'को रचना २००१ सालमा गरिएको थियो । श्यामदास वैष्णवका अनुसार देवकोटाले नेपाली भाषानुवाद परिषद्मा जागिर खाएताका नै उनले 'तिप्लिङ्गी' पनि लेखेका थिए । यो कृति लेखिएकै बेला देवकोटाले पं.श्यामदास वैष्णवलाई यसका ठाउँठाउँका अंश सुनाएका थिए । त्यस घडी देवकोटाले 'लक्ष्मी निबन्धसङ्ग्रह' लेखेको जोसमा यो कृति पनि लेखेको बेहोरा वैष्णवले प्रकाशमा ल्याएका छन् । यस कृतिका अक्षर गिजिङमिजिङ र केरमेट भएकाले वैष्णवले यस कृतिलाई साफी गरेर २००२ सालतिर देवकोटालाई दिएका थिए ।

'तिप्लिङ्गी' (२०५७) को भूमिका श्यामदास वैष्णव र दुर्गाप्रसाद अर्याललले लेखेका छन् ।

'तुषारवर्णन' (२०५९) छाप्ने बेलामा देवकोटाले लेखेका अक्षर कहीं कतै अस्पष्ट भएकाले श्यामदास वैष्णवले नै सच्याएर प्रेसमा दिएका थिए ।

'शाकुन्तल' महाकाव्यको पाण्डुलिपि सफा गर्ने काम देवकोटाबाट श्यामदास वैष्णवले पाएका थिए ।

देवकोटाले 'सुलोचना' महाकाव्यका केही अंशको श्यामदास वैष्णवलाई श्रुतिलेखन पनि गराएका थिए ।

देवकोटाको ‘वनकुसुम’को पाण्डुलिपि पनि हराएको भनिएको थियो, तापनि यसलाई श्यामदास वैष्णवले सुरक्षित राखेका थिए । यो कृति वैष्णवले २००४ सालमै प्रेसमा पठाउने हिसाबमा आफ्ना सुन्दर हस्ताक्षरबाट देवकोटाको खेस्राबाट सारेका थिए । यति हुँदाहुँदै पनि वैष्णवका असावधानीका कारणले नै ‘वनकुसुम’का नायकको नाउँ कतै उत्तम र कतै नरेन्द्र लेखिएको छ । साथै नायिकालाई पनि कतै प्रतिज्ञा र कतै प्रतिभा भनिएको छ । ‘वनकुसुम’को साफी गरेपछि अर्थअभावका कारणले यसले समयमा प्रकाशनको सङ्घार भेट्न सकेन । पछि यो कृति वैष्णवमार्फत कमल दीक्षितको हातमा पुग्यो र दीक्षितद्वारा नै सम्पादकीय लेखिएर यो प्रकाशनमा आयो ।

शाकुन्तल (महाकाव्य : सन् १९९१) देवकोटाले २००३ सालमा लेखेका थिए । यो महाकाव्य नौ पाठमा विभाजित छ । यो कृति लेखेपछि उनी ‘मैले नोबेल पुरस्कार पाउन सक्छु’ भन्दै हिँडे । वास्तवमा नै उनी त्यसबारे धेरै आशावादी थिए । त्यस विषयमा उनले माधव घिमिरेलाई पनि भनेका थिए–‘आज त (शाकुन्तल) लेख्तालेख्तै रात पनि बितेछ, बिहान धोबिनी बासेपछि मात्र थाहा पाएँ । करिबकरिब सिद्धिन लाग्यो । नोबेल प्राइज कमिटीमा दिऊँ जस्तो लागेको छ, कसो हुन्छ !’ साथै, त्यही विषयमा उनले श्यामदास वैष्णवसँग पनि ‘श्याम ! मैले नोबेल पुरस्कार पाएँ भने’ भन्दै म त्यो पैसा फलानाफलाना विषयमा यतियति खर्च गर्छु अनि मेरा दुक्खका दिन पनि हरण हुन्छन् भन्ने उत्साहभाव दर्साएका थिए ।

‘द प्रिजेन्ट’ श्यामदास वैष्णवको ‘उपहार’ कवितासङ्ग्रहको देवकोटाले अङ्ग्रेजी भाषामा सन् १९५९ मा अनुवाद गरे ।

‘भक्त प्रह्लाद’ (महाकाव्य) देवकोटाले नेपाली भाषानुवाद परिषद्मा जागिर खाएताका लेखेका थिए । श्यामदास वैष्णवले यस कृतिको साफी गरेका थिए । यो महाकाव्य भक्तिरसमा आधारित छ

भन्ने जानकारी वैष्णवले दिएका छन् । यस महाकाव्यको आधा भाग कहाँ छ फेला परिसकेको छैन ।

देवकोटाको महाकाव्य 'बुद्धचरित्र'का केही अंश 'माधुर्य'मा प्रकाशित भएका छन् । यो कृति २००३ सालमा लेखेको बेहोरा पं.श्यामदास वैष्णवले दिएका छन् ।

'भोटको लडाइँ'नामक गीतिकाव्य प्रकाशनार्थ देवकोटाले नेपाली भाषा प्रकाशनी समितिलाई बुझाएका थिए । श्यामदास वैष्णवका अनुसार यो कृति उनले २००२ सालमा लेखेका थिए ।

देवकोटाले रसियनहरूको नृत्य हेरेर त्यसै दिन 'जिप्सी' (खण्डकाव्य) लेखेको बेहोराको श्यामदास वैष्णवले जानकारी दिए ।

'भारतको इतिहास' (इतिहास) । नेपाली भाषानुवाद परिषद्का अध्यक्ष पुष्करशमशेरद्वारा अङ्ग्रेजीमा लेखिएको 'भारतको इतिहास'लाई नेपाली भाषामा लेख्न देवकोटालाई निर्देशन दिएका थिए । त्यति बेला देवकोटा भाषानुवाद परिषद्मा नै लेखकको दरबन्दीमा थिए । अनि देवकोटाले पनि 'म यो इतिहास एक महिनामा नै लेखिसक्छु' भन्ने राणासमक्ष अठोट गरे । त्यही अनुरूप देवकोटा अङ्ग्रेजी भाषाबाट नेपालीमा अनुवाद बोल्दै जान्थे र श्यामदास वैष्णव त्यो बेहोरा लेख्तै जान्थे । वैष्णवका अनुसार देवकोटाले गरेको त्यो कामबाट त्यहाँ कार्यरत अरू कर्मचारीलाई पोल्न थाल्यो । किनभने देवकोटा प्राय: समर्पित भएर त्यही कार्यमा जुटिरहन्थे । त्यस घडी बेलायतको इतिहासलाई नेपाली भाषामा ल्याउने काम श्यामकृष्ण गौतमले पनि गरिरहेका थिए । उनीचाहिँ लोसे पाराले काम गर्थे, देवकोटा आफ्ना काममा ज्यान लगाउँथे । अनि गौतमलाई पनि देवकोटाको यो शैली मन परेन । त्यसैले एक दिन गौतमले देवकोटालाई भने– 'देवकोटाजी ! तपाईं यत्तिको काम गर्नुहुन्छ, तपाईंको कामका अगाडि हाम्रो काम

देखिँदैन । यहाँ त हामीले काम नै नगरेको जस्तै ठहरियो ।' त्यसपछि अरूहरूले पनि देवकोटालाई जागिरे पारामा काम गर्न आग्रह गर्न थाले । फलतः देवकोटाको जोसमा ठेस लाग्न थाल्यो । परिणामस्वरूप पचहत्तर प्रतिशत लेखिसकिएको इतिहासलेखनमा तुवाँलो पर्न थाल्यो र त्यो पूर्ण हुन सकेन । धेरैले कराएपछि त्यस कामबाट देवकोटाले पूरै हात झिके ।

'निर्माणको मार्ग' नाटकमा देवकोटाले एक जना भिक्षुलाई प्रस्तुत गरेका छन् । यसको पाण्डुलिपि पढ्ने श्यामदास वैष्णवका अनुसार 'एक जना भिक्षु एउटी सौन्दर्यवतीका फन्दामा पर्छ र त्यहाँबाट ऊ भाग्न खोज्छ, तर उसलाई सौन्दर्यवतीले छाड्दिन । त्यतिखेर सौन्दर्यवतीले उसलाई भन्छे– 'बुद्धको विषयमा तिमीभन्दा म बढी जान्दछु ।' वास्तवमा त्यस भिक्षुले भन्दा आफूले बुद्धको व्यावहारिकता धेरै नै बुझेको त्यस सौन्दर्यवतीले प्रमाणित पनि गरिदिन्छे ।'

देवकोटाले 'रजपूत रमणी' नाटक केवल अभिनयका निम्ति २००२ सालमा लेखेका थिए । त्यस बेला राणाका विभिन्न दरबारमा यो नाटक खेलाइने गरिन्थ्यो । यसबारे थप प्रकाश पार्दै श्यामदास वैष्णवले भनेका छन्– 'डिल्लीबजार नाटकमण्डलले एक सय रुपियाँ पारिश्रमिक दिएर महाकवि देवकोटालाई यो नाटक लेखाएको थियो । यस नाटकको पाण्डुलिपि मसँगै थियो । राजा महेन्द्रले नेपाल सांस्कृतिक सङ्घमा देवकोटाका कृति छाप्न पैसा दिएपछि मैले यसको प्रकाशनका लागि त्यहाँ यो नाटक पनि पेस गरेको थिएँ । 'यो मेरा बाबुको सम्पति हो र यो म आफैँ छपाउँछु' भनेर यसको पाण्डुलिपि पद्मप्रसादले सङ्घबाट लिएर गएछन् । उनले 'रजपूत रमणी'को पाण्डुलिपि लगेको पनि पन्ध्र वर्ष भइसक्यो; यसको प्रकाशन भएको देखिएन । वास्तवमा हामीले त्यस बेला त्यतिको पैसा तिरेर किनेको पाण्डुलिपिमा देवकोटाका छोराले दाबी गर्नुनपर्ने हो ।'

देवकोटाले सोभियत रूसको तासकन्दबाट नेपाल आएपछि 'फुड एन्ड सेक्स' भन्ने कृतिका लागि अङ्ग्रेजी भाषामा निबन्धहरू लेखेका थिए । उनले त्यति बेला ती निबन्ध ठाउँठाउँमा सुनाएका पनि थिए । यसबारे श्यामदास वैष्णवले भनेका छन्– 'देवकोटाले अङ्ग्रेजीमा उत्साहपूर्ण ढङ्गले चामत्कारिक निबन्ध लेख्नुभएको थियो । उहाँले नेपाली भाषामा उल्था गरेर केही निबन्ध मलाई पनि सुनाउनुभएको थियो । अर्थाभावले गर्दा औषधिखर्च जुट्छ कि भनी अखबारमा छाप्न एकदुई निबन्ध मलाई पनि दिनुभएको थियो तर त्यस बेला पैसा जुट्न सकेन । बरु गोपालदास श्रेष्ठले देवकाटाले लेखेको किताबको शीर्षकको 'फुड एन्ड सेक्स' भन्ने एउटा निबन्ध 'द कमनर'मा प्रकाशित गरिदिए । 'फुड एन्ड सेक्स' प्रकाशित गरियोस् भनी राय व्यक्त गरिँदा देवकोटाका छोरा पद्मप्रसादले 'व्यवस्था मिलाउँदै छु' भन्नुभएथ्यो । यो कृति अझै छापिएन र सबै निबन्ध उहाँकै घरमा रहेको छ ।'

साहित्यको सौन्दर्य बर्णन गरेर देवकोटाले लेखेको लामो निबन्धका रूपमा 'साहित्यचिन्तन' देखा परेको छ । धर्के कापीमा सिसाकलमले साना अक्षरमा चौध पृष्ठमा यस निबन्धलाई बिट मारिएको छ । यो निबन्ध पढ्न अप्ठ्यारो भए तापनि धैर्यपूर्वक पढ्नेका लागि मरीतरी अक्षर बुझ्न सकिन्छ । यस पाण्डुलिपिको पानाका छेउपुच्छर मुसाले खाएकाले केही अक्षरहरू हराएका पनि छन् । देवकोटाको स्वहस्ताक्षरित यस पाण्डुलिपिको अन्त्यमा श्यामदास वैष्णव पनि लेखिएको छ ।

•

श्यामदास वैष्णव महाकवि लक्ष्मीप्रसाद देवकोटाका गणेशका रूपमा सुपरिचित हुँदै थिए । तर उनी देवकोटाको जगरबगर उखेलेर आफ्नै टाउकामा बोक्न हिम्मत निकाल्न खोज्थे । त्यसै प्रसङ्गमा

उनले भनेका थिए– 'गणेश भन्दाभन्दै पछिपछि त मलाई देवकोटाको हनुमान् भएजस्तो पो म आफैँलाई लाग्यो ।'

•

महाकवि देवकोटाले नेपाली भाषासाहित्यमा लागेका मध्ये सबैभन्दा विश्वास गरिएका, माया गरिएका र धेरै सङ्गत गरिएका एउटै व्यक्ति थिए– श्यामदास वैष्णव । त्यसैले वैष्णवले देवकोटाका प्राय: सबै पाण्डुलिपि हेर्न पाए । उनी भन्थे– 'देवकोटाका रचनाका पाण्डुलिपिका कापी मैले बोराबाट निकालेर पनि हेरेँ ।' त्यति मात्र होइन, वैष्णवले देवकोटाका धेरैजसो पाण्डुलिपि सार्न पनि पाएका थिए । वैष्णवले देवकोटाको व्यक्तित्व र कृतित्वलाई आधार बनाएर उनलाई 'नेपाली साहित्यका महेश्वर' नै मानेका थिए । मेरिना स्मृतिका अनुसार 'वैष्णवले महाकवि देवकोटालाई 'देवदूत' भने पनि हुन्छ भनेका थिए ।'

# श्यामदास वैष्णवलाई देवकोटाको चिनो

श्यामदास वैष्णवलाई महाकवि देवकोटाले साहित्यमा प्रवेश गराएका थिए । त्यो बेहोरा देवकोटाको लेखोटबाट ज्ञात हुन्छ । साथै वैष्णवले पनि त्यस बेहोरालाई शिरोधार्य गरेका छन् । वैष्णवकृत 'रातको आँसु'नामक गीतिकविता (२००७) को देवकोटाले भूमिका लेखेका छन् । त्यस कृतिमा देवकोटाले लेखेका छन्– 'मैले उहाँ (वैष्णव) लाई कविताक्षेत्रमा प्रवेश गराएको थिएँ । पछि मलाई टपेर अगाडि बढ्न खोजेको देख्दा मलाई अत्यन्त खुसी लाग्यो । गुरु गुड चेला चिनी !' वैष्णवको 'रातको आँसु'मा देवकोटाले 'एक झलक' शीर्षकमा मन खुलाएर यसरी भूमिका लेखेका थिए–

'रातको आँसु' हृदयको एकलासको नाम रात, त्यसमा अङ्कित चेतनाको तीव्र अश्रुसदृश बिन्दुहरू, तिनैको चमचमाउँदो प्रकाशन, यो श्री श्यामदास वैष्णवजीको कवितात्मक सिर्जना हो । कविता त सब लेख्छन्, लेख्न चाहन्छन्, तर सिर्जना सबमा हुन्न । वैष्णवजीमा एक आविष्कारको भाव पाइन्छ, नेपाली साहित्यिक जगत्लाई एक चीज बनेको छ । सिर्जना नै प्रभावकारी हुन्छ, यसले युग बनाउने सम्भावना राख्छ, सिर्जनामा नशाको नयाँ रोशनी र रमरम हुनुपर्छ– केही कुराको पन्साई, केही कुराको ग्रहण । छन्दको यन्त्र ज्यादा चिच्च्याहटलाग्दो बनेझैं यसमा पुराना चौपाया ढङ्गविरुद्ध बलवा पाइन्छ । गीतिकविता यसमा ज्यादा सङ्गीततर्फ झुकाव लिन्छ, लयदार शब्दसञ्चालन, मधुर भावानुरेखी गतिमा चुनावसाथ, यो कविको सफलता हो । हामी

भाव विश्लेषण पनि पाउँछौँ यहाँ, फूल फूल मात्र यहाँ छैन, यहाँका फूल– चाँदनीउपर भावनाको अर्के जाली पाइन्छ । कोरा वर्णनजस्तो साँढेको जुझाई– स्वभावोक्ति इत्यादि– केवल प्रकृतिचित्रण– यो साहित्यिक युगभन्दा पुरानो भइसक्यो । वैष्णवजीको फुल्दो फैलिँदो चेतना बन्धनको बागी छ, तर लय र तालमा कम होसियार छैन ।

यस कवितासङ्ग्रहमा हामी नेपाली साहित्यलाई एक 'नवीन प्राप्ति' भएन भन्न– सायद कुइरैको समयमा पनि सकोइनौँ । मलाई त गीतिकवितामा यति राम्रा झल्किँदा टुक्राहरू अन्त नपाएजस्तो लाग्यो । कलाकारको कला तथा भाव कृषकको उम्दा पैदावारी यसमा राम्रो मात्रामा मिलेजस्तो लाग्छ । वैष्णवजीको थोरै वर्षको उमेरभित्र यति छिटोसँग उच्चा रूपको पकड देख्न पाउनु मेरो पनि एक सौभाग्य सम्झन्छु । किनकि मैले उहाँलाई कविताक्षेत्रमा प्रवेश गराएको थिएँ । पछि मलाई टपेर अगाडि बढ्न खोजेको देख्दा मलाई अत्यन्त खुसी लाग्यो । 'गुरु गुड चेला चिनी !' गुरुसँग पहिले प्रतिभाशाली पढ्दछन् सामग्रीका लागि । तर जब आफ्नो लाइन लिन आफ्नो बाटो (सायद थोरै बलवासँग) बनाउन थाल्छन् उनीहरूको व्यक्तित्त्व सुरु हुन्छ ।

म त आजकाल गीतिकविताका भावसामग्री तथा लय दुवैबाट धेरै दिन वञ्चित छु । सरस्वतीले आफ्नो हृदयको नजिक कविलाई यसरी मीठो बरदान दिनु मउपर बक्सिस बर्साएभन्दा धेरै खुसीको कुरा लाग्छ । नेपाली साहित्यका पाठक तथा समालोचक र रसिकवर्गले 'रातको आँसु' पढेर जरुर एक राम्रो तवरले छाँटकाँट मिलाइएको, जलमल पुगेको, हलक्क बढारु, कविता– उपवनको राम्रो राजसी विरुवाको कोपिला देखेर आशा बढाउनेछन् र ठोस चीज पक्रेको अनुभव गर्नेछन् भन्ने आशामा छु ।'

•

देवकोटाले श्यामदास वैष्णवलाई सधैँ माया गरे । देवकोटाले आफू बिरामी भएका बेला पनि वैष्णवको 'उपहार'नामक

कवितासङ्ग्रहको अङ्ग्रेजी भाषामा अनुवाद गरिदिए । देवकोटाले त्यस कृतिको नाउँ 'The Present – द प्रेजेन्ट' राखे ।

लक्ष्मीप्रसाद देवकोटाले श्यामदास वैष्णवको 'द प्रेजेन्ट'नामक कृतिमा 'इन्ट्रोडक्सन– परिचय' शीर्षकमा भूमिका पनि लेखेका छन् । त्यस कृतिमा छापिएको देवकोटाको भूमिका 'इन्ट्रोडक्सन' अणुराज जोशीबाट नेपाली भाषामा यसरी अनुवाद भएको छ–

'प्रायजसो कुत्रोफ्राम्रो पहिरनमै रमाएर हिँड्ने श्री श्यामदास वैष्णवजीको भुत्लो अनुहारमा अमर्यादित खालको मुस्कान भेटिन्थ्यो भने उनले हिजोआज चस्मा पनि लगाउन थालेछन् । 'स्वतन्त्रता सङ्ग्राम'का लागि काठमाडौँका युवाहरूको आत्माआवाज प्रतिनिधित्व हुने गरी पुन: एक पटक आधुनिक कविका रूपमा उनी जबरदस्त मैदानमा उत्रेका छन् । समाजमा विद्यमान सत्यतथ्यहरू परम्परावादी फरक दृष्टिकोणबाट चुपचाप पहिचान गर्न सक्ने उनको खुबीका उपलब्धिहरू, उनको पृथक् एवं अनौठो खालको सामाजिक आचरणले गर्दा उनी सबैका प्रिय पात्र बन्न पनि सफल भएका छन् ।

आधुनिक जमानामा देखिएका अचम्मलाग्दा परिवर्तनहरू तथा परिवर्तित जनजीवनको रफ्तारको पृष्ठभूमिमा आधारित रहेर मानिस, यिनको प्रवृत्ति र विशिष्टता पहिल्याउनु उनका रुचिका विषयभित्र पर्छन् । उनको फुकाव व्यङ्ग्य विधामा छ, त्यसैले उनी घोचपेचको माध्यमद्वारा मानिसमा निहित दानव प्रवृत्तिलाई मानवत्वमा बदल्न प्रयत्नरत देखिन्छन् । उनका लागि, समाजभित्र रहेका सुन्दरतम पक्षहरूद्वारा निर्दिष्ट परिधिभित्र रहेर जीवनको समालोचनात्मक लेखाजोखा गर्न सक्नु नै कविता विधाको विशेषता हो ।

उनको प्रेरणास्रोत के हो, भन्न गाह्रो छ । निराशा र सोविरुद्ध उनको सङ्घर्ष छ्यासछ्यासती भेटिन्छन् । विश्व आत्मालाई सञ्चेतना जगाउने सत्यनिष्ठ भावना जीवन्त राख्न आवश्यक पर्ने जूनकीरीको जस्तो प्रकाश र मानव गोडाको जस्तो गतिको सौन्दर्य र गरिमाबारे

उनी गीत गाउने गर्छन् । मन्द रोदन होइन, सबैले सुन्ने गरी निर्धक्कसँग अभिव्यक्ति व्यक्त गर्नु उनका लागि अहम् विषय हो ।

उनी अद्यावधिक आधुनिक कवि यस कारण पनि हुन् कि उनको कविताहरूमा नेपाली समाजभित्रको जनजीवनमा पाइने सुगन्ध एवं दुर्गन्ध दुवै पाइन्छन् । राम्रा पक्षहरूको मात्र चर्चा गर्ने, अनि नराम्रा पक्ष देख्दै नदेखेको जस्तो गर्ने प्रवृत्ति यिनलाई पटक्कै मन पर्दैन । बोल्नमा उनी कम नै बोल्छन । लेख्नमा उनी लम्बेतान शब्द वा वाक्यहरू नखर्चीकन, पाठकहरूसमक्ष नो गुह्य कुरा (जुन उदार तथा रोचक हुन्छन्) पस्काउन तीन वा चार खुड्किलो कटाएर लक्ष्यसम्म पुऱ्याउन उद्यत रहेको भेटिन्छ । उनको व्यक्तित्व परिचित भएर नि अपरिचितझैँ लाग्छ । भगवान् बुद्धका अमृतवचनहरू उनीहरूतर्फै तेर्स्याएर उनी धूर्त आदर्शवादीहरूको गालामै चड्काइदिन्छन् । तिनीहरूको सत्यतथ्यहरूलाई सोभन्दा ओजनदार सत्यतथ्यहरूले घर धपाइदिन्छन् ।

उनको कवितामा कुकुर म्याउँम्याउँ गर्न थाल्छन् र बिरालो भुक्ने गर्छन् । आयुर्वेदीय डाक्टर ‘कविराज’ले झैँ उनी समाजमा विद्यमान ससाना धड्कनहरूको पनि नाडी छाम्न पुग्छन् । उनको कविता समाजमा सञ्चेतना जगाउने र समाजमा विद्यमान यथार्थहरू उजागर गर्ने प्रस्तुतीकरण हो भने उनको शैली अनौठो रहस्यमय दृष्टिकोण हो ।

बेलाबखत यिनी प्रेमान्ध व्यक्तिले झैँ फूल, अन्धकार र पत्थरमा निहित शक्ति छाम्न पुग्छन् । उनी बाँचिरहेछन्, यसनिम्ति कि जीवनमा कति हदसम्म पीडाहरूले पिरोल्न सक्दा रहेछन् भन्ने कुरो आफू स्वयम् अनुभव गर्न सकून । समष्टिमा, उनका कविता कल्पनामा होइन, भावोत्तेजक बन्दै गएको वास्तविक तथ्यहरूमा आधारित हुन्छन् । वर्तमानमा मौजुद होहल्लायुक्त अन्योल नै उनको कविता उत्पादनशालामा प्रयोग हुने मुख्य कच्चा पदार्थ हुन् । ससाना कुराले

पनि उनको ध्यान आकर्षित गरिरहेको हुन्छ । सामान्यजस्तो लाग्ने बाउछोरा वा बाउछोरीको संवादको दृश्यबाट पनि उनी प्रभावित वा प्रेरित हुन पुग्छन् । एउटा बालकले पनि रातो इँटाले बनेको भित्ता वा गाईको गोबर लिपेको भुइँमा कलाकृति कोरेर सुन्दरता थप्ने काम गर्न सक्छ । मलाई लाग्छ, उनले पनि यो बाटोमा उल्लेख्य सफलता हासिल गरेका छन् ।

उनका व्यङ्ग्यहरू भित्तैसम्म पुग्ने गरी सशक्त तथा तृप्तकारी हुन्छन् भने तिनको रसास्वादनपछि सम्भाव्य तिक्तताको लेशसम्म भेटिन्नन् । असफल प्रयासहरूको सौन्दर्यमाथि हाँस्ने अन्धोपनमा उनी मुस्कुराउने गर्छन् । आफूमाथिको धूलो टकटक्याउनु अथवा पुछ्नु पनि उनका लागि महान् उत्सव भइदिन्छ । कहिलेकाहीँ त नीरस, निरर्थक विषयवस्तुलाई पनि सौन्दर्य सम्झेर वा अति प्रशंसनीय ठानेर त्यसैको गीत गाउन तल्लीन भइदिन्छन् ।

आउँदै गरेको चाडपर्वबारे गरिब घरपरिवारभित्र देखिने मनोवैज्ञानिक प्रतिक्रियाहरू तथा सोसम्बन्धी अपेक्षा र प्राप्तिको स्तरबारे जायज के नाजायज के भनेर इमानदारितापूर्वक निर्क्योल निकाल्न खोज्ने उनका प्रयासहरूले, परिवारकै एक मात्र जीविकोपार्जक कवि उनी र उनीभित्र विराजित 'स्वतन्त्र कवि'बीचको उनको सङ्घर्षले तथा अध्यात्मवादीहरू र भौतिकवादीहरूमा निहित सङ्कूचित कट्टरपनाबारे उनको धज्जी उडाइले के प्रमाणित गर्दछ भने उनी एकदमै मानवतावादी, उदारवादी र आफ्नो मूल्याङ्कन आफैँ गर्न सक्ने क्षमता बोकेका व्यक्तित्वका धनी हुन् ।

उनको नजरमा यस धरतीमा ठगल्चीहरूको जगजगी छ, पटमूर्खहरूको राज छ । तर यस धरतीको मातृत्वमाथि उनको भक्तिभाव छ, पुत्रत्वमाथि श्रद्धाभाव छ । अनि, यस धरतीकै मरिजाने सन्तानहरूको सन्तानत्वमाथि आस्था छ । चाहे जोसुकैले स्वर्ग वा

धरतीको आदर्शीकरण गरेर जतिसुकै बखान गरे पनि, जोकोही पनि यहाँ छन् वा छौँ ती सबै यस धरतीमै रहने मानवप्राणी हौँ वा छौँ ।

सधैँभरि चिन्तैचिन्ताको गुजाराइमा अलमलिएरै हालसम्म जीवनयात्राकै क्रममा रहेका एक जना ध्यानी नागरिकको हातबाट प्रस्तुत कृति रचना भएको छ । नेपाली साहित्यमा उनको देनको महत्त्वबारे मलाई के लाग्दछ भने, उनका केही उत्कृष्ट व्यङ्ग्यहरू तथा गीतका शब्दहरू कहिल्यै मर्न पाउने छैनन् । र तिनीहरूले नेपाली काव्यजगत्को इतिहासमा उत्कृष्टै दर्जा नपाए पनि दोस्रो दर्जा अवश्य पाउने आशा गर्न सकिन्छ ।

उनले कोरेका कविताका छन्दहरूले हाम्रो चेतनाको स्तर बढाइदिन्छ । प्रस्तुत कृतिको अन्ततिर उनी आफैँले आफैँलाई धन्यवाद दिन्छन्, यस धरतीलाई चलायमान बनाउन यहाँ जन्म लिन आउन पाएकोमा ! भलै, मर्मत तथा जीर्णोद्धार नगरिनहुने अवस्थाका भग्नावशेषै भग्नावशेषहरूमाऋ बाँच्न बाध्य भएर पनि ।

उनका केही कविताहरू उनैको आग्रहमा अनुवाद गर्न पाउँदा मलाई खुसी लागेको छ । उनका श्यामश्वेत चराहरू अङ्ग्रेजी चालमा उड्न र विशाल आकाशै चुमून भन्ने उनको चाहना रहेछ ।

आशा गरौँ, अघिल्ला दिनहरूमा उनलाई थप सफलता हात लाग्नेछ । नेपाली काव्यजगत्मा विशेष देन दिनेहरूको सूचीमा उनको नामले मर्यादित ठाउँ ओगट्नेछ ।'

•

श्यामदास वैष्णवको 'उपहार' कवितासङ्ग्रहको अङ्ग्रेजी भाषामा अनुवाद सन् १९५९ मा भएको थियो । देवकाटाले यस कृतिको अनुवाद पं.श्यामदास वैष्णवप्रति आफ्नो जीवनको अन्त्यमा केही गरेर जाऊँ भन्ने सोचाइ राखेर नै हतारोमा गरेका थिए । यो अनुवाद देवकोटा शान्तभवन अस्पतालबाट आर्यघाट जानुअघि

भएको थियो । त्यति बेला देवकोटाका अघि बसेर वैष्णव यस सङ्ग्रहभित्रका नेपाली कविता भन्दै जान्थे अनि त्यसको अङ्ग्रेजी अनुवाद देवकोटा गर्दै जान्थे ।

महाकवि देवकोटाले श्यामदास वैष्णवको कृति 'उपहार' नेपाली भाषाबाट अङ्ग्रेजी भाषामा अनुवाद गरिदिएपछि वैष्णव फुरुङ्गै थिए । देवकोटाको अनुवाद छापिएको पचास वर्षपछि अर्थात् २०६६ फागुन २८ गते 'द प्रेजेन्ट' पुन: छापिएको थियो । अनि त्यस कृतिमा वैष्णवले आफ्नो मन्तव्य लेखेका थिए–

'महाकवि देवकोटा (लक्ष्मीप्रसाद)ज्यूको अन्तिम चिनोजस्तो बनेर अङ्ग्रेजीमा रूपान्तरित 'द प्रेजेन्ट' पुस्तक ५० वर्षपछि (उहाँको शतवार्षिकीको उपलक्ष्यमा) पुन: प्रकाशित गर्ने जमर्को हुन गएको छ ।

'द प्रेजेन्ट' (उपहार) रूपान्तरित गरिनुअघि, देवकोटाज्यू तासकन्द (रूसको) सम्मेलनबाट फर्कनुभएको थियो र अङ्ग्रेजीमा भटाभट निबन्ध लेख्न लाग्नुभएको थियो घोप्टो परेर । त्यस बखत अन्तर्राष्ट्रिय जगत्मा नेपालको बौद्धिक परिचय दिने लहर चलेको थियो । र 'इन्द्रेणी' पत्रिका अङ्ग्रेजी र नेपालीमा प्रकाशित हुन लागेको थियो । पछि मैले पनि अङ्ग्रेजी भाषामा कविता उतारी 'आत्मपरिचय' दिने रहर प्रकट गरेँ र श्री देवकोटाज्यूले मेरो आग्रहलाई उचित ठान्नुभयो । अनि अङ्ग्रेजी भाषामा रूपान्तरित गरिदिनुभयो– 'द प्रेजेन्ट' ।

त्यस बेला म नेपाली भाषामा 'उपहार' (कवितासङ्ग्रहभित्रका) कविता सुनाउँदै जाने र उहाँले सुनेको भरमा सरासर अङ्ग्रेजी भाषामा रूपान्तरित गरिदिने गर्न थाल्नुभयो । तब 'द प्रेजेन्ट' नामबाट (उहाँको अवसान हुनुअघि) श्रेष्ठ प्रकाशन (श्री स्वयम्भूलालको सौजन्यमा) कविताकृति 'पुस्तक' बनेर वि.सं.२०१६ मा प्रकाशित हुन गएथ्यो ।

अहिले वि.सं.२०६६ मा साल गणना गर्दा पूरा 'आधा शताब्दी' पुग्न गएको देखिन आयो । कविता रूपान्तरित (अङ्ग्रेजीमा) प्रकाशित भएपछि 'द प्रेजेन्ट'भित्रका केही रचना रूसी भाषामा उतारिएको चर्चा, कविवर सिद्धिचरणज्यूले गर्नुभएको थियो । यसबाहेक 'द प्रेजेन्ट' प्रकाशित हुन लाग्दा भारतीय कवि अज्ञेयले पैसाको भेद भन्ने आशयको कविता मन पराई 'एसिया'नामक पत्रिकामा छाप्न भनेर लिएर जानु पनि भएथ्यो– पूर्वकालमा ।

त्यस बखतदेखि यस बखतको बीच धेरै अन्तर भइसकेको र धेरै प्रतिभाहरूको जन्म भइसकेको छ । नेपाली साहित्यक्षेत्रले पनि धेरै व्यापकता हासिल गरिसकेको छ । तर पनि 'द प्रेजेन्ट' देवकोटाज्यूको अन्तिम चिनो भएको तथा यसभित्र पनि 'शाश्वत गुण' विद्यमानै देखिएकाले पुन: प्रकाश फैलाउने तत्परता देखाइएको हो (नेपाली भाषाको 'उपहार'समेत यसमा गाभेर) ।

यसै प्रसङ्गमा यो चिन्तन गर्नु पनि आवश्यक देखिएको छ कि 'हिमवत्खण्ड नेपाल' गौरवशाली थलो हो । 'यश्स्येन हिमवन्तो महीत्त्वा' भनी वेद उपनिषद्ले समेत जागृति ल्याएको देखिन्छ विश्वमा । यही वैदिक संस्कारबाट 'अनुप्राणित नेपाली साहित्यको प्राकृतिकपन' सरल, सरस र मार्मिक देखिन आउँछ (लोक रूपमा) । यसको आभास विश्वभाषामा रूपान्तरित गरी दर्साउन सकेमा आर्थिक 'उपलब्धिको' साथै यहाँका स्रष्टाहरूको स्थिति पनि उन्नत हुन सक्ने सम्भावना देखिन्छ । यसका निम्ति श्री देवकोटाज्यूबाट थालिएको अभियानलाई नेपाली र अङ्ग्रेजी भाषाका ज्ञाताबाट योजनाबद्ध ढङ्गले निरन्तरता दिन सके देशको गौरव पनि बढ्ने थियो कि भन्ने लाग्दछ ।

अन्तमा यस मौकामा प्रकाशित कृतिको सार श्री देवकोटाज्यूमा अर्पण गर्दै सबै सहयोगीहरूप्रति कृतज्ञताज्ञापन गर्दछु । 'द प्रेजेन्ट'को पहिले प्रकाशित पुस्तक दुर्लभ भइसकेको थियो । वरिष्ठ प्राज्ञ श्री कृष्णचन्द्रसिंह प्रधानले जुटाइदिनुभएकोमा उहाँप्रति पनि आभार

व्यक्त गर्दछु । साथै हेर्न, पढ्न अघि सर्नेहरूमा पनि धन्यवाद छ मेरो ।'

•

श्यामदास वैष्णव महाकवि लक्ष्मीप्रसाद देवकोटाका भक्त चेला थिए । त्यसैले उनी पनि देवकोटाझैं उपकारी व्यक्तिउपर कृतज्ञ थिए । देवकोटाप्रति उनी आजीवन कृतार्थ भइरहे । देवकोटाका प्रसङ्गमा उनले जति बोले पनि र जति लेखे पनि उनका लागि ती सबै बेहोरा अपूर्ण नै हुन्थे ।

# श्यामदास वैष्णव र पारिजातको हेलमेल

श्यामदास वैष्णवको वैयक्तिक सीप प्रतिभालाई बोक्ने पनि थियो । उनले आफ्नो जीवनकालमा धेरैलाई बोकीबोकी हिँडे । तर उनलाई आपत्‌विपत् पर्दा उनलाई कसैले बोक्न चाहेनन् । यति हुँदाहुँदै पनि उनले आफ्नो नैसर्गिक गुणलाई त्याग्न सकेनन् । यसै परिप्रेक्ष्यमा उनले पारिजातलाई पनि सकेको स्नेह गरिरहे र यथेष्ट सहयोग जुटाइरहे ।

श्यामदास वैष्णवले पारिजातलाई नेपाल आउनेबित्तिकै चिनेका थिए । पारिजातको उर्वरा साहित्यिक जागरणसँग वैष्णव त्यसै बेलादेखि परिचित थिए । उनी त्यसै बेला भन्थे– 'पारिजात प्रतिभासम्पन्न कवयित्री हुन् ।' पारिजात काठमाडौँ आएताकादेखि वैष्णव र पारिजातको राम्रो सम्पर्क, सम्बन्ध र घनिष्ठता थियो । वैष्णवले सुरुसुरुमा पारिजातको जयमा थुप्रै पसिना बगाएका थिए । उनले पारिजातका लागि केके गरे भन्ने बेहोरा नरेन्द्रराज प्रसाईद्वारा 'पारिजातको जीवनकथा'नामक जीवनीकृति (२०५७) मा लेखिएको पनि छ । त्यही कृतिको आडमा उभिएर हेर्दा वैष्णव र पारिजातको हेलमेलको विकास यसरी भएको रहेछ–

पारिजात नाटचकलामा पनि अभिरुचि लिन्थिन् । अध्ययनका बेला उनले केही नाटकमा अभिनयको भूमिका पनि खेलेकी थिइन् । यसै क्रममा गोविन्दबहादुर मल्ल 'गोठाले'को 'युगको सिकार'नामक नारीप्रधान नाटकमा पारिजातले नायिकाको भूमिका निर्वाह गरेकी

थिइन् । त्यस नाटकका निर्देशकचाहिँ श्यामदास वैष्णव थिए । पारिजातसँग त्यस नाटकमा खेल्ने अर्का साहित्यकार चित्तरञ्जन नेपाली थिए ।

पारिजातको रुचि विविध धारामा पाइन्थ्यो । उनका कार्य गराईलाई श्यामदास वैष्णवले आलोचनात्मक समर्थन गर्ने गर्थे । त्यसै सन्दर्भमा पारिजातको व्यक्तित्व र विशेषताका बारेमा श्यामदास वैष्णवले लेखे– 'पारिजात सुन्दरीका साथै संवेदनशील र भित्र कुण्ठा र आक्रोशले भरिएकी महिला थिइन् । मैले तपाईं बढी कुण्ठाग्रस्त र महत्त्वाकाङ्क्षी बढी बनाइएर शरीरमा असर परेजस्तो लाग्छ । प्रकृतिको मनोहरतातिर आफूलाई लग्नुहोस् भन्दा यो कुरा उनले मानेकी थिइन् र म हिजोआज रमाउनतिर पनि लागेकी छु भन्थिन् ।'

श्यामदास वैष्णवले नरेन्द्रराज प्रसाईलाई लेखेको एउटा पत्रमा पारिजातको आर्थिक प्रसङ्ग उल्लेख गरिएको थियो– 'एक दिन पारिजातकहाँ म जाँदा उनको टाउको अण्डाकारको ठूलो र शरीर दुब्लो मैले देखेँ । तैपनि उनले मसित हाँसेर कुरा गरिन् । खाटमा राखेको आफ्नो कृति देखाउँदै मेरा कृतिहरू अरूले किनिदिई सघाउँछन् र कोही मेरो रचनाको पारिश्रमिक पनि दिन्छन् भनी आफ्नो आयस्रोत मलाई देखाउँथिन् ।'

२०२२ साल पारिजातको 'शिरीषको फूल'को वर्ष थियो । त्यस वर्षले नेपाली भाषासाहित्यलाई नेपालभित्र मात्र होइन अन्तर्राष्ट्रिय पटभूमिमा पनि पुऱ्याएको थियो । वास्तवमा त्यस युगमा श्यामदास वैष्णवको पनि पारिजातसित प्रत्यक्ष र परोक्ष भूमिका जोडिएको थियो । 'शिरीषको फूल'लाई प्रकाशनका बाटामा पुऱ्याउन सुझाव दिनेदेखि सो कृतिलाई मदन पुरस्कार प्राप्त गराउनेसम्मको काममा वैष्णवको भूमिका जोडिएको थियो ।

पारिजात शङ्कर लामिछानेलाई श्रद्धा गर्थिन्, माया पनि गर्थिन् र प्रेम पनि गर्थिन् । यसै परिप्रेक्ष्यमा श्यामदास वैष्णवले २०४६ साल वैशाख ३ गते नरेन्द्रराज प्रसाईलाई एउटा चिठीमा लेखेका थिए– "शिरीषको फूल' पारिजातकै काव्यात्मक उपहार हो । यस्तो कृति अरूका हातबाट सच्याइँदा उपन्यासको सिलसिला र क्रम नै मिल्न सक्तैन । 'शिरीषको फूल'को अभिव्यक्तिमा पारिजातको आफ्नै विशेषता छ । प्रेम र शारीरिक सम्बन्धको कुरै गर्ने हो भने 'स्त्रीया: चरित्रं पुरुषस्य भाग्यं, दैवो नजानाति कुतो मनुष्य:' भन्न सकिन्छ । मेरो अनुभवअनुसार शङ्कर लामिछाने र पारिजातको रोमान्स अनौठो कुरा होइन । उनीहरूको रुचि र धारणा एउटै देखिन्थ्यो ।'

श्यामदास वैष्णवले शङ्कर लामिछाने र पारिजातको आन्तरिक सम्बन्धका केही कुराहरू खोलेर नरेन्द्रराज प्रसाईलाई एउटा पत्र लेखेका थिए– 'एक दिन पारिजातको कोठामा अरू साथीहरूसित रमाइलो मनाइरहेकामा उनले मलाई पनि बोलाइन् । त्यहाँ शङ्कर लामिछाने पनि थिए । मैले शङ्कर लामिछानेसित 'तपाईंका बारेमा पारिजातसँग मेरो कुरा भएथ्यो' भन्नेबित्तिकै शङ्कर आत्तिएर 'मेरो सबै कुरा तपाईंसित पारिजातले भनी ?' भनेर रन्थनाउन लागे र उनलाई वाकवाकी आयो । यसपछि पारिजात 'शङ्कर दाइ ! भुमिट (वाक्क) गर्नुहोस्' भन्ने र शङ्कर लामिछानेचाहिँ 'रक्सीको इज्जत जान्छ' भनी रोक्न खोज्ने गर्न थाले ।' वैष्णवका अनुसार 'पारिजात र शङ्कर लामिछानेभित्रको आकर्षण राम्रै थियो तर पनि Sex मा शङ्कर त्यति पौरखी पनि देखिन्न थिए ।'

नरेन्द्रराज प्रसाईले २०५७ सालमा 'पारिजातको जीवनकथा' नाउँ दिएर जीवनीकृति लेखे । त्यति बेला त्यस कृतिका विरुद्ध आगो बलेको थियो । त्यसै सन्दर्भमा श्यामदास वैष्णवले रोदीघरकी रानीमौरी

'पारिजातको जीवनकथा' शीर्षकमा २०६३ असार २ गते एउटा लेख लेखेका थिए–

'सबैले चर्चा गरिसकेकी पारिजातलाई पुन: चर्चित गराउन नरेन्द्रराज प्रसाईले कलम चलाएको देखियो । चर्चित भएपछि चर्चा गर्नु कुनै नौलो र अर्घेलो कुरा मान्न सकिन्न । कृति पढेर चर्चाउपचर्चा गर्नु साहित्यिकहरूको कामै हो भन्न सकिन्छ ।

नरेन्द्रराज प्रसाईले पारिजातले भोगेको कुरादेखि लिएर उनले व्यक्त गरेको विचार र अरूले पोखेका उनमाथिको विचारसमेतलाई उद्धरण बनाई पुन: चर्चित गराउन खोजेको पाइन्छ । गढेर विचार गर्दा धेरैले पारिजातलाई रोदीघरकी रानीमौरी गराएको पाइन्छ । कैयौँले त तमक पनि भरिदिए क्यारे उनमा । टङ्कविलासले त 'शिरीषको फूल'को अङ्ग्रेजी भाषामा अनुवादसमेत निकाली सहयोग गरेको देखियो ।

कोही ठूलो हुन गएकोमा कसैलाई आपत्ति नहुनु नै सौजन्यता होला । तर पारिजातको भनाइ र गराइमा अनेकता पाइन्छ । दार्शनिक बन्नका लागि निश्चल आस्था चाहिन्छ भन्ने मलाई लाग्छ । दु:ख, कष्ट र विकृतिको दिग्दर्शन गर्दैमा कोही प्रगतिशील भइहाल्छ र ? न कि माओ र कार्ल माक्सको भजन गाउँदैमा कोही प्रगतिशील हुन्छ । उनीहरूले त समय र परिस्थिति हेरी धारणा बनाए र सफल पनि भए आफ्नो युगमा । हामी भने भजमने बन्दैमा प्रगतिशील पनि हुँदैनौँ र देशको स्थिति र संस्कृतिको मर्म बुझेर मात्र सुधारक हुन सक्छौँ ।

अब आउँछ, पारिजातले सिद्धान्तवादी बनेर कति मार्गनिर्देशन गरिन् त आफ्नो धरातलमा ? भन्ने प्रश्न उब्जन आउँछ । मलाई लाग्छ– साहित्यकारको मूल कर्तव्य चेतना जाग्रत गराई सही बाटो देखाउन सक्नु हो । धेरै पृष्ठ लेख्दैमा र धेरै विषयको लेख्दैमा

समाजलाई जगाउन सकिन्न । यसका निम्ति लेखनधर्मीमा निर्मल चेत हुनुपर्छ । प्रशंसा र निन्दामा उसले फस्नु हुँदैन । धेरैले महत्त्वाकाङ्क्षी बनाइदिएर हो कि पारिजातमा चिढचिढापन आएको पाएँ पछि मैले ।

२०४६ सालपछि लेखकहरूको जुलुसमा म पारिजातको पछि नलाग्दा 'रत्नश्री'को पुरस्कार पाएर गम्केको हो कि भनेर फोनमा मसित कुरा गर्नुभयो उहाँले । पछि मैले चित्त दुखाएँ क्यारे भन्ठानेर हैनहैन पनि भन्नुभयो, तर यति भन्दैमा म उहाँलाई असाहित्यवादी मान्दिनथेँ । केही समयपछि मोहन दुवालले निकालेको 'जनमत'को समारोहमा म आफू नगई उहाँको जसरी हुन्छ सम्मान होस् भन्ने चाह मेरो छ भनी 'रत्नश्री'का सम्पादक शान्तदेव भट्टराईमार्फत सन्देश पठाएको थिएँ । उहाँको सम्मान हुँदा खुसी पनि लाग्यो ।

एक दिन मैले पारिजातलाई फोनमा भनेँ– 'प्रगतिशीलताको नाताले जतातते फोहरमैला मात्र देख्न भएन पारिजातज्यू । म त रछ्यानमा पनि फूल फुलेको देख्छु ।' यो कुरा उहाँले पनि स्विकारी 'म आजकल रमाउँछु' पनि भन्न थाल्नुभयो ।

चर्चापरिचर्चा भनेको यस्तै हो आउँछ जान्छ । अहिले प्रकाशित प्रसाईको रचनाले पनि चर्चा बढाउने नै छ पारिजातको । भगवान्बारे त चर्चापरिचर्चा हुन्छ भने पारिजातको हुँदैमा अन्धसमर्थकहरूले आत्तिनुपर्ने कारण देखिन्न । मेरो रायमा पारिजातबारेमा अरू पनि ग्रन्थ लेखिनुपर्छ । कमजोरीलाई ढाकछोप गरी ढुसी पारेर राख्दा झन् दूषित हुन सक्छ स्थिति । यसैले स्वच्छताको निराकरणका लागि श्री नरेन्द्रराज प्रसाईको पारिजातबारेको रचना सबले पढौँ, हेरौँ र विवेचना गरौँ । कसैलाई ढुङ्गो बनाई पूजा गर्नुभन्दा यसबारे लेखाजोखा गर्नु कलमधर्मीहरूका निम्ति उपयुक्त नै होला । चिन्न र चिनाउनुलाई राम्रै ठान्नुपर्छ, चाहे जो जस्तो होस् । साहित्यक्षेत्रमा नरेन्द्रराज प्रसाईले कलम तिखार्नुभयो त हामीले यसलाई पनि स्विकार्नैपर्छ ।

यसबाट पनि पारिजातको महत्त्व बढ्नेछ किनकि साहित्य 'चेतनाको क्षेत्र' हो, चेतनधर्मीहरूले सही मूल्याङ्कन गर्नै पर्छ ।

सिँगौरी खेलेर व्यक्तित्त्व दर्साउन जमर्को गर्ने नरेन्द्रराज प्रसाईलाई 'अनिष्टविरोधी व्यक्तितत्व' मान्न सकिन्छ । हार नखाई काममा अग्रसर भइरहने जागरुकता श्री प्रसाईमा पाइन्छ । नेपालका 'नामर्द' भद्रभलाद्मीबीचमा यस्ताले आफ्नो प्रभाव दर्साई उचित कार्यसम्पादन गरेको म पाउँछु । एकले अर्काको निन्दा गरी आफूलाई प्रतिष्ठित भनाउन खोज्ने कमारावादी हिन्दु दासहरूको बीचमा नरेन्द्रराज प्रसाईका क्रियाकलापले नसिहत दिएझैँ मलाई लाग्छ ।'

श्यामदास वैष्णवले पारिजातलाई धेरै स्नेह गरेका थिए । चाहे रामशाहपथमा बसेका बेला होस् र चाहे म्हैपीको घरमा बसेको समयमा होस् पारिजात जताजता पुगे पनि वैष्णव त्यतात्यता धाउने गर्थे । उनी भनिरहन्थे– 'नेपाली साहित्यको आधुनिक कालखण्डमा तीन जना नारीहरूले नेपाली साहित्यको आकाश ढपक्कै ढाकिदिएका छन् । देवकुमारी थापा, पारिजात र वानीरा गिरी दार्जिलिङबाट आएर पनि नेपालका रैथाने नै भएको देख्ता गौरव लाग्छ । यिनीहरू तीनै जना स्रष्टाले नै अन्तर्राष्ट्रिय जगत्मा पनि नेपालको प्रतिनिधित्वसमेत गरिदिए ।'

# श्यामदास वैष्णवप्रति उत्तम कुँवरको ज्योति

२०२० सालतिरै श्यामदास वैष्णव फेरि चर्चाको शिखरमा चढेका थिए । उनको चर्चा हुनुपर्ने कारण थिए– राजा महेन्द्रलाई मन परेका कविमध्ये वैष्णव पनि एक थिए । महाकवि देवकोटाका छायाका रूपमा वैष्णव नै एक जना सर्वत्र चिनिएका थिए । उनी चर्चित हुने अन्य कारणहरूमध्ये नाटचसम्राट् बालकृष्ण समले वैष्णवलाई डोऱ्याईडोऱ्याई हिँड्ने गर्थे । अनि ईश्वर बरालले वैष्णवको काव्यात्मक व्यक्तित्वको लिखित र मौखिक रूपमा चर्चापरिचर्चा गरिरहन्थे । यति हुँदाहुँदै पनि हरेक इन्चमा देवकोटा र वैष्णव सँगसँगै जसो हुन्थे । कतिसम्म भने देवकोटाबिना वैष्णव सास फेर्न गाह्रो मान्थे र वैष्णवबिना देवकोटा पनि पाइला सार्न असजिलो मान्थे । साथै देवकोटाकै छाया भएर नै वैष्णव पनि समाजसामु आफू चिनिन चाहन्थे ।

महाकवि देवकोटाको भौतिक चोला सकिएपछि श्यामदास वैष्णव झन्नै एकान्तप्रिय भइसकेका थिए । त्यसपछि उनी आकाश हेरेर हिँड्थे । उनले आफ्नो जीवनलाई नीरस मात्र देख्थे । वास्तवमा उनको जीवनको सम्पूर्ण भाग उनले देवकोटामा समाहित गरिसकेका थिए । यस संसारमा देवकोटा नहुँदा त्यस घडी वैष्णव मर्नु र बाँच्नुको दोसाँधमा घोरिइरहेका बेला उत्तम कुँवर उनका अघिल्तिर आएर ठिङ्ग उभिएका थिए । अर्थात् त्यतिखेर एक जना उपकारी स्रष्टाबाट ‘स्रष्टा र साहित्य’मा वैष्णवले स्तरीय, उत्कृष्ट र लोभिलो

ठाउँ पाएका थिए । त्यो कृति प्रकाशन भएपछि वैष्णवलाई मानवतावादी मान्छे अझै रहेछन् भन्ने लागेको थियो ।

श्यामदास वैष्णवसँग उत्तम कुँवरले २०२० साल भदौ २९ गते 'स्रष्टा र साहित्य'मा प्रकाशनका लागि एउटा अभिलेख तयार गरेका थिए । त्यसपछि वैष्णवले देवकोटाको अभावमा पनि आफ्नो अस्तित्व रहेको ठहर गरे । 'स्रष्टा र साहित्य'को प्रथम संस्करणमा उत्तम कुँवरबाट प्रदत्त लेखोट यस्तो थियो–

'देश वा समाजलाई सचेत बनाएर सभ्यतातिर अग्रसर गराउने प्रमुख साधन नै साहित्य हो । त्यसमा लेखकले सबै चीजलाई बुझी विभिन्न परिस्थितिको अध्ययन गरी समाजलाई सभ्यतातिर मोड्नुपर्छ भन्ने कुरा मलाई लाग्छ' श्यामजी भन्दै हुनुहुन्थ्यो ।

यस्तैमा एक आधुनिक कविले भन्नुभयो– 'यहींनिर त तपाईंको र हाम्रो राय फाट्छ । साहित्यको उद्देश्य तपाईंले भन्नुभएको कुरा मात्र हैन– त्यो धेरै उद्देश्यहरूमध्ये एक मात्र हो । समाजलाई अघि बढाउनु या पछाडि लानुबाहेक बौद्धिक चेतनाका अनुभूतिलाई अभिव्यक्त गर्नु पनि साहित्यकै एक उद्देश्य हो, श्यामजी !'

'खै बा' भन्दै मेचबाट उठी श्यामजी खकार थुक्न ढोकातिर लाग्नुभयो । साँझको समय थियो । चारपाँच आधुनिक कवि, दुईतीन कथाकार, एक पत्रकार, एकदुई सेक्सन अफिसर, एक अर्थशास्त्री र एक साहित्यिक (साहित्य हैन) प्रेमी गरी हामी करिब नौदस व्यक्ति रश्मि रेस्टुराँको राउन्ड टेबलमा भेला भएका थियौँ । र यो भेला प्रत्येक दिनजसो नियमित रूपमा नै हुन्थ्यो । यो रेस्टुराँको राउन्ड टेबल पनि सम्मेलन गरिने टेबुलसमान थियो । अर्थशास्त्रीले ब्वाईलाई बोलाई अर्डर दिनुभयो– 'गोपाल, एक राउन्ड चिया ल्याऊ !' अनि ऊ चिया ल्याउन भित्र

पस्यो । यतिन्जेल श्यामजी खकार फाली मुख मुसार्दै आफ्नो मेचमा आई बसिसक्नुभएको थियो । स्पष्टीकरण दिने तरखरमा श्यामजी भन्न थाल्नुभयो– 'अरू कुरा त मलाई राम्ररी थाहा छैन, तर यतिसम्म भने मलाई राम्ररी थाहा छ– आधुनिक शब्दले वर्तमान बताउँछ । वर्तमानको समस्यालाई हृदयङ्गम गरी व्यक्तिलाई हृदयस्पर्श गराउँछ । हरयुग आआफ्नो ढङ्गबाट आएकाले वर्तमान समस्या हाम्रो जनजिन्दगीमा आएको उथलपुथल, आशा, आकाङ्क्षा आदिको विश्लेषणात्मक प्रभावकारी अभिव्यक्ति हाम्रो आजको साहित्यमा हुनुपर्दछ । साहित्यमा हस्तक्षेप गरी त्यसमा सहृदयताभन्दा बढी बडप्पन नआओस् ।'

मैले पनि सोधिहालेँ– 'श्याम दाइ ! हाम्रो आधुनिक कविता तपाईंलाई कस्तो लाग्छ नि ?'

आफ्नो उही स्थायी गम्भीर भावनामा श्यामजीले जबाफ दिनुभयो– 'हाम्रो आजको आधुनिक कवितामा धेरै अस्पष्टता छ, जुन अपरिपक्वताको एक चिह्न हो ।'

अर्का आधुनिक कविले जङ्गिँदै टेबुलमा हात ठटाएर भन्नुभयो– 'नो ! बुझ्न अध्ययन चाहिन्छ । बौद्धिक मस्तिष्कको विकास नभएसम्म आधुनिक कविता बुझ्न सकिन्न । हाम्रो कविता आजका लागि हैन, यसको महत्त्व त केही वर्षपछि मात्र थाहा हुन्छ ।'

अर्थशास्त्रीले भन्नुभयो– 'उसो भए आज किन छापिएको त ? लेखेर आफैँसँग राखिछोड्नु, महत्त्व बुझिन लागेपछि प्रकाशित गर्नु, हुँदैन र ?'

तर अर्को एक कवि साथीले भन्नुभयो– 'त्यसो त नभन्नुस् न ! आजका लागि हैन भन्नुको मतलब आजका आमजनताले बुझ्न सक्दैनन् भन्नु हो पो त । आजकै बौद्धिक व्यक्तिले हाम्रो कविता बुझ्न सकिहाल्छन् नि !'

यी बीचको कुराले श्यामजीलाई केही असर पारेको थिएन । उहाँ आफ्नै धुनमा फेरि भन्न थाल्नुभयो– 'असन्तोष व्यक्त गरेर या रोमान्स व्यक्त गरेर मात्र साहित्यको चित्रण पूर्ण हुँदैन । लेखक एउटा यस्तो मार्गनिर्देशक हो, जसले आफ्नो उठान र बैठानलाई राम्ररी बुझ्नुपर्दछ र साहित्यिकले देश वा समाजलाई हितकारी आदर्श प्रदान गर्नै पर्दछ । यति भएन भने समाज भाँडिन्छ, भाँडिन्छको मतलब सद्भावनाको सट्टा कुभावना ल्याउनु हो ।'

'मानौँ, साहित्यकार साहित्यिक नभएर उपदेशक र नियन्त्रक मात्र हुन् ।' एक सदस्यले आफ्नो विचार बिनाअनुरोधपूर्वक नै पोख्नुभयो । अर्को साथीले साहित्यिक प्रेमी साथीलाई सोध्नुभयो– 'हो गुरु ?'

साहित्यिक प्रेमीले ओठ चेप्राउँदै भन्नुभयो– 'होला बा ! आफूलाई त यहाँ प्याउप्याउ भयो, बोली नै फुटेन ।' उहाँको सङ्केत चियाप्रति थियो । फेरि चियाको कुरा उठ्यो र पछि गोपाललाई अर्को राउन्ड चिया ल्याउन भनियो । मचाहिँ आज श्याम दाइबाट जति सक्यो उति धेरै कुरा सुन्न चाहन्थेँ, किनभने उहाँ र केही आधुनिक कविहरूको बीच हालैको एक कवि सम्मेलनमा टकरार परेको थियो– आधुनिक साहित्यको मान्यताबारे ! आज उहाँ कुरा गर्ने मुडमा हुनुभएकाले समयको फाइदा उठाउनपट्टि लागेँ म– 'तपाईंको भनाइअनुसार समाजको उपकार गर्ने रूप नै साहित्यको सृजना हुनुपर्दछ ?'

'हो, समाज या देश जुन भने पनि हुन्छलाई विषाक्त वातावरणबाट त्राण पाउने उपाय जुन राजनीतिकले भन्दा बढ्ता लेखकले बताउन सक्छ, त्यस खालका नै साहित्यिक कृति हुनुपर्दछ । साहित्यमा राष्ट्रिय दृष्टिकोण जताउनचाहिँ छोड्नु हुन्न ।'

'राष्ट्रिय दृष्टिकोण भनेको के नि ? परिभाषा छ कि केही ?' एक साथीले सोध्नुभयो ।

धेरैजसो कुरालाई हाँसोमा उडाइदिने अर्को साथीले भन्नुभयो– 'राष्ट्रिय दृष्टिकोण भनेको त्यही त हो नि– हिमालय, गाई, डाँफिचरीलाई कथा, कवितामा घुसाउने; भादगाउँले टोपी लगाई डोको बोक्ने ! यी कुरामा अन्तर्निहित भई आफूलाई पोखेको कुरा नै राष्ट्रिय दृष्टिकोण हुन् ।'

हाँसो त सबैलाई उठ्यो, तर मैले भने आफ्नो हाँसो रोकीरोकी गम्भीर हुँदै भनेँ– 'क्या गुरु, तपाईं पनि खालि अरूको कुरालाई त्यसै उडाउन खोज्नुहुन्छ; अँ त, श्याम दाइ, आफ्नो विचार सुनाउनुहोस् न !'

अहिले मात्र हैन जहिले पनि वरिपरिका कुराले श्यामजीलाई कुनै असर पार्दैनथ्यो । आफूलाई लागेको कुरा अरूलाई मन परोस् या नपरोस्, उहाँचाहिँ इमानदारीपूर्वक भन्नुहुन्थ्यो । उहाँमा ढोँगीको कुनै चिन्न हुन्नथ्यो । टेबुलमा चिया पनि आइपुग्यो... मान्छेपिच्छे बाँडियो तर श्यामजीले भने 'पेट बिग्रेको छ, वायुले गर्दा धेरै चिया खान दिँदैन' भन्दै आफ्नो दृष्टिकोण बताउन थाल्नुभयो– 'राष्ट्रिय दृष्टिकोण भनेको व्यक्तित्वको विकास हो । अनि स्वावलम्बी प्रवृत्ति नै यसको आधार हो । देश वा समाजलाई महत्त्वपूर्ण रूपमा मान्यता दिनु राष्ट्रिय दृष्टिकोणको विश्लेषण हो । परमुखापेक्षी भएर र परसाहित्यको चर्चाबाट केही फल प्राप्त हुन सक्दैन ।'

'खै, चुरोट छैन ? भन्ने सुनेपछि एक जनाले चार मिनारको बट्टा खल्तीबाट झिक्नुभयो, तर उहाँलाई सन्तोष भएन, भन्नुभयो– 'घाँटी खसखसाएको छ, क्याप्स्टेन खाऊँ न' !'

'काँ, क्याप्स्टेन खाने कुरा गरौँ न कुरा पो मीठो, चिया चुरोट पनि खाने चीज हो ? ...तपाईं किन चुप नि ? केही गफ गरौँ न ?'

हह गरी हाँस्दै क्याप्स्टेनवालाले भन्नुभयो– 'गफ, गफ त त्यसै आउँछ, गरिँदैन । हैन, आज कुरा गर्ने मुड छैन । दिमाग नै भारी छ । उः के आज श्यामजीको कुरा सुनून ।' वक्ता प्रसिद्ध नाटककार, कथाकार तथा कवि हुनुहुन्थ्यो ।

अर्को एक साथीले श्यामजीको 'परसाहित्य'को चर्चाबारे सुन्नुभएकोमा अहिलेसम्म बिर्सन सक्नुभएको रहेनछ, भन्नुभयो– 'तपाईंको विचारअनुसार हाम्रो साहित्यमा विदेशी साहित्यको चर्चा हुनु नै हुँदैन ?'

विदेशी साहित्यको चर्चासम्म केही सहन छ, तर त्यसको अनुरूप लेखिएको साहित्य संसारमा नौलो हुँदैन, साहित्य भनेको आफ्नै ढङ्ग र आफ्नै किसिमको हुनुपर्दछ । आफ्नै वस्तुस्थिति बुझ्न नसकेको लेखकले संसारको मर्म के बुझ्न सक्ला र त्यसले विश्वसाहित्यमा के देन दिन सक्ला ? सम्पूर्ण संसार बुझी नेपाली भनी खडा भएमा मात्र विश्वले उसलाई मान्यता दिन सक्छ, सायद नौलो र प्रभावकारी पनि यही हुन सक्छ, किनभने नवीनतामा आधुनिकता रहन्छ र त्यसैमा अरूको प्रभावरहित व्यक्तित्व झल्कन्छ ।

'क्या, जहिलेसुकै साहित्यै साहित्य, कपाल पनि दुखिसक्यो । अरू पनि विषय छ नि, त्यसमा कुरा गर्नुस् न !' अर्थशास्त्रीले च्याट्ठिँदै भन्नुभयो ।

'यही झोकमा चिया मगाउनुस् ।' उल्लाउने साथीले भन्नुभयो । रेस्टुराँमा रञ्जना सिनेमाको हाफटाइम भएकाले मानिसको भीड हुन सुरु भएको थियो । एकापट्टिको चौकोर टेबुलमा पाँचछ व्यक्ति फुटबलको कुरा गरिरहेका थिए । सङ्कटा र एनआरटीको नाम बराबर सुनिन्थ्यो । परको झ्याले प्वालबाट काउन्टरमा बसेको साहूले ग्राहक र ब्वाईको निरीक्षण गरिरहेका थिए । हाम्रो राउन्ड

टेबलमा भने रित्ता कपहरू, चारमिनारका अनगिन्ती ठुटा र च्यातिएका बट्टाहरू र एकदुई पत्रपत्रिका जम्मा भएका थिए । एकापट्टि कुनाका कृत्रिम तलाउमा रङ्गीन माछाहरू तैरिरहेका थिए, त्यसै तलाउको बीचमा बुद्धको सानो स्तूप थियो, बत्तीको चमकमा यसका काला मूर्ति टल्किरहेका थिए । यत्तिकैमा गोपाल आई सोध्यो– 'फेरि अर्को राउन्ड चिया ल्याउने ?'

'हो !' भन्दै ब्वाईलाई भित्र पठाएर मैले अनुरोधपूर्वक भनें– 'कपाल दुख्ने कुरा नभन्नुस् न ! आफूलाई कस्तो मज्जा आएको छ । अब श्याम दाइसँग एकदुई कुरा सोध्छु, अनि जाउँला समय पनि हुन लागिसक्यो । दिउँसोभरि बजेटसजेटको हिसाबले गर्दा दिक्क भएको तपाईंको मन साहित्यिक सत्सङ्गतले चङ्गा हुन्छ; के ! हैन, त ?'

फेरि साहित्यिक प्रेमीले 'होला बा' भनी चुप हुनुभयो । सबका विश्वासी मानिनुभएका उहाँ ग्रुपको सामुन्ने आफ्नो विचारनिष्कर्ष दिन ज्यादातर मन पराउनुहुन्नथ्यो । तटस्थता नै उहाँको नीति भए पनि साहित्यिक विकासबारे उहाँको बढ्ता ज्ञान भएकाले यसबारे केही भन्न अनुरोध गरें तर यसलाई पनि टार्दै उहाँले भन्नुभयो– 'उः, श्यामजीलाई नै सोधुँ !'

'ल, श्याम दाइ, तपाईं नै भन्नुस्– नेपाली साहित्यको विकास होला कि नहोला ?'

'के कुरा गर्नुभएको ? विकास त हुन्छ नै ! तर जुन अलमल भएको छ, त्यो दुःखदायीपूर्ण छ । पारस्परिक सद्भावना र सद्गुणको विकासमा नै नेपाली साहित्यको विकास देख्छु तर दुर्भाग्यवश त्यो वातावरण बनिसकेको छैन । हुन त पहिलेको भन्दा बढी अहिलेको दृष्टिमा सचेत रूपले बढ्दै छ, तैपनि धेरै काम गर्न बाँकी नै छ' श्याम दाइको जबाफ थियो ।

'यसमा एकेडेमीको पनि केही हात होला नि ?'

'खै के भन्नु ! कुलपतिको सदिच्छानुसार काम हुनुपर्नेमा त्यो भएको छैन । देवकोटा मर्न लाग्दा उनको आँसु र छटपटी तथा एकेडेमिसियनबीच नै आपसी 'मपाइँ' बाहिरका साहित्यकारहरूको असन्तुष्टि आदि सबैले असन्तोष तथा दु:खको वातावरण ल्याएको छ । यस्तो स्थिति हटाउनमा केही सहायक हुन सक्छु कि भनी सम्पर्क समितिमा काम गरेको थिएँ तर सफलता पाउन सकिनँ । एकेडेमीको आदर गर्छु तर साहित्यका लागि हुनुपर्ने कार्य समुचित व्यवहारमा हुन नसकेकाले दु:खित छु ।'

एक जना साथीले भन्नुभयो– 'मदन पुरस्कारबारे पनि केही भन्नुस् न ?' मैले पनि सही थपें ।

हामी चिया खान लाग्यौँ । श्यामजीले चाहिँ भन्न थाल्नुभयो– 'मदन पुरस्कारले साहित्यकारहरूलाई जे सक्दो प्रेरणा दिइरहेको छ । यद्यपि अनेक कुरा सुनिन्छ तापनि मदन पुरस्कारले कुनै साहित्यिकलाई दुत्कारेको वा अपमान गरेको छैन । न साहित्यिक व्यक्तिहरूको बीचमा तिकडम चलाएर आफू ठूलो हुने कोसिस नै त्यहाँ देखिन्छ । अरू नराम्रो पक्ष भनिने कुरा जे भएको छ, हामीलाई मतलब भएको पनि हैन ।'

'श्यामजी, एउटा कुरा सोधुँ, नरिसाउनुहोस् है ! तपाईंले रेडियोका लागि लेख्नुभएको प्रचारवादी साहित्य जागिरका निमित्त लेख्नुभएको हो कि सचेत भएर साहित्यकै निम्ति लेख्नुभएको ?' अर्का एक साथीले सोध्नुभयो ।

आफ्नो भावमा कुनै परिवर्तन नल्याई श्यामजीले भन्नुभयो– 'सचेत भएर नै लेखेको हुँ । सबमा राष्ट्रिय स्वाभिमान हुनुपर्दछ भनेर नै प्रचारवादी नाटक अपेरा लेखेको हुँ । राष्ट्रको माग पूर्ति गर्ने युगपुरुषको रूपमा श्री ५ लाई पाएकाले त्यस्तो रचनाको

सिर्जना गरेको हुँ । जागिर बढाउन या पैसा पाउन लेखेको हैन, जबसम्म आफैं विश्वस्त हुन्न मबाट एक अक्षर पनि लेखिन्न । मैले आजसम्म पाएको दुःख र बाधाको सच्चा अभिव्यक्ति उक्त प्रचारवादी साहित्यमा परेको छ । अहिलेको प्रचारमा नेपालको भविष्य मनोरम होस् भनी चाहना गरेको हुँ, जुन प्रत्येक लेखकको निमित्त अनुचित पनि देखिन्न ।'

'ल, अब त चित्त बुझ्यो ?'

'ल, बुझ्यो, बुझ्यो ! जाऔँ पनि !'

'हो, अबेर भइसक्यो !'

'हरे, सिनेमा पनि सिद्धिसकेछ !'

'यी सब साहित्य, दर्शन, कला सबै प्रिटेन्ड (स्वाँग) हो ।'

'होला, बा !' ...विभिन्न साथीहरूको विभिन्न भनाइ थियो । सबै जऱ्याकजुरुक्क उठयौँ । मेरो चाहिँ अझ चित्त नबुझेकाले भोलि दिउँसो उहाँको घरमा आउँछु भनी श्यामजीलाई भनेँ ।

•

श्री श्यामदास वैष्णवको जन्म नारायणहिटीको महन्त परिवारमा संवत् १९८१ सालमा भएको हो । सम्पन्न परिवारमा जन्म र त्यस घरको पहिलो नाति भएकाले उहाँको लालनपालन सुखसँग बित्यो । सब परिवारसदस्यको अति प्रिय भएको फलस्वरूप उहाँलाई राति सुताउन आमाले कुन कोठामा कसले लगेको छ भनेर खोज्नुपर्थ्यो ।

नारायणथानको गरुडमा बसी, श्री ५ हरूबाट चढाइएको पैसा टिपी, आफूसँग एक पाई पनि नराखी बाजेलाई बुझाउने तथा दरबारका नानीहरूले 'भुवादारी चाहिन्छ' भन्दा 'बढ्ता किन, आफूसँग एउटा छ पुगिहाल्छ' भन्ने आदि बाल्यकालको बानी र गुण आजसम्मको कम आवश्यकता र इमानदारीपूर्वक जीवन

व्यतीत गर्ने गुण र बानीमा लम्बिन पुगेको छ । विजातीय विवाहबाट निस्केका पारिवारिक कचिङ्गलले गर्दा छसात वर्षको उमेरमा श्यामजी लाजिम्पाटको गाउँले जीवनबाट बाङ्गेमुढाको सहरी जीवनमा पस्नुभयो र त्यहीँ नै श्यामजीको भनाइअनुसार 'बिफरबाट पीडित भएँ र सुन्दर अनुहारबाट विकृत अनुहारको हुन पुगेँ ।' श्यामजीको परिवार बाङ्गेमुढाबाट फेरि डिल्लीबजारमा सऱ्यो । उहाँको बा कृष्णदास वैष्णवसँगसँगै अड्डामा गई लेख्न सुरु गरी विद्यारम्भ भयो । बाको गानाबजानामा पनि सोख थियो । यसैबाट श्यामजीको नाचगान र राम्रो लेखनपट्टि रुचि बढ्दै गयो । उहाँले पाँच पास गर्नुभयो, जसमा उहाँले सर्वप्रथम कीर्तिमान कायम गर्नुभयो । बाको मृत्यु भएकाले घरको भार पनि आइपऱ्यो । अनि अक्षर राम्रो भएकाले दिउँसो देवकोटाको नाटक सार्ने तथा राति डिल्लीबजारको नाटक मण्डलीमा काम गर्ने गरी जीवन व्यतीत हुन थाल्यो । र पछि २००१ सालमा देवकोटाको मद्दतद्वारा नेपाली भाषानुवाद परिषद्मा पन्ध्र रुपियाँ प्रतिमहिनाको दरमा जागिरे हुनुभयो । त्यही अड्डामा देवकोटाको प्रतिलिपि सार्दा लक्ष्मीप्रसाद देवकोटा, पुष्करशमशेर, बालकृष्ण सम, गोपालप्रसाद रिमाल आदिको बौद्धिक कुरा सुन्न चुक्नुहुन्नथ्यो । उहाँहरूले श्यामजीलाई नपत्याए पनि श्यामजीमा आत्मविश्वास जागिसकेकाले आफूले सुनेका कुराहरूको विश्लेषण गर्न थाल्नुभयो । त्यही नै उहाँमाथि देवकोटाको काव्यात्मक गुण र रिमालको राष्ट्रिय दृष्टिकोण परिपूर्ण मौलिक निर्देशनको प्रभाव पऱ्यो, जुन अद्यावधि छँदै छ ।

लेखनाथको 'तुकबन्दी' कविताबाट प्रभावित भई 'कविता कसरी लेख्ने' भनी देवकोटासँग सोद्धा 'कुनै फर्मुला छैन, दिनका दिन लेख्दै जानु, लेख्न सकिन्छ' भन्ने शिक्षा पाएकाले उहाँ कविता लेख्नपट्टि लाग्नुभयो । फलस्वरूप उहाँको पहिलो रचना

‘सूर्य’ कविता पनि तीन सालको ‘शारदा’मा प्रकाशित भयो । यसै सालमा उहाँ ‘शारदा’को मल्ल बन्धुहरूसँग देवकोटाद्वारा परिचित गराइनुभयो । नेपाली भाषानुवाद परिषद् बन्द भएकाले एक वर्षसम्म माल अड्डामा जागिर खानुभयो तर अमिल्दो काम भएकाले फेरि नेपाली भाषानुवाद परिषद् खुलेपछि त्यहीँ वर्तमान एकेडेमीको ‘शब्दकोश’को पूर्ववर्ती काममा लाग्नुभयो । सात सालमा क्रान्ति भएपछि रेडियो नेपालमा सर्नुभयो र साथसाथै सर्वप्रथम नेपाली दैनिक ‘आवाज’को सहसम्पादक र पछि सम्पादक पनि हुनुभयो । त्यसै साल क्रान्तिपूर्वको स्थिति चित्रण गरी लेखेको ‘रातको आँसु’ पनि प्रकाशित भयो र पछिपछि प्रकाशित भएका ‘उपहार’, ‘पतकर’, ‘अन्तर्ध्वनि’ पनि युग र परिस्थितिकै चित्रणयुक्त कवितासङ्ग्रह हुन थाले र उहाँको पन्ध्रसोह्रवटा नाटकको भाव पनि यस्तै छ ।

मैतीदेवीफाँटमा स्थित घिरौँलाको लहराले ढाकेको सानो घरको कोठामा जाँदा एक छात्र श्यामजीको नाटक लिन पर्खिरहेका रहेछन् । श्यामजीचाहिँ खाना खान जानुभएको रहेछ । बत्तीले रङ्गमङ्गिएको भित्ता र एउटा खाटओछ्यान मात्र भएको कोठामा श्यामजी आउनुभयो र छात्रलाई बिदा गरिदिनुभयो । मैले हिजैको कुरालाई सङ्केत गर्दै भनेँ– ‘श्याम दाइ, आधुनिक कविसँग तपाईंको राय किन बाझ्छ ?’

‘एक त माया लागेर अलि राम्ररी लेखून् भन्नाले हो, अर्को उनीहरूको उद्देश्यहीन रचना मन पर्दैन । नयाँ घर बनाउनेले दर्शन नदिईकन पुरानो घर भत्काउने कविता लेख्नु उचित ठान्दिनँ । खालि असन्तोष व्यक्त गर्नु त अजिम्मेदारीको लक्षण हो, जुन उनीहरूमा छ ।’

‘आफू के लेख्दै हुनुहुन्छ नि ?’

‘आर्थिक स्थिति राम्रो छैन । कमसेकम आवश्यकतामा जीवनयापन गरी सम्मानपूर्वक बाँचेर संसारलाई केही साहित्यिक

देन दिऊँ भनेको, दुई छाक टार्न नै मुस्किल छ, के लेख्नु ? तैपनि दुई उपन्यास तयार पार्ने विचारमा छु । एक कवितासङ्ग्रह 'नयाँ लहर' तयार छ, छाप्न सकेको छैन । नाटकहरूको एक सङ्ग्रह तयार पारी मदन पुरस्कारमा दिने विचार छ ।'

'लेखिसकेकोमा आफ्नो कुन रचना राम्रो लाग्छ ?'

'मेरो सम्पूर्ण व्यक्तित्वको अभिव्यक्ति निस्केको छैन, भविष्यमा निस्केला तैपनि 'उपहार'चाहिँ विशेष मन परेको छ । देवकोटाज्यूले अनुवाद गरी 'द प्रेजेन्ट' नामले अङ्ग्रेजीमा पनि छापिएको छ ।'

यत्तिकैमा उहाँको श्रीमतीले अतिथि सत्कारस्वरूप अमलेट र चिया ल्याउनुभयो कोठामा । खाँदै कुरालाई जारी नै राख्यौँ– 'आफ्ना प्रिय लेखकहरू कोको हुन् भन्ने कुरा पनि बताउनुहुन्छ कि ?'

श्यामजीले भन्नुभयो– 'व्यङ्ग्यमा चेखोब, सहृदयतामा शरदचन्द्र, तीव्रता चित्रणमा ईर्ष्या भएको तर व्यापकता नभएको पनि गोविन्द गोठाले मन पर्छन् । सिद्धिचरणको कविता मन पर्छ । देवकोटाको त कुरै के गर्नु ? व्यक्तिगतभन्दा अरू साहित्यकारको कुनैकुनै कृति मन परिहाल्ने नै भयो । निस्क्यो भनेर थाहा पाएपछि खोजीखोजी पढ्न मन लाग्नेचाहिँ शङ्कर लामिछानेको आधुनिक शैलीयुक्त कथा हो ।'

नेपाली कवितालाई जनप्रिय गराउनमा श्यामजीको ठूलो हात छ । नेपाली नाच, अपेरा आदिको लेखक र निर्देशकका रूपमा उहाँ अति प्रसिद्ध हुनुहुन्छ । काम र सम्मानको समान स्तर नभए पनि रेडियो नेपालका लागि उहाँ 'आवश्यक व्यक्ति' सम्झिइनुभएको छ, फलस्वरूप एक पटक उहाँ त्यहाँबाट सर्न खोज्दा पनि रेडियो नेपाल छाड्न सक्नु भएन ।

स्वर्गीय देवकोटाका भनाइअनुसार 'सामाजिक वास्तविकतामा निहित सौन्दर्यले तोकेको सिमानाभित्र जीवनको आलोचना गर्नु' नै

उहाँको निमित्त कविता हो । र एकेडेमिसियन सिद्धिचरण श्यामजीको कविताबारे भन्नुहुन्छ– 'श्री श्यामजीमा माधुर्य छ, कारुण्य छ, आन्तरिक चमत्कार छ । ...मानिसको असीम शक्तिको ध्वनि सुनिन्छ ।' उहाँको भाषा पनि अक्षर राम्रो भएसरह छ ।

'चारैतिरबाट आएको होसियारीयुक्त उकुसमुकुस र छटपटी परिपक्व भएपछि कुनै पनि समयमा लेख्न सक्छु' भन्ने श्यामजी भन्नुहुन्छ– 'अचेतनदेखि सचेत अवस्थासम्म साहित्यिक रूपमा सेवा गर्दै आएको छु । संसारको समक्ष केही झल्काउन सकूँ र देशको गौरव बढाऊँ भनेर प्रकाशन, प्रदर्शन तथा प्रसारणको माध्यमद्वारा सक्दो काम गरिरहेको छु । यद्यपि परिस्थिति र शरीरले बराबर विचलित तुल्याउँछ । तर सकभर आत्मविश्वासअनुसार यसलाई प्रयोगात्मक रूपमा ल्याऊँ भन्ने प्रयासमा लागेको छु । हेरूँ, भविष्यले कता लान्छ ?'

'हो त नि, हेरूँ भविष्यले लान्छ कता ?'

•

उत्तम कुँवरबाट 'स्रष्टा र साहित्य'मा श्यामदास वैष्णवको चित्रण छापिएपछि वैष्णवको साहित्यिक संसारमा सानदार ओजन बढेको थियो । हुन त वैष्णव पनि चेतनाका उत्कृष्ट शिखरै थिए । कुँवर सम्पादक भएको पत्रिका 'रूपरेखा'को नाउँ वैष्णवले नै राखेका थिए । उनले धेरै स्रष्टाका कृतिहरूको पनि सम्पादन र नामाकरण गरे । जहाँसुकै र जतिसुकै खेलोफड्को गरे तापनि 'स्रष्टा र साहित्य'मा प्रस्तुत भएपछि वैष्णवको भाउ आकासिएको थियो ।

श्यामदास वैष्णवलाई साहित्यिक यात्रामा अघि बढ्न प्रोत्साहन दिनेमध्ये प्रमुख रूपमा महाकवि देवकोटा नै थिए । देवकोटाले त मृत्युशय्यामा बसेर नै वैष्णवकृत कवितासङ्ग्रहको

अङ्ग्रेजी भाषामा अनुवाद गरिदिएका थिए । नाटचसम्राट् बालकृष्ण सम र नेपाली समालोचनाका शङ्कराचार्य ईश्वर बरालले पनि वैष्णवलाई उकास्न हरतरहले ध्यान दिएका थिए । उनीहरूले कोइला खानीभित्रबाट हीरा झिकेपछि अरूहरूले पनि वैष्णवको मूल्य, मान्यता र महिमा चाल पाएका थिए । त्यसपछि नै उत्तम कुँवरले पनि वैष्णवलाई ढाडमा बोकेका थिए ।

# श्यामदास वैष्णव र वानीरा गिरीको भेट

श्यामदास वैष्णवको एउटा विशेषता के थियो भने सहयोग चाहनेलाई उनी छाती खोलेर सहयोग दिन्थे । उनीसँग सहयोगको आग्रह गर्नेउपर उनी कति सहयोग गर्थे भने अति सहयोग गर्थे । उनको सहयोग प्राकृतिक हुन्थ्यो । वास्तवमा उनी देखावटी रूपमा सहयोग गर्न सक्तैन थिए । उनी जति गर्थे मनैबाट गर्थे । उनको त्यही प्रवृत्तिका कारण नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरीले वैष्णवप्रति गहिरो झुकाव राखेकी थिइन् ।

'महाकवि देवकोटाले श्यामदास वैष्णवकृत 'रातको आँसु' नामक गीतिकविता (२००७) मा भूमिका लेखेका छन्– 'मैले उहाँ (वैष्णव) लाई कविताक्षेत्रमा प्रवेश गराएको थिएँ । पछि मलाई टपेर अगाडि बढ्न खोजेको देख्दा मलाई अत्यन्त खुसी लाग्यो । गुरु गुड चेला चिनी !' भनेझैँ २०२२ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको राष्ट्रिय कविता महोत्सवमा नवोदित स्रष्टा वानीरा गिरीले जेष्ठ स्रष्टा श्यामदास वैष्णवलाई उछिनेकी थिइन् । सो प्रतियोगितामा भैरव अर्याल प्रथम, वानीरा गिरी द्वितीय, श्यामदास वैष्णव, गोविन्द भट्ट र रत्नदेव शर्मा तृतीय भएका थिए । यसै प्रसङ्गमा वैष्णवले भनेका थिए– 'नैतिकता'विषयक नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कविता महोत्सवपछि वानीरा गिरीजी टड्कारिनुभएको र त्यसमा आफू पनि मूल्याङ्कनमा पर्न गएकाले हाम्रो सम्बन्ध बढ्न गएको थियो । त्यस बखतको अमिल्दो निर्णयमा चित्त नबुझाई आयोजकले

वानीरालाई घरमा बोलाई चिया अर्पण गर्दासमेत नखाई उनी हिँडेको म सम्झन्छु ।'

कञ्चन पुडासैनीका अनुसार 'राष्ट्रिय कविता महोत्सव'मा वानीरा गिरी प्रथम भएकी थिइन् । प्रवासी नेपालीलाई प्रथम पुरस्कार प्रदान गर्न मिल्दैन, तृतीय पुरस्कार दिनुपर्छ भन्ने माधव घिमिरेको प्रस्ताव आएपछि सिद्धिचरण श्रेष्ठले 'साह्रै अन्याय पनि गर्नु हुँदैन; यस्ती होनहार प्रतिभालाई द्वितीय स्थान त दिनै पर्छ' भनी ढिपी गरेपछि मात्र उनी द्वितीय भएकी थिइन् ।

राष्ट्रिय कविता महोत्सवले श्यामदास वैष्णवसित वानीरा गिरीको चिनजान गराएको थियो । अनि सम्बन्ध बढेपछि पछिल्ला दिनहरूमा उनीहरूमाझ भेट भइ नै रह्यो । यसै सिलसिलामा वैष्णव बोले– 'स्नेही बन्न जानुभयो वानीरा । त्यसपछि उहाँ रेडियो नेपालमा पनि आउनुभयो । उहाँलाई मैले मबाट हुन सक्ने सहयोग गरेँ । विशेषत: उहाँले रेडियो नाटकमा मसित बोल्ने रहर प्रकट गर्नुभयो । अनि मैले पनि 'वीरे', 'कान्छा' नामको पात्र बनेर नाटकमा बोलेँ । उहाँले पनि अभिनयको राम्रो स्वर प्रस्तुत गर्नुभयो । उहाँको अभिव्यक्तिबाट म धेरै नै खुसी भएँ र मेरो अभिव्यक्तिबाट पनि उहाँ खुसी हुनुभयो । मेरो निर्देशनका केही रेडियो नाटकमा भाग लिनुभएथ्यो वानीरा महोदयले । नाटकको केही स्क्रिप्ट लेख्नुहुन्थ्यो उहाँले र प्रस्तुत गर्ने गर्थें म । त्यसपछि बराबर सम्पर्क बढ्दै गयो हाम्रो ।'

श्यामदास वैष्णवले २०२३ सालको कुरा झिक्तै वानीरा गिरीबारे नरेन्द्रराज प्रसाईलाई एउटा लेखोट लेखेका थिए– 'अविवाहित रहँदा वानीरा पशुपति मन्दिरतिर बिहानै धाउनुभएको पाएथेँ मैले त्यस बेला । उहाँका साथमा सुरा (सरस्वती) गिरी नै रहनुभएको पाउँथेँ म । यहाँ स्मरण गर्नैपर्ने कुरा के छ भने गिरीहरू शिवमतावलम्बी हुन्छन् र वैष्णव विष्णुका सहायक । शिव विष्णुका शुभचिन्तक देखिन्छन् । अन्तरसम्बन्ध यस्तो रहेको पाइन्छ । तात्त्विक दृष्टिमा

शिवलाई 'आगो' र विष्णुलाई 'जल' सम्झिन्छन् । जसद्वारा सांसारिक व्यवहार चल्ने गरेको ठान्दछन् विज्ञहरू । त्यसो त हावा र धरती पनि व्यवहारकै आधार हुन् । हावामा 'प्राण' र धरतीमा 'त्राण' सबैले पाउने गरेकै छन् ।'

डा.वानीरा गिरीको प्रसङ्ग जोड्दै श्यामदास वैष्णवले थप लेखेका छन्– 'एक दिन म डिल्लीबजार (ज्ञानेश्वर जाने मार्गको) पीपलबोटतिर डुलिरहेथेँ । एउटा सेतो प्लास्टिकको साना ध्यानी शिवमूर्ति मलाई किन्न मन लाग्यो र किनेर हातमा लिइरहेथेँ । त्यसै बेला वानीरा र सुरा गिरी (दुवै दिदीबहिनी) सित भेट भयो मेरो । 'कहाँ गएर आएको ?' भनेर मैले सोद्धा 'पशुपति गएर आएको' भनियो दुवैबाट । तब मलाई के लहड चलेर हो सानो खेलौनातुल्य, भर्खरै किनेको शिवमूर्ति मैले वानीरालाई दिएँ । पछि त शङ्कर गिरीसितै बिहे भएको पाएँ वानीरालाई मैले । तारतम्य मिलेको देख्दा छक्क पर्न गएँ म । यसलाई अविस्मरणीय घटनै मान्छु म ।'

वानीरा गिरीबारे श्यामदास वैष्णवले नरेन्द्रराज प्रसाईलाई एउटा पत्रमा लेखेका थिए– 'वानीरा महोदया त्यस बखत बडो उमङ्गशील देखिनुहुन्थ्यो । प्रकृतिमा रमाउन उहाँ मजा मान्नुहुन्थ्यो । सिंहदरबारपरिसरमा उहाँसित घुमेको पनि म सम्झन्छु । कुमारी नै हुनुहुन्थ्यो त्यस बखत वानीरा । बाहिरबाट नेपाल आउनुभएकाले नेपालप्रति उत्सुकता बढेको देखिन्थ्यो वानीराको । उहाँकी दिदी सुरा गिरीले उहाँलाई साथ दिने गरेको पनि पाएँ मैले । बङ्गाली नारीझैँ उत्सुकता दर्शाउँदै दङ्ग पर्ने बानी थियो सुराको । दुवैसित मैत्रीपूर्ण आदरणीय सम्बन्ध रहन गयो मेरो । समर्पणको भाव दर्शाउँदै वानीराका स्नेहपूर्ण वाणीमा सुरा गिरीले आफ्नो निवास मलाई सुम्पेर तराईतिर जानुभएको थियो । जुन निवास बत्तिसपुतली, बानेश्वर राममन्दिरपरिसरमा थियो । त्यहाँ रहेर वा कुरेर मैले केही वर्षका दसैँ मनाएको पनि म सम्झन्छु ।'

२०३१ सालतिर श्यामदास वैष्णवको बासगाँसको त्यति राम्रो प्रबन्ध थिएन । त्यसैले सुरा गिरीको केही आश्रय पनि उनका लागि लाखै भयो । त्यस घरमा उनले आफ्नी सानीआमा सुभद्रा वैष्णवलाई पनि केही वर्ष राखेर मद्दत गरेका थिए । त्यतिखेरको प्रसङ्गमा वैष्णवले भनेका थिए– 'वानीरा र सुरा गिरीको मप्रतिको सहयोग वा स्नेह अपार थियो ।'

श्यामदास वैष्णव भनेका धेरैका सारथी थिए । उनले वानीरा गिरीका लागि पनि आफ्नो गच्छे अर्पण गरिरहे । यसै प्रसङ्गमा उनले भने– 'साहित्यलेखनतिर रहरसाथ प्रवृत्त हुने वानीराको तन्मयताको कारण मैले उहाँको कृति साफी पनि गरिदिएको छु । मैले सगाउनुको सन्दर्भमा वानीराले नेपालीमा विद्यावारिधि गर्न खोज्दा आफूसित रहेको 'विश्वसाहित्यको नमुना' पनि सुम्पेको सम्झन्छु उहाँलाई । पछि उहाँले 'परिश्रमसाथ गोपालप्रसाद रिमाल'बारे विद्यावारिधि पार गर्नुभएछ । त्यस बेला म टाढा थिएँ सम्पर्कबाट । पछि मैले वानीराको कृति साझामा छापिन लाग्दा सहयोग गरेको सम्झना छ मलाई । त्यस बखत क्षेत्रप्रताप अधिकारी साझा प्रकाशन अध्यक्ष हुनुहुन्थ्यो । क्षेत्रप्रतापसित चिनजान गराउन मैले साझा पुऱ्याएको थिएँ वानीरालाई । वानीराजीको कृति छापिन लाग्दा एउटा भूल के भएछ भने महोदयाले आफ्ना श्रीमान्प्रति कृतज्ञता प्रकट गर्न बिर्सनुभएछ । आपतैमा परेझैँ गर्नुभयो । पछि कसोकसो ऱ्यापरमा छापे पनि त भइहाल्ला नि भन्ने सम्झाइदिँदा त्यसै गरियो र वानीरा चिन्तामुक्त हुनुभयो ।'

वानीरा गिरी २०२२ सालतिर नेपाल आउँदा श्यामदास वैष्णवको गिरीसँगको सद्भावना जेजस्तो थियो । पछिल्लो कालखण्डमा उनीहरूको सम्पर्कमा कडा ब्रेक लागेको थियो । अनि त्यो ब्रेकलाई झिक्ने काम नइले गरिदिएको थियो । त्यसपछि वैष्णवले लेखे– 'डा.गिरीसितको पूर्वकालीन संस्मरण मेरा मनमा रहिरहेकै थियो ।

निश्चय नै विशेषतायुक्त नारी मान्न पर्दछ डा.वानीरा गिरीलाई । डा.गिरी शतप्रतिशत 'महिमाशाली महिला' हुनुहुन्थ्यो र त्यही तथ्यलाई मानेर नइले शिरमा बोक्यो उहाँलाई । नरेन्द्रराज प्रसाईको तागत र इन्दिरा प्रसाईको शक्ति केवल वानीराभित्र मात्र सीमित रहेन भन्छु म । नइको तागत जोडेपछि नेपाली साहित्य उर्वर भएको मान्न सकिन्छ । सुरुदेखि पछिसम्म सङ्गत गरेकी वानीरा गिरीमा जुन उल्लासमय झर्ना देख्तै आएँ, इन्दिरा प्रसाईमा पनि ठीक त्यस्तै प्रभावकारी छापको झर्ना बगेको पाएँ मैले ।'

श्यामदास वैष्णवले सधैँ डा.वानीरा गिरीलाई अन्तर्राष्ट्रिय स्तरका स्रष्टा भनिरहे । वानीरासँग नजिक बसेका बेला होस् या टाढा भएका अवस्थामा पनि उनले वानीराको प्रतिभाउपर गर्व गर्न छाडेनन् । त्यसै सन्दर्भमा उनी भन्थे– 'डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्वनारी रत्नको उपाधि दया, माया र चिनजानकै कारणले प्रदान गरिएन । उहाँजस्ती जागरूक र सशक्त नारी साहित्यकार देखिनँ मैले पनि । महाकवि देवकोटापछाडि अन्तर्राष्ट्रिय सभासम्मेलनमा पनि भाग लिनुभयो वानीराले । वानीरालाई नइले न्याय गरेको ठानेँ मैले ।' डा.वानीरा गिरीप्रति वैष्णवले सत्य मात्र होइन महासत्य बोले । किनभने वानीराको जोडा वानीरा नै मात्र थिइन् । उनी राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्यिक जगत्मा नै चर्चित थिइन् । रूसमा सम्पन्न 'अफ्रो एसियाली युवा लेखक सम्मेलन'मा पनि नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरेर वानीरा गिरी सन् १९७६ मा रूस पुगेकी थिइन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा त्यसै ठाउँमा नेपाली साहित्यकारको प्रतिनिधित्व गरेर त्योभन्दा अठार वर्षपहिला पुगेका थिए ।

# श्यामदास वैष्णवको जीवनको अन्त्य

श्यामदास वैष्णव २०१३ सालमा मृत्युका मुखमा परेर बाँचेका थिए । त्यति बेला ललितपुरको टीकाभैरवमा रेडियो नेपालका कर्मचारीहरूको बनभोजमा उनी पनि सामेल थिए । त्यहाँ पुग्दानपुग्दै उनीहरू चढेको मोटर दुर्घटनामा परेको थियो । त्यस यात्रामा रेडियो नेपालका 'क' श्रेणीका कलाकार श्यामदास वैष्णव र हरिप्रसाद रिमाल बाँचेका थिए । रिमालपत्नी किशोरीलगायत केही कर्मचारीहरू त्यहीँ ठहरै भएका थिए । त्यतिखेर केही कर्मचारीको अङ्गभङ्ग भएको थियो । त्यति बेलै वैष्णवलाई पनि तुरुन्तै अस्पताल पुऱ्याइएको थियो । उनको मुटुको रगत सुकेर उनी पनि नबाँच्ने अवस्थामा नै पुगेका थिए । त्यसपछि शारीरिक रूपमा निको भए तापनि उनलाई मानसिक तनावले चाहिँ चाप्न थालेको थियो ।

श्यामदास वैष्णवलाई एक दशकसम्म मनोरोगले आक्रान्त पारिरह्यो । यस रोगको उपचारका लागि राजा महेन्द्रले पनि सहयोग गरेका थिए । त्यसपछि उनको रोग निको हुँदै बल्झिँदै जान थाल्यो । २०३५ सालपछिका दिनमा उनी धेरै निराशाको सिकार भए । उनी हरपल छटपटाउन थाले । उनी पलपल अशान्तिमा डुबुल्किन थाले । उनी अशान्त मन लिएर सडकतिर पनि हिँड्न थाले । उनको त्यो हालत राजा वीरेन्द्रको कानमा पनि पुग्यो । उनको रोग निदानका लागि राजा वीरेन्द्रले भारतको लखनऊमा आवश्यक खर्च दिएर पठाएका थिए । त्यसपछि वैष्णवको पुनर्जीवन

स्थापना भयो । यसै सन्दर्भमा उनका छोरा प्रदीपकुमार वैष्णवले भने– 'बुबालाई नैराश्य हुने रोग क्रमश घट्ने र बढ्ने प्रक्रिया छँदै थियो । तर राजा वीरेन्द्र र रानी ऐश्वर्यले प्रत्यक्ष निगरानी राखेर सहयोग गर्न थालेपछि मेरा बुबाको रोगको निदान हुने अवस्था देखा पर्‍यो । त्यसपछि मेरा बुबाले लेख्न, पढ्न थाल्नुभयो ।'

•

२०४२ सालको कुरा हो– श्यामदास वैष्णवका दुवै आँखामा मोतीबिन्दु भरिएर दुखाइले चरम सीमा नाघिसकेको थियो । त्यति बेला नेपाल आँखा अस्पताल, त्रिपुरेश्वरमा उनको एउटा आँखाको शल्यक्रिया भएको थियो । अनि फेरि अर्को वर्ष उनको अर्को आँखाका पनि शल्यक्रिया भएको थियो । दोस्रोपल्ट शल्यक्रिया भएपछि त्यस आँखाको सुधार हुनुको सट्टा सङ्क्रमणले दुक्ख दिन थालेको थियो । त्यति बेला उनको दाहिने आँखामा भयानक डरलाग्दो अवस्थाको सिर्जना भएको थियो । आँखा विशेषज्ञहरूले त्यस प्रकारको सङ्क्रमण अर्थात् इन्फेक्सनको नेपालमा औषधि नपाइने बताएका थिए । यसबारे वैष्णवले नरेन्द्रराज प्रसाईलाई भनेका थिए– 'स्वयम्सेवक संस्था SATA मा औषधिको खोजीमा पुग्दा भाग्यवश एक जना स्विस स्वयम्सेवकसँग मेरो भेट भयो । उहाँ नेपालबाट बिदावारी भएर आफ्नो देश फर्कन लाग्नुभएको रहेछ । उहाँले 'म स्विटजरल्यान्ड पुगेर औषधि पठाउँछु' भन्नुभयो । उहाँका कुरा सुनेपछि मलाई जीवनप्रति धेरै आशा पलायो । केही दिनमा नै उहाँले मलाई नि:शुल्क औषधि पठाइदिनुभयो । त्यो औषधि राखेपछि तीन महिनामा मेरो आँखा पूर्ण रूपमा ठीक भयो ।'

•

आफ्नो कर्ममा समर्पित भइरहेका अवस्थामा श्यामदास वैष्णवलाई मनोरोगले आक्रमणण गर्न थालेको थियो । तर उनको

उपचारार्थ घरपरिवारले सकेको सबै कर्म गरेका थिए । यति हुँदाहुँदै पनि आर्थिक अवस्था कमजोर भएका कारण समयमा उनले भनेजस्तो गरी आफ्नो उपचार गर्न सकेका थिएनन् । पछि राजा वीरेन्द्र दाहिना भएका कारण मात्र यिनलाई राम्रो अस्पताल पुऱ्याइएको थियो । त्यसपछि उनले समाज र राष्ट्रमा थप योगदान दिन पाएका थिए । यसै सिलसिलामा पनि वैष्णवका छोरा प्रदीपकुमार वैष्णवले भनेका थिए– 'पछिल्लो समयमा मेरा बुबाका लागि नइगृह सञ्जीवनी बन्यो । उहाँको हरेक दिन प्राय: नइ प्रकाशन जाने क्रम भयो । त्यहाँबाट प्रोत्साहन गरिँदा मेरा बुबाको आयु लम्बिएको हो भन्ने हामी परिवारलाई लागेको थियो ।'

जीवनभरि वाङ्मयमा समर्पित एउटा स्रष्टाको पछिल्लो दिनको हालत कारुणिक नै थियो । आर्थिक अवस्था जतिसुकै भताभुङ्ग भए तापनि श्यामदास वैष्णवको हिम्मतले निराशाको बिट भने मारेको थिएन । जेजस्तो आर्थिक विषम परिस्थितिमा पनि उनी भन्थे– 'खाना खाने बेलामा स्वास्नी, छोराछोरी वरिपरि बसेर खाएको मलाई मन पर्छ । भरे खान छैन भने म खिन्न हुन्थेँ । आज खाएपछि मलाई भरे र भोलिको चिन्ता हुन्थ्यो । भरेको खुराक कसरी जुटाउने होला भन्थेँ तर दैवले जुटाइ पनि हाल्थे ।'

•

श्यामदास वैष्णव मानसिक तनावमा हुँदा खिन्नतामा रुमल्लिने गर्थे । त्यही कारण उनी अत्यधिक चुरोट खान्थे । उनलाई चुरोटको मात्र तलतल लागिरहन्थ्यो । उनी हरेक दिन रुन्नै दुई दर्जन चुरोट खाने गर्थे । उनी महँगो चुरोट खाँदैन थिए, सस्तो खान्थे । चुरोट धेरै खाँदाखाँदै उनको छातीमा पनि इन्फेक्सन भइसकेको थियो । उनी भन्थे– 'चुरोट घटाउन कति प्रयास गरेँ, सकिनँ । देवकोटाजी पनि चुरोट खाएरै बित्नुभयो । मेरो पनि त्यस्तै हालत होला जस्तो छ ।'

२०७२ सालको भुइँचालोले श्यामदास वैष्णवलाई पनि लखतरान पारेको थियो । त्यस महाभूकम्पका कारणले उनी धेरै विचलित भएका थिए । त्यसपछि उनी बेलाबेला तर्सने गर्थे र उनीभित्र घरीघरी आत्तिने, कराउने र डराउने रीत भइरह्यो । उनको चेतना हराउने क्रम पनि भयो । त्यसपछि उनले भोकतिर्खा पनि झन्नैझन्नै भुल्न थालिसकेका थिए ।

श्यामदास वैष्णव केही गरिरहन मन पराउँथे । तर जीवनको उत्तरार्धमा उनी लेख्ने, पढने कामबाटै पनि विचलित हुँदै गए । त्यसै सन्दर्भमा उनी भन्थे– 'केही विचार गर्न खोज्छु, दिमागमा आउँदै आउँदैन । दिमाग त ठीक छ भन्ठान्छु, तर केही सोच्न आउँदैन । कहिलेकाहीँ त दिमागलाई नै ह्वार्त्तै छोपेजस्तै हुन्छ ।'

•

२०७५ सालको कुरा हो– श्यामदास वैष्णव चौरानब्बे वर्ष पुगेपछि आफ्नै घरमा नराम्ररी लडेका थिए । आफ्नो आँगनको लिस्नो चढेर सडक पुग्ने क्रममा गल्र्याम्मै लडेर उनी पुन: आँगनमा नै पछारिएका थिए । त्यस दुर्घटनामा उनको दाडको करङमा चोट लागेको थियो । त्यसपछि उनी प्राय: दिनरात सुतेर समय बिताउने गर्थे । त्यसपछि उनको लेख्ने, पढ्ने काम पनि ठप्प भएको थियो ।

•

श्यामदास वैष्णव आर्थिक रूपमा जति उठ्न खोजे तापनि उनीसँग सधैँ एउटाएउटा फेउला टाँसिने गर्थ्यो । उनको जीवनमा सुक्खैसुक्खको कुनै एउटा शृङ्खला देखा परेको थिएन । कुनै दिन सुक्ख पाउने अवस्था पनि कस्तो थियो भने घाम लाग्दालाग्दै सट्टै बादल परेको जीवन उनले भोगेका थिए । वास्तवमा उनले झन्नै अन्ठान्नब्बे वर्षको जीवन भोग्दै जाँदा हन्डर नै हन्डर बेहोरे, विपत्ति नै विपत्ति बेहोरे र कष्ट नै कष्ट बेहोरे । तर पनि उनले केही गरेर

नै बाँच्न मन गरिरहेका थिए । अन्ततः २०७८ साल वैशाख ३ गते शुक्रबार साँझ ७ बजे दैवले उनको स्वर्ग जाने टिकट नै काटिदिए ।

श्यामदास वैष्णव धेरैलाई थाहा नदिई एकाएक आर्यघाटको चितामा पुगे । थाहा पाउनेमध्ये उनका शुभचिन्तकहरूले उनको आत्माको चिरशान्तिको कामना गरिरहे । तर उनले भने दनदनी बलेको आगाको धूवाँको मुस्लोसँगै आफ्ना सुन्दर अक्षरले आफ्नो गीत आफैँ लेखिरहे–

**धन्यवाद छ 'असुन्दर'लाई**
**जसले 'सुन्दर'लाई याद दिलायो**
**धन्यवाद छ 'सुन्दर'लाई**
**जसले 'असुन्दर'लाई चिनायो ।**

# नरेन्द्रराज प्रसाई
(संक्षिप्त परिचय)

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)
**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)
**जन्म** : २०११ चैत २९ गते (हाङपाङ, आठराई, ताप्लेजुङ)

**शिक्षा**
स्नातक– त्रिचन्द्र क्याम्पस

**कृति**
९३ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, सम्पादन)

**विभूषण**
- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**
- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)
- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (नेपाल सरकार : २०७१)
- भानुभक्त स्वर्णपदक (नेपाल सरकार : २०७१)

• भारती खरेल पुरस्कार (२०७३)
• चन्द्रबहादुर गुरुङ पुरस्कार (२०७५)
(२०७५ सालदेखि नेपाली भाषासाहित्यका कुनै पनि पुरस्कार ग्रहण नगर्ने निर्णय)

**बडापत्र**
• चाँदनी शाह (२०४३)
• चाँदनी शाह (२०४४)

**संस्थापक तथा सदस्यसचिव**
• नइ प्रकाशन (२०५२)
• त्रिमूर्ति निकेतन (२०५९)
• वानीरा फाउन्डेसन (२०७६)

**भ्रमण**
• १४ अञ्चलका ६१ जिल्ला
• भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, दक्षिण कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**
• पञ्चायत रजत जयन्ती महोत्सव (पञ्च पुस्तकालय : २०४३)
• अरुणा लामा स्वर्णिम साँझ (२०५०)
• बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
• डा.माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि (२०६०)
• देवकोटा शताब्दी महोत्सव (२०६५)
• अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
• विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
• भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
• डा.वानीरा गिरिलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि (२०७१)
• डा.सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि (२०७४)
• प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि (२०७७) आदि ।

**कृति**

**जीवनी**

१. अठतिस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)

३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्वनारी रत्न : वानीरा गिरि (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. विद्रोही प्राज्ञ : प्रेमा शाह (२०७५)
२४. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२५. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२६. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२७. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)
२८. मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म (२०७९)
२९. भारतीय नेपाली प्राज्ञ : राजनारायण प्रधान (२०८०)
३०. गणेशकवि श्यामदास वैष्णव (२०८१)
31. A biography of Parijat (Translation by Shampo Lama : 2003)
32. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
33. A biography of Devkota (Translation by Anukritika : 2017)

34. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
35. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
36. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
37. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)
38. A biography of Prema Shah (Translation by Anu Raj Joshi : 2023)
३९. वाङ्मय शताब्दी पुरुष (नेवारी भाषा, अनुवादक– अणुराज जोशी : २०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)
10. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)

२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)

२. चाँदनी शाहका रचना (२०४३)

३. ज्ञानज्योति (२०४९)

४. अरुणा लामा : कथा र व्यथा (२०५०)

५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्वनारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)

२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)

४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)

५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)

६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)

८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)

९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)

१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)

११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)

१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)

१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)

१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)

१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)

१६. विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)

१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)

१८. वानीरा गिरिको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)
२४. देशभक्त राजनेता कीर्तिनिधि विष्ट (२०८१)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**भीष्म प्रसाईसँगको सम्पादन**

1. Nepal-Spain Relations (1983)

**इन्द्र खत्रीसँगको सम्पादन**

1. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)
३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी (जीवनी)**

• देवकोटाको जीवनशैली (२०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)
३. हाँसीहाँसी जलिरहेँ (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसिडी : २०५८)

**फुटकर**

आठ सयजति फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका कृति**

- **प्रा.डा.वासुदेव त्रिपाठी**

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)

२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- **इन्दिरा प्रसाई**

३. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

- **प्रा.राजेन्द्र सुवेदी**

४. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- **प्रा.डा.वीणा पौड्याल**

५. नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी (सम्पादन : २०७९)

- **प्रा.डा.सावित्री कक्षपती**

६. नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि : ललितत्रिपुरसुन्दरी (२०८१)

- **नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बाराकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)

२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)

nai.com.np
nai.com.np@gmail.com



नरेन्द्रराज प्रसाई

cgj/t ¿kdf sljL g sljL n]v/xg]/ pT;s alg/xg]g/]Gb|/fh k|;fO{sf] afgLdf dxfslj nIdLk|;fb b]jsf]6fsf sljL ug dg] kfPsf]5 . l;uf/L vh]/ JolSttj b;f{pg hdsf{ugx]¿sf nflu g/]Gb|/fh k|;fO{nfO{clgi6lj/f]wL JolSttj dfGg ;lsG5 .xf/ gvfO{ sfddf cul;/ e0/xg]hfu¿stf k|;fO{df kfOG5 . Psn]csf{sf] lgGbf u/L cfkmhfO{k|tli7t egfpg vf]hg]sdf/fjfbL bf;x¿sf aLrdf g/]Gb|/fh k|;fO{sf lqmofsnfkn] gl;xt lbP´ðnfU5 .

● गणेशकवि श्यामदास वैष्णव

Zofdbf; j}0fj gk|fnL ;flxTosf vDaf lyP . pgnfO{ b]jb't eG5 d . pg}sf sf/0f;d{t hf]8Pkl5 b]jsf]6fnfO{dxfslj aGg ;xh eof]. l;l4r/0f >]i7nfO{ouslj sf]k|tfjgf ug]{g}j}0fj lyP . ljho dNn / uf]ljGb uf]7fnfnfO{psf:gx{t j}0fjn] Hofg} ;Dk]sf lyP . j}0fjn]g}kfl/hftbl]v jfgL/f lu/L;DdnfO{p7fpg] sfd u/]sf lyP . j}0fjn]ss;sf nflu s]s]u/]gg\< t/ pgsf nflu g0afx]s ss;n] s]s] u/]< j}0fj afr]sf avt klg pgnfO{g/]Gb|/fh k|;fO{n]oy]6 d4t u/] To;kl5 klg j}0fjsf] hLjgL n]v] csf{dxfg\ sfd ug{k|;fO{ g}xg\. k|;fO{n] w]/} ;l6f arfpg] sfd u/]. ;fRr} eGgkbf{g/]Gb|/fh k|;fO{ gk|fnL ;flxTosf ouk?if xg\.

● पुष्कर लोहनी

dxfslj nIdLk|;fb b]jsf]6f / gf6Ø;dl6\afns[0f ;d;u d/f aafsf]3lgi7 ;DaGw lyof] eGg] dg]aafaf6 ;g]sf]lyP . dg] bVbf aafsf]kfoM bl]gsh;f] cfjthfjt g0ukdf xg] uYof]{. aafsf cGt/ªu s/f gOnfO{w]/}yfxf lyof]/ aafsf]hLjgsf] pQ/fw{df bSv / ;Sv kf]Yg]7fp klg g0uk g}lyof]. aaf;usf] nfdf] ;fxrok]l5 g/]Gb|/fh k|;fO{af6 d/f aafsf]hLjgL n]vbf To;leqsf zAbzAbdf dg]aafnfO{bVg kfPsf]5 .

● प्रदीपकुमार वैष्णव

ISBN 978-9937-786-19-5
9 789937 786195